# नेवा: संस्कार र त्यसका विधि



प्रकाशकः
दया फाउण्डेशन, छाउनी, काठमाण्डौं



**प्रथम संस्करण:**
ने.सं. ११११९ (वैशाख २०५६)

**द्वितीय संस्करण:**
ने.सं. ११३४ (२०७१ गुरु पूर्णिमा)

**तृतीय संस्करण (नेपाली र अंग्रजी भाषामा अनुवादित):**
ने.सं. ११४४ (जेष्ठ २०८१)

**सर्वाधिकार:**
दया फाउण्डेशन, छाउनी, काठमाण्डौं

**मुद्रक:**
प्रिन्ट कम्युनीकेसन्स प्रा.लि.

# नेवा: संस्कार र त्यसका विधि

प्रकाशक:
दया फाउण्डेशन, छाउनी, काठमाण्डौं

**दया फाउण्डेशन अस्वीकरण**

दया फाउण्डेशनका तीन मूलभूत उद्देश्यहरु शिक्षा, स्वास्थ्य र संस्कृति रहेको हुँदा नेवाः संस्कृतिको प्रबर्दनको लागी स्व. बलदेव जुजुद्वारा नेवाः भाषामा लिखित पुस्तक "नेवाः संस्कार व उकिया विधि" को नेपाली र अङ्ग्रेजी भाषामा उल्था गरी प्रकाशन गरेका छौं। यस पुस्तक नेपाल भाषामा लिखित पुस्तकको हुबहु उल्था भएको हुँदा यसमा उल्लेखित शब्द, भाषा, संस्कार र विधि आदिमा कुनै विवाद उत्पन्न भएमा दया फाउण्डेशन जवाफदेही हुने छैन।

यस पुस्तकको सामग्री केवल शैक्षिक र सांस्कृतिक उद्देश्यका लागि हो। जानकारीको शुद्धता र सम्पूर्णता सुनिश्चित गर्न हरेक प्रयास गरिएको छ, तापनि विभिन्न नेवार समुदायहरू र क्षेत्रहरूमा संस्कार र चलनहरूमा भिन्नता हुन सक्छ भन्ने कुरा पाठकहरूले जान्नु आवश्यक छ। प्रस्तुत गरिएको व्याख्या र स्पष्टीकरण परम्परागत अभ्यास र शैक्षिक अनुसन्धानमा आधारित छ तर यसलाई अन्तिम वा निर्देशात्मक मानिनु हुँदैन।

लेखक र प्रकाशक कुनै पनि भिन्न व्याख्या वा अन्तरका लागि उत्तरदायी हुने छैनन्। पाठकहरूले व्यक्तिगत सल्लाहको लागि स्थानिय विज्ञ वा समुदायका सदस्यहरूबाट मार्गदर्शन लिनु पर्छ। पुस्तकमा व्यक्त गरिएको विचारहरू लेखकका हुन् र प्रकाशनमा संलग्न अन्य कुनै पनि व्यक्ति वा संस्थाका आधिकारिक धारणाहरूलाई प्रतिबिम्बित नगर्न सक्छन्।

# मनका कुरा

आजकल नेपालमा पश्चिमी हावा लागेर नेपालीहरूको आफ्नो पहिचान नै हराउँदै गइरहेको छ । यही अवस्था भइरह्यो भने एक दिन यस्तो हुन सक्छ कि नेपालीहरूको आफ्नो मौलिकता नै छैन रहेछ, संसारमा उनीहरूको विशेष खालको स्थान रहेको छैन भनेर सबैले महसुस गर्छन् । यस्तो नहोला भन्न सकिन्न, त्यसैले नेपालीहरूमा निकै चिन्ताको विषय हुन सक्छ ।

साँच्चै भन्ने हो भने अन्तर्राष्ट्रिय जगत्मा नेपालको मौलिक संस्कृति देखाउनु पऱ्यो भने अहिलेसम्म पनि नेवारहरूको संस्कृति नै देखाएर नाक राखिएको छ । त्यसैले नेवार संस्कृतिमा गर्नुपर्ने सांस्कृतिक काम जति पनि छन्, त्यसको महत्त्व र त्यसमा लुकेका दार्शनिक विचारहरू नेवारहरूले त झन् थाहा पाउन जरुरी नै छ, साथै गैर- नेवारहरूले पनि देशको नाक राखी राखेकोले केही पनि वैरभाव नराखी नेवार संस्कृतिको मौलिकतालाई संरक्षण गर्न सहयोग गर्नुपर्ने हुन्छ, किनभने संसारमा सांस्कृतिक दृष्टिकोणले देशलाई पहिचान बनाई राख्ने हो भने नेवार संस्कृतिलाई अगाडि नराखी सम्भावना नै छैन ।

यही कुराको सन्दर्भलाई लिएर जन्मदेखि बूढेसकालसम्म गर्नुपर्ने संस्कारको कर्मलाई अध्ययन गरेर त्यसमा कस्तो दार्शनिक सिद्धान्त समावेश भएको छ भन्ने कुरा सबैको अगाडि प्रस्तुत गर्नुका साथै आजकलको व्यस्त जीवनलाई सुहाउँदो खालको र त्यसको अभिप्राय नबिग्रने गरी सजिलो गर्दै लाने अति आवश्यक भएको महसुस गर्दै नेवारहरूले गर्दै आएको संस्कारको आवश्यक विधिहरूको आवश्यकताअनुसार सजिलो गर्ने हेतुले यो “नेवाः संस्कार व उकिया विधि” नाम गरी किताब लेखियो । यसमा नेवारहरूले गर्दै आइरहेको संस्कारले जीवनमा हुने महत्त्व देखाउँदै विधिको अभिप्राय पनि प्रस्तुत गर्ने प्रयास गरेको छु । अनि कुन संस्कारको के सामग्री तयार गर्नुपर्ने हो, त्यसको पनि विषयसूची राखी काम पूरा गरेको छु । यसले गर्दा नेवार संस्कृति जान्ने पुरोहित नभए पनि थकालिले नै विधि पूरा गर्नसक्ने हुन्छ । त्यसैले यो पुस्तक काम लाग्ने हुन्छ भन्ने मनमा लिएको छु ।

विशेष गरेर काठमाडौं खाल्डोभन्दा टाढा बसेका नेवारहरूको त पुरोहित नभएर काम नै गर्न नसक्ने, त्यहाँ भएका ब्राम्हणहरू आफ्नो संस्कृतिअनुसार काम गर्न

परम्परा नमिलेर संस्कृतिको रूपमा काम नमिल्ने भएकोले काम लिन सकिने हुन्छ। त्यस्ता नेवारहरूको लागि यो किताब अति उपयुक्त हुन्छ भन्ने आशा लिएको छु । आफ्नो संस्कृतिको आवश्यकता अनुरूप सही तरिकाले पुरोहित नभए पनि थकालिले नै आफ्नो संस्कृतिको काम कुरो गर्ने अवश्य राम्रो हुन्छ ।

यो पुस्तक प्रकाशन गर्ने जिम्मेवारी वैदिक प्रतिष्ठानका साथीहरूले लिएर ठूलो गुण गरेको महसुस मैले गरेको छु, म अध्यक्ष भएको 'वैदिक प्रतिष्ठान'लाई पुस्तक प्रकाशन गर्ने जिम्मेवारी दिन पाउँदा म साह्रै हर्षित छु । त्यसैले वैदिक प्रतिष्ठानका साथीहरूलाई धेरै-धेरै धन्यवाद छ। यो पुस्तक प्रकाशन गर्नका लागि आर्थिक सहयोग गर्नुहुने प्रतिष्ठानका सदस्य महेश्वर जुजुलाई भित्री मनदेखि नै शुभकामना पनि दिन चाहन्छु। अनि मलाई भेट्नेबित्तिकै पुस्तकका बारे 'के छ ?' भनेर सधैँ जिज्ञासा एवं चिन्ता लिइरहने साथै आवश्यक कुरामा सधैँ प्रेरणा दिइरहने हितचिन्तक सहयोगी श्रद्धेय डा. कमलप्रकाश मल्लज्यूले यो पुस्तकको लागि भूमिका लेखेर पुस्तकका बारे आफ्नो अमूल्य विचार राखी यस पुस्तकको गरिमा अझ बढाइ दिनुभयो। यस सहयोगका लागि सधैँ कृतज्ञ भई धन्यवाद दिन चाहन्छु । मेरा भाइ जीवन राजोपाध्यायले मेरो साथी सुरेन्द्रमान श्रेष्ठका प्रत्येक पुस्तकमा कभरपेज डिजाइन बनाई चित्तबुझ्दो हुने गरी पूरा सहयोग गरेको कुरा ऋणसरह तिर्नै नसकिने सम्झेको छु। त्यसैले भाइ जीवन राजोपाध्यायलाई ममताले ओतप्रोत भएर धन्यवाद दिन चाहन्छु । अन्तिममा मलाई सधैँ नेवार संस्कृतिका बारे कोटचाई-कोटचाई घचघच्याइरहनेहरू हितचितक साथीहरूलाई भित्री मनदेखि धन्यवादको धारो बगाइरहेको छु ।

धन्यवाद ।

**लेखक**

**बलदेव जुजु**



स्व. शाम्भवानन्द राजोपाध्याय




स्व. अमरवाणी राजोपाध्याय

पञ्चतत्त्वको शरीर छोडे पनि देवता भएर मेरो परिवारलाई आशीर्वाद दिएर माया गरि रहनुभएका हाम्रा बुवा शाम्भवानन्द राजोपाध्याय र मुमा अमरवाणी देवीलाई यो प्रयास अर्पण गर्दैछु ।

**बलदेव जुजु**

नेवाः संस्कृतिका सम्मान गर्न लायक आफ्नै पवित्र परम्परा 'आगंप्रथा' का प्रसिद्ध काठमाडौंका गुरुबुवा र गुरुआमा



**स्व. विश्वम्भरराज राजोपाध्याय (कूल चुडामणि) र**
**स्व. कुललक्ष्मीदेवी राजोपाध्याय, थाहिति**

श्रीमान्-श्रीमती दुवैजना नेवार संस्कृतिका मर्मज्ञ धार्मिक प्रकृतिका आगम गुरु र गुरुआमा हुनुहुन्छ। परम्परा अँगालेर मात्र आफ्नो किसिमले मात्र सधैं बाँची रहन सकिन्छ भनेर काठमाडौंको धेरै आगमघरका सबै कर्मकाण्ड चलाएर आफ्नो नरचोला समाप्त गर्नुभएको सम्झनामा यो पुस्तक प्रकाशन गर्न आवश्य आर्थिक भार लिएर पितृमातृ ऋणबाट मुक्त भएको भए, शान्ति होस्, परिवारका तर्फबाट एक अञ्जुलि श्रद्धाको फूल अर्पण गरें। यो पुस्तक बिक्री गरेर आउने रकम सबै वैदिक प्रतिष्ठानलाई नै हस्तान्तरण गर्दछु।

छोरा महेश्वर जुजु राजोपाध्याय थँहिति

# बलदेव जुजुको प्रयास मेरो मनका कुरा

वैदिक प्रतिष्ठानका अध्यक्ष बलदेव जुजुले लेख्नुभएको पुस्तक ‘नेवाः संस्कार व उकिया विधि’ एउटा प्रशंसनीय प्रयास हो। यस पुस्तकमा दुई पक्ष छन्, व्यावहारिक र दार्शनिक। व्यावहारिक पक्ष नेवारहरूले के-के संस्कार कसरी गर्नुपर्छ, त्यसमा के-के सामान चाहिन्छ भन्ने कुराको सबै नै क्रमिक रूपमा दिइएको देखिन्छ। त्यसरी नै दार्शनिक पक्षमा विभिन्न संस्कार नेवारहरूले किन गर्नुपर्ने, त्यसको अर्थ के हो, अनि विशेष रूपमा नेवार संस्कृतिको ‘मौलिकता’ केमा छ आदि कुरा प्रष्ट्याउने काम बलदेव जुजुले गर्नुभएको छ।

बलदेव जुजु नेवार संस्कृतिका मर्मज्ञ हुनुहुन्छ। उहाँले ‘नेवाः संस्कृति र नेवाः दर्शन’ (ने.सं.१११५) श्रीमान् सरेन्द्रमान श्रेष्ठसँग मिलेर लेख्नुभएको ‘नेपाःया तान्त्रिक द्यः व तान्त्रिक पूजा’ र ‘कान्तिपुर’ (ने.सं.११०८) आदि पुस्तकमा प्रष्ट रूपमा नेवार समाज, धर्मसंस्कृति र दर्शनको व्याख्या एवं विश्लेषण गरेर आफ्नो विद्वता र तीक्ष्ण विश्लेषण शक्तिको उदाहरण दिनुभएको छ। एकातिर हाम्रो नेवार समाजमा कर्मकाण्डी पुरोहितहरू बाँकी रहेको छ भने अर्कातिर संस्कृत र संस्कृतिको मर्मज्ञ र पेशागत दक्षता भए पनि संस्कृत भाषा र संस्कृतिको ज्ञान झन्-झन् खस्किँदै गएको छ। श्लोक एउटा नै शुद्ध पाठ गर्न नजान्ने द्यःभाजु, आफूहरूले पाठ गरेको श्लोकको अर्थ भन्नै नसक्ने शैवशक्ति तान्त्रिक आचाजु र ज्योतिषशास्त्रका ‘ज’सम्म पनि नपढेका जोशीहरूले सञ्चालन गरिराखेको हाम्रो संस्कृति र संस्कारको अवस्था खस्कँदै जाने भन्ने अस्वाभाविक होइन। यस्तो सङ्कट र सङ्क्रमणको बेला जाज्वल्यमान् प्रकाश हो, बलदेव जुजु – उहाँ एउटा चम्किलो र शीतल बत्ती हुनुहुन्छ। उहाँसँग भाषाको आवश्यक ज्ञान मात्र होइन, विषयलाई हेर्ने दृष्टिकोण, अभिरुचि र क्रमबद्ध तरिकाले लेख्ने शैली पनि रहेको छ।

बलदेव जुजुले लेख्नुभएको पुस्तकमा नेवार समाजमा (हिन्दु, शैवमार्गी) प्रचलित संस्कारको वर्णन र विश्लेषण भएको छ। यहाँ अन्त्येष्टिलाई समावेश गरिएको छैन। नामकरणदेखि शुरु गरी बूढा-बूढी पास्नी (ज्याःजंक्व) कर्मसम्म स्पष्ट बुझिने गरी यस पुस्तकमा समावेश गरिएको छ। हामीकहाँ धेरैजसो संस्कार विधिको पुस्तकमा ‘दशकर्म’ अथवा ‘त्रयोदश’ संस्कार (हेर्नुहोस् - अमृतानन्दकृत Nepalese Buddhist Rituals) भन्ने चलन देखिन्छ। हाम्रा पुर्खाहरूले यो संस्कार

विकृत र क्रमहीन नहोस् भनेर सयौँ 'विधि', 'पद्धति' र 'संस्कार' विधिलाई लिपिबद्ध गरी राखेका देखिन्छ ।

यहाँ नेपाल मण्डलमा मूलतः कान्यकुब्जी, मैथिली, ड्रविड र पौरस्त्य परम्पराको हिन्दु संस्कारको प्रभाव देखिन्छ । त्यसमा पनि समय, स्थान र जात, पेशाअनुसार अलि-अलि फरक देखिन्छ ।

हुन त नेपाल मण्डलमा लिच्छवि युगमै राजाहरूले श्रुति-स्मृति, धर्मशास्त्र र पुराणका कट्टर अनुरूपमा चित्रण गर्ने कोशिस गरिएको छ । मानदेव प्रथम, अंशुवर्मा वा शिवदेव द्वितीय आदि राजा, सामन्तीहरूले आर्य मर्यादाका प्रतिपाल भनेर गर्व गर्ने पनि अर्को होइन होला, तर लिच्छवि युगको अवसान भएपछि जयस्थिति मल्लको उदय नभएसम्म अँध्यारो युग पनि ईस्वी सन् ८७९ देखि सन् १३५४ को पुग-नपुग पाँचसय वर्षजति सामन्त शासक र पुरोहित वर्गले नेवार समाजलाई धेरैभन्दा धेरै हिन्दुकरण गर्ने नै कोशिस गरेको देखिन्छ । यो कुरा राष्ट्रिय अभिलेखालयमा दशकर्म पद्धति एवं दशक्रिया विधि शीर्षक भएको हस्तलिखित ग्रन्थको समय र विवरण केलाएर हेर्‍यो भने स्पष्ट हुन्छ । केही नभए पनि ने.सं.२९६ देखि दशकर्म पद्धति पनि भएको ग्रन्थ प्रचलित भएको प्रष्ट बुझिन्छ ।

राजनीतिक अस्थिरता, बारम्बार बाहिरी आक्रमण, आन्तरिक र पारिवारिक कलहलाई थाती राखेर जयस्थिति मल्लले शक्ति आफ्नो हातमा लिई एउटा कोट्याहुति यज्ञ गरी ने.सं.५१५ माघ शुक्ल १९ का दिनसामाजिक सुधारपछि नेवार समाजमा अहिलेसम्म पनि प्रचलित भइरहेको संस्कारको जग राख्ने काम भएको १९ औं शताब्दीमा लिखित भाषावंशावलीका विभिन्न विवरणबाट प्रष्ट हुन्छ । काठमाडौँमा महीन्द्र मल्ल र पाटनमा सिद्धिनरसिंह मल्ल, विष्णु मल्लका पालोमा यो प्रबन्ध र व्यवस्थामा परिवर्तन ल्याइएको बुझिन्छ ।

बलदेव जुजुले यस पुस्तकमा व्यावहारिकता जति प्रोत्साहन दिनुभएको छ, त्यति नै संस्कारको दार्शनिक धारमा वैचारिक पक्षलाई पनि दिनुभएको छ । तर उहाँले नेवार समाजमा यो सबै संस्कार कहाँबाट आयो ? कसरी आयो ? अथवा कहिले आयो ? अनि भारतीय कट्टर हिन्दुवादी (वैदिक सनातन, पौराणिक अथवा तान्त्रिक शैवशक्ति) संस्कार हेर्दा नेवार संस्कार कहाँ एवं कति कता फरक छ, त्यस्तै तागाधारी खस समुदाय र नेवारहरूको संस्कारमा के-के कहाँ-कहाँ कसरी फरक छ भन्ने पनि देखाउनुभएको भए यो पुस्तक अझ अमूल्य हुने थियो होला, ऐतिहासिक र तुलनात्मक अध्ययन गर्न पनि सहयोग पुग्न सक्ला । कमलाकर

भट्टद्वारा सङ्ग्रहित 'निर्णयसिन्धु' (सन् १६१०-४०) अथवा हामीकहाँ सङ्कलन गरिएको 'सत्कर्मरत्नावली' (गीर्वाणयुद्ध विक्रम) अथवा पं दधिराम मरासिनीको 'कर्मकाण्डभास्कर'सँग नेवार संस्कार के मिल्छ, के मिल्दैन भनेर तुलना गरेर हेऱ्यो भने नेवार समाज संस्कार र संस्कृति मात्र होइन नेवार समाजको वैचारिक धरातल भेटाउने मैले महसुस गरेको छु । किनभने संस्कारको आधार नै विचार वा विश्वास हो । नेवार सामाजिक संगठनलाई आधुनिक समाजशास्त्र र मानवशास्त्रहरूले हिन्दु वर्णाश्रम व्यवस्थाको आदर्शको अपुरो र अन्धानुकरण मान्ने गरेको पाइन्छ । किनकि फ्रान्सका विख्यात् समाजशास्त्री लुइध्यूमोनले भनेका छन् The Newar Caste in an imperfect imitation of the classical Indian varna model । बलदेव जुजुले यस पुस्तकमा वर्णन गर्नुभएको संस्कारहरूमध्ये बेल बिवाह (इहि), बाह्रगुफा राख्ने (बाह्रा तय्गु) र बूढो पास्नी (ज्याःजंक्व) तागाधारी खसहरूले कही पनि गर्दैनन् । बेल बिवाहजस्तै मेल खाने Mock Marriage दक्षिण भारतमा प्रचलित भएको देखिन्छ । स्थितिराज मल्लको अमात्य जयवर्द्धनलाई माणिक्यवर्द्धन बनाएको नारदस्मृति (नेपाल संवत् ५००) को एक प्रतिमा दुईवटा श्लोक आएको छ । यो श्लोक नारद स्मृतिको व्यवहारपदको १२ औं अध्याय वा 'स्त्रीपुसंयोग'को साविक श्लोक २८ पछि नेपालमा लेखिएको मात्र दुईवटा श्लोक बढी भएको देखिन्छ ।

**व्यञ्जनैस्तु समुत्पन्नैः सोमो भुञ्जेत योषितः ।**
**पयोधरैस्तु गन्धर्वो रजस्यग्निः प्रकीर्तितः ।।**
**तस्मादव्यञ्जनोपेतामरजामपयोधराम् ।**
**अभुक्तपूर्वा सोमाद्यैर्दद्याद् दुहितरं पिता ।।**

## यो दुईवटै श्लोकको अर्थ हो –

स्त्रीको अङ्ग स्तनमा गन्धर्वले भोग गर्छ, अग्नि उनको रजमा बस्छ, त्यसैले केटीको बुबाले यसअघि नै (स्तन पलाउन र रजस्वला हुनअगाडि) आफ्ना छोरीलाई बिवाह गरिदिनुपर्छ ।

यी दुवै श्लोक हिन्दु धर्मशास्त्र ग्रन्थको मूल गोभिलपुत्रको गुह्यसूत्र सङ्ग्रहको परिशिष्ट नामको ग्रन्थको परिच्छेद २ को श्लोक १९ र २० हो । वास्तवमा नेवार समाजमा आएर दक्षिण भारतको नायर ब्राम्हण समाजमा बेल बिवाह (इहि) गर्ने संस्कारको आधारभूत वैचारिक धरातल (Ideological Foundation) नै देखिन्छ । (Female Sexuality) अथवा केटी बच्चाको जीवनमा तरुनावस्था डरलाग्दो अवस्था हो । त्यसको निराकरण पहिल्यै कन्यादान (केटीबच्चा देवतालाई हस्तान्तरण, सुवर्णकुमार वा विष्णु नारायणरूपी ज्वाइँलाई) अथवा रजस्वला हुनासाथ वा हुन अगाडि १२ दिन थुनेपछि सूर्यलाई प्रतीकात्मक रूपमा हस्तान्तरण गरेर हुन्छ कि, यो खतरा, यो अँध्यारो, निवारण गर्नलाई गरिने नै बेल बिवाह (इहि) अथवा गुफा (बाह्रा) राख्ने वैचारिक आधार देखिन्छ । यहाँ नारद स्मृतिको पाठ र दक्षिण भारतको पाठ पनि मिल्न आएको त्यसै होइन होला, नेवारहरू विभिन्न बेला विभिन्न रीति, संस्कृति, संस्कार, विभिन्न विश्वास लिएर नेपाल खाल्डोलाई आफ्नो वासस्थान मात्र होइन, कर्मभूमि बनाएर बस्नेहरूको समाज हो । त्यसैले यो समाजको थेरवाद परम्पराअनुसार प्रव्रज्या ग्रहण गर्ने शाक्यहरूको (बरे छुइगु) चूडाकर्म गर्ने चलन पनि छ । वज्रयानअनुसार वज्राभिषेक लिनेहरू पनि छन् । शैव-शाक्त तन्त्रअनुसार आचार्याभिषेक र 'दीक्षा' लिएर आचार्य हुने पनि छन् । कापालिक कौल मतअनुसार, जोगी दीक्षा लिनेहरू पनि छन् । डमरु बजाएर जोगी हुने भेषधारी, दर्शनधारी हुने पनि छन् । बलदेव जुजुले त्यसमा एक ठाउँमा प्रष्ट रूपमा भन्नु भएको पनि छ –

**समाजमा पहिलादेखि चल्दै आएको चलन भनेर अर्थ नबुझेपनि करकपले भएपनि औपचारिकता मात्र पूरा गर्ने यस्तो संस्कृतिको कामकुरोलाई मानेर काम गरि राख्ने भन्दा त्यसको अभिप्राय बुझेर त्यस प्रकारको काम गऱ्यो भने उपलव्धी पनि अवश्य नै राम्रो हुन्छ ।**

यस्तो भए पनि कुनै संस्कारको कारण उद्देश्य अभिप्राय अथवा दार्शनिक, ऐतिहासिक, सामाजिक पृष्ठभूमि त्यतिकै स्पष्ट र विवादमुक्त नहुन पनि सक्छ । अहिले हाम्रो समाजमा व्रतबन्ध जुनसकै संस्कार भए पनि 'विद्यारम्भ' र 'वेदारम्भ' कहीँ देखा नपरिसक्यो । न विद्याको कुनै पाठ, न वेदको केही अंश सिकाउने नै गरेको । मलाई राम्रोसँग याद छ – ५० वर्ष अगाडि मेरो व्रतबन्ध गर्दा पाटनका मेरा गुरुले मलाई गायत्री मन्त्र कानमा सुनाउनुभएको – ॐ तत्पुरुषाय विद्महे ॥ महादेवाय धीमही ॥ तन्नो रुद्रः प्रचोदयात् ..... अस्त्राय फट् आदि ।

म अलि जान्ने भएर "यो गायत्री मन्त्रको अर्थ के, गुरु ?" भनेर सोधेको, एकदम कडा स्वरमा गायत्री मन्त्रको पनि अर्थ हुन्छ भनेर गुरुले हप्काउनु भयो । ईशापूर्व ८००-४०० को भित्र हाम्रा ऋषिमुनिहरूले गृहस्थी आर्यजनका हितमा सङ्ग्रह गरेको गुह्यसूत्र, त्यसपछिको स्मृति, पुराण, विधि र पद्धतिको कुनै दार्शनिक र वैचारिक पृष्ठभूमि अवश्य होला । यसको अस्थिपञ्जर मात्रै नेवार समाजमा बाँकी रहेको देखिन्छ । आत्मा त पहिला नै नभई सक्यो । भारतीय उपमहाद्वीपमा मुसलमान भित्रियो, त्यसपछि फिरङ्गीहरू, उनीहरूको एक हजारवर्षभन्दा बढी शासनपछि यो संस्कारलाई रुढीवादी परम्पराको अन्धानुकरणको रूप मात्र यहाँका मान्छेहरूले जीवित राखेको छ । यसको वैचारिक दार्शनकि पक्ष टुक्रिँदै गयो ।

नेपाल खाल्डोमा गोर्खालीहरूको प्रभुत्व बढ्दै गएपछि नेवारहरूले आफ्नो गुठीगाना, चाडपर्व, रीतिरिवाज धान्न गाह्रो हुन थाल्यो । उनीहरूको आम्दानीका श्रोत, घरखेत, जागिर एउटा-एउटा गरेर शासक वर्गले हडपेर लिए । उनीहरू विस्तारै सुकुलगुण्डाको स्थितिमा पुग्यो । कतिले त उपत्यका छाडेर जुम्लादेखि तेह्रथुमसम्म भाग्नुपऱ्यो, कति त विलिन नै भए । सन् १८३२ सम्म पुग्दा (अर्थात् पृथ्वीनारायण शाहको परिवार थरघर र सेना उपत्यकामा बसोवास गर्न आएको ५२ वर्ष पछि) नेवारहरूले आफ्नो सामाजिक, आर्थिक दुरावस्था कहाँ पुग्यो भन्ने महसुस गरेर भीमसेन थापाको कृपाले गरेको एउटा सामाजिक सुधारले स्पष्ट देखाएको छ (हेर्नुहोस् – चित्तरञ्जन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौं : नेपाल संस्कृति संघ, २०१३ चैत्र, २२२-३२७ "नेवार जातिको रीतिमा सुधारवादी कदम") । विश्वयुद्धपछि झन् बजारभाउ वृद्धि भई सन् १९३४ मा पनि यस्तै 'इस्तिहार' प्रकाशन गरेर नेवारहरूको विधि-व्यवहारमा परिवर्तन आएको प्रमाण देखिन्छ । यसरी नै पञ्चायत कालमा पनि 'सामाजिक सुधार ऐन, २०३३' ल्याई मूलतः यहाँका, उपत्यकाका 'अभिजात' वर्गको व्यवहारलाई नै बाँड्ने कोशिस गरिएको हो ।

अवश्य पनि समाज अपरिवर्तनशील र अगतिशील निकाय होइन । समाज, जनसङ्ख्याको बनोट र अर्थतन्त्र तीनवटैले संस्कृति र संस्कारलाई परिवर्तन गर्न बाध्य गर्छ । उपत्यकाको सामाजिक संरचनामा परिवर्तन ल्याउने चाल पाई-नपाई त्यसबेला हुन गयो, जुनबेला यहाँ आउनका लागि 'राहदानी' व्यवस्था खारेज गरियो, अर्थात् सन् १९५६ डिसेम्बर २३ तारिख आइतबारका दिन । अब नेवार संस्कार पनि बाहिरको अर्थतन्त्र र राजनीतिजस्तै बाहिर र बाहिरियाबाट प्रभावित भइरहेको छ । जस्तै सन् १९५० मा भारतसँग भएको 'मित्रता शान्तिको सन्धिी' पछि आज ५० वर्ष नपुग्दै हाम्रो अर्थतन्त्र ७८ प्रतिशत भारतीय बजारमा छ ।

जस्तो राजनीति, पुनर्बहाल भएको प्रजातन्त्र भारतमुखी हुँदै गएको छ, त्यसरी नै हाम्रो संस्कार, संस्कृति रीतिरिवाज दिनानुदिन भारतीकरण हुँदै गएको छ । यस सन्दर्भमा नेवारहरूलाई 'नेवार नै हुने' एउटा चुनौतीपूर्ण स्थिति आइपुगेको छ । केही नभए पनि नेवार शासक र पुरोहितहरूले संकल्प गर्दा आफूलाई भारतीय उपमहाद्वीपका वासिन्दा देखाई "जम्बुद्वीपे भरतखण्ड्' भनेर कुनै पनि धार्मिक कार्यमा गर्ने हुन सक्छ ।

बलदेव जुजुले आफ्नो पुस्तकमा नेवार संस्कारको व्यावहारिक पक्षमा स्पष्ट दृष्टि राख्नु भएको छ । 'बच्चालाई कर्म देखाउनु पर्छ', 'समाजमा प्रचलित रीत बिगार्न हुँदैन', 'आफन्त छरछिमेकीले भन्ला' भन्ने डर भएका हामी नेवारहरूले आजभन्दा २५०० वर्षअघिको विधि-विधानअनुसार सकी-नसकी, बुझे पनि, नबुझे पनि, जीवन यापन गर्न कोशिस गरिरहेका छौं । जान्ने बुझ्ने द्यःभाजु अथवा गुभाजु र जोशी हाम्रो समाजमा विलिन हुँदै गएको बेलामा बलदेव जुजुको पुस्तक एकदम स्तुत्य र अनुसरनीय छ । उहाँले क्रमिक रूपमा सलल बग्ने गरी सरल भाषामा आफ्ना कुरा र विचार पनि लोभलाग्दो तरिकाले यो पुस्तकमा लेख्नुभएको छ । हामी नेवार संस्कृति मन पराउनेहरू उहाँप्रति आभारी छौं । यो सानो पुस्तक हाम्रो समाजको लौरो हो, अगाडि बढ्न  बाटो हाम्रो हो । बलदेव जुजुलाई भित्री मनदेखि प्रणाम गर्छु ।

शिवरात्री - ११११९,
**कमलप्रकाश मल्ल**
हिजाखुसी, काठमाडौं ।

# प्रकाशकीय

**प्रथम संस्करण**

'नेवा: संस्कार व उकिया विधि' शीर्षक रहेको पुस्तक प्रकाशन गर्न पाउँदा हामी वैदिक प्रतिष्ठान साह्रै खुसी छौं । नेपाल देशलाई नै विश्वसामु पहिचान दिलाउने नै काठमाडौं उपत्यकाको कला, संस्कृति र सभ्यता हो । अनि उपत्यकाको संस्कृति भनेकै नेवार संस्कृति हो । अर्को भाषामा भन्ने हो भने नेपाल देशको मौलिकताले भरिपूर्ण संस्कृति भनेकै नेवार संस्कृति हो । यहाँ जति पनि विदेशी पाहुनाहरू घुम्नका लागि आउँछन्, उनीहरूले उपत्यकाको संस्कृति देखेर आश्चर्य मानेर नेवारहरूसँगै नेवारहरूको जीवनशैलीमा रहेर चाडपर्व रमाई-रमाई मनाएको पनि हामीले देख्न सक्छौं । यसको अर्थ यो होइन कि नेपालको अर्को क्षेत्र वा ठाउँमा विदेशीहरू जाँदै जाँदैनन् । प्राकृतिक दृष्टि र ऐतिहासिक महत्त्वअनुसार देशभरी नै विदेशी पाहुना गइरहेका छन् ।

हामी नेपालीहरू सबै एकजुट भएर आ-आफ्नो तरिकाले जीवित रहन नभई नहुने, आ-आफ्नै पहिचान भएको संस्कृतिलाई जीवित राख्न वैदिक प्रतिष्ठानको उद्देश्यअनुसार ग्रन्थ प्रकाशन गर्ने यो पहिलो प्रयास हो । वैदिक प्रतिष्ठानका अध्यक्षज्यूले स्वयं यस ज्ञानवर्द्धक पुस्तक प्रकाशन गर्ने काम वैदिक प्रतिष्ठानलाई हस्तान्तरण गर्नुभएकोले प्रतिष्ठान निकै गौरवान्वित महसुस गरिहेको छ । प्रकाशन गर्ने कार्यमा तीव्र रूपमा कार्य गर्न प्रतिष्ठानका सदस्यहरू महेश्वर जुजु राजोपाध्यायको संयोजकत्वमा सदस्य हरिशरण राजोपाध्याय र रविराज राजोपाध्याय रहेको समितिलाई सम्पूर्ण अधिकार दिए अनुसार कार्य गर्नुभएकोमा उच्च सम्मान गर्दै धन्यवाद दिन चाहन्छु । यस्तो साँस्कृतिक महत्त्वले भरिपूर्ण पुस्तक प्रकाशन गर्न मन फुकाएर आर्थिक सहयोग गर्नुहुने महेश्वर जुजु राजोपाध्यायको श्रद्धाभावलाई प्रतिष्ठानको काममा एकदम सराहनीय ठानेका छौं । दाताको आमाबुबालाई सधैं शान्ति होस् भन्ने कामना गर्दै धन्यवाद व्यक्त गर्दछौं । यस पुस्तकका लेखक नै प्रशिद्ध दार्शनिक हुनुहुन्छ, सँगै संस्कृतिको दर्शनलाई स्पष्ट गरेर जीवनदर्शन देखाउन प्रयास गर्नुभएकोले यो पुस्तक त्यति नै महत्त्वपूर्ण छ । भुलचुकलाई पन्छाई सद्भावलाई अँगाली वैदिक प्रतिष्ठानलाई उत्साहित गर्नुहुन्छ भन्ने भरोसा हामीले लिएका छौं ।

**वैदिक प्रतिष्ठान**

**द्वितीय संस्करण**

नेपाल संवत् ११११ (वि.सं. २०६८ बैशाख) यो बेला पहिलो प्रकाशन गरेको एक हजारप्रति सबै नै सक्यो । लेखक, आफू प्रतिष्ठानका अध्यक्ष बलदेव जुजुको चिनोको रूपमा राख्नुभएको एकप्रति पनि खोसेर लानेजस्तो लागेका कारण एउटै बाँकी रहेन । त्यसैले, दोस्रोपटक प्रतिष्ठानले यो पुस्तक प्रकाशित गरेको हो ।

यही संस्कार र मायाले नेवारहरू सबैजना रहन सफल भएको एउटा नमूना हो । संस्कारलाई माया गरेर नै यसरी यो पुस्तक लिनलाई आइरहे । पुस्तक सक्यो एउटै छैन भने पनि फोटोकपी भए पनि हुन्छ, बरु जति पैसा तिर्नुपरे पनि तिर्छु भने । यो भनेको नै आफ्नै किसिमको एउटा प्रेम हो ।

त्यसैले सबैलाई धन्यवाद । हामी सबै एक भएर रहूँ, संस्कृति नै हाम्रो पहिचान हो ।

**वैदिक प्रतिष्ठान**

*('नेवा संस्कार व उकिया विधि' पुस्तकको*
*नेपाल भाषा संस्करणको प्रथम तथा द्वितीय संस्करणको प्रकाशकीय)*

# दया फाउण्डेशनका सृजक



दिवंगत दयाराम भक्त माथेमा



दिवंगत कृष्णप्यारी माथेमा



दिवंगत ईन्द्रकला माथेमा

# यस संस्करणको प्रकाशकीय

सांस्कृतिक गतिविधिमा सहयोग गर्दै पिढियौँदेखि जीवनशैलीका रूपमा चलिआएको हाम्रा विविध संस्कृति र संस्कारका बारेमा सचेतना र शिक्षा दिने कार्यप्रति दया फाउण्डेशन प्रतिबद्ध छ । आजसम्म पनि सबैजसो नेवाः घरपरिवारमा मर्यादा र गौरवका साथ मानिँदै आएका परम्परा र संस्कारबारे लेखिएको यस पुस्तक प्रकाशमा ल्याउन पाउँदा हामी हर्षित छौँ । यी सबै संस्कारहरूले सौभाग्य बढाउने, नराम्रा कुराहरूलाई पन्छाउने तथा स्वास्थ्य, समृद्धि, दीर्घायु र व्यक्तिगत एवं पारिवारिक नाता र मायाममता बढाउने गर्दछ ।

प्रायः जब संस्कार-संस्कृति मानिन्छ र अर्का पुस्तालाई हस्तान्तरण गरिन्छ, त्यसलाई कुनै प्रश्नबिना नै अवलम्बन गरिन्छ, किनकि यो पारिवारिक सम्पदा र गौरवको कुरा हो जुन हाम्रा पुर्खाहरूले पिढियौँदेखि अभ्यास गर्दै आइरहेका छन् । नयाँ युवा पुस्ताहरूमा भने यस्ता संस्कारबारे अझ गहन रूपमा अर्थ र महत्त्व बुझ्ने अभिप्रेरणा पाइन्छ । यसले उनीहरूमा आफ्नो संस्कृतिप्रति थप उत्साहित र चाहे नेपालमा होस् वा विदेशमा, आफ्ना बालबच्चाहरूलाई संस्कृतिबारे बताउन सक्ने भएका छन् ।

हामी आभारी छौँ यस परिवारप्रति (लेखक बलदेव जुजुका परिवार) जसले यस ज्ञाननिधिलाई बृहत्तर समुदायमा फैलाउन दया फाउण्डेशनसँगको सहकार्य स्वीकार गर्नुभयो । हाम्रो आशा छ – यहाँहरूले हाम्रा पुराना सम्पदालाई माया गर्नुहुनेछ, परम्परागत मान्यतालाई आफ्नो जीवनअनुकूल मनाउन र जोड्न सक्नुहुनेछ तथा यस मौलिक एवं प्राचीन अभ्यासलाई कालान्तरमा लोपोन्मुख हुनबाट जोगाउनुहुनेछ ।

नेवाः संस्कृतिका पुस्तकहरूलाई नेपाली र अङ्ग्रेजी भाषामा अनुवाद गर्नु विभिन्न कारणहरूले आवश्यक छ । सर्वप्रथम, यसले नेवाः संस्कृतिको संरक्षण र बृहत्तर समुदायमा फैलन मद्दत गर्छ । नेवाः संस्कृति आफ्नो मौलिक भाषा, परम्परा, संस्कार र कलाका कारण समृद्ध र विविधतायुक्त छ । नेवाः संस्कृतिका पुस्तकको अनुवाद गर्नाले नेवाः समुदायभित्र र बाहिरका दुवैले सांस्कृतिक सम्पदाबारे ज्ञान पाउन सक्छन् ।

दोस्रो कुरा, नेवाः संस्कृतिबारे पुस्तकको अनुवादले भाषागत अप्ठ्यारालाई हटाउन सकिन्छ । नेपाल र विश्वभर क्रमशः नेपाली र अङ्ग्रेजी बृहत् रूपमा बोलिने र बुझिने भाषा हो । यस्ता अनुवादले यस विषयलाई नेपाल भाषा नजानेका पाठकसम्म पुऱ्याउँछ । यसबाट विभिन्न समुदायबीच सांस्कृतिक आदानप्रदान र समन्वयता प्रवर्द्धन गर्छ ।

अझ, नेवाः संस्कृतिका पुस्तकका अनुवादले संस्कृतिको अभिलेखीकरण र प्राज्ञिक अध्ययनमा योगदान पुऱ्याउँछ । यसबाट अनुसन्धाता, प्राज्ञ र विद्यार्थीहरूले नेवाः परम्परा, इतिहास, लोकवार्ता र संस्कृतिबारे बहुमूल्य सूचना र ज्ञान प्रदान गर्छ ।

अन्तमा, नेवाः संस्कृतिका पुस्तकको अनुवादको आर्थिक योगदान पनि छ । यसले पर्यटन र सांस्कृतिक आदानप्रदान प्रवर्द्धन गर्छ र नेवाः संस्कृतिका मौलिक पक्षहरूबारे अभिरुचि राख्ने पर्यटकहरूलाई आकर्षित गर्छ । यसबाट स्थानीय अर्थतन्त्रमा फाइदा पुग्छ भने सांस्कृतिक पर्यटन र सम्बन्धित उद्योगहरूलाई यथेष्ट सम्भावना प्रदान गर्छ ।

संक्षेपमा, नेपाली र अङ्ग्रेजी भाषामा नेवाः संस्कृतिबारे पुस्तकको अनुवादले नेवाः समुदायको समृद्ध सांस्कृतिक सम्पदालाई संरक्षण, प्रवर्द्धन र बृहत्तर समुदायमा यसलाई विस्तार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । यसबाट सांस्कृतिक समन्वयदेखि प्राज्ञिक अध्ययन/अनुसन्धान र आर्थिक विकासमा समेत टेवा पुग्दछ ।

यस फाउण्डेशनले तसर्थ नेपाल भाषाको यस विधियुक्त पुस्तकलाई नेपाली र अङ्ग्रेजीमा भाषानुवाद गर्ने निर्णय गरेको हो । यस अमूल्य सम्पदाका बारेमा ज्ञान पाउन, अभ्यास गर्न र विस्तार गर्न इच्छुक विभिन्न व्यक्ति र समूहलाई यस अनुवादले सहयोग गर्नेछ ।

Daya Foundation
दया फाउण्डेशन
For Education, Health & Culture
Estd. 2009

# दया फाउण्डेशनका संस्थापकको परिचय

दिवंगत दयारामभक्त माथेमा नेपाली समाजसेवी र व्यवसायी हुनुहुन्थ्यो । उहाँ मानवीय मूल्यप्रति समर्पित हुनुहुन्थ्यो ।

आफ्नो सार्वजनिक जीवन र व्यापार/व्यवसायमा श्री माथेमा शिक्षाको पहुँच, स्वास्थ्यक्षेत्रको सुधार र सांस्कृतिक सम्पदा संवर्द्धन र प्रवर्द्धनमा प्रयासरत रहनुभयो । समाजका सीमान्तकृत वर्गका लागि शिक्षा र स्वास्थ्यमा सहयोगका लागि तथा सांस्कृतिक सम्पदाको संवर्द्धनका लागि उहाँले पारिवारिक फाउण्डेशन गठन गर्ने इच्छा गर्नुभयो । उहाँको इच्छानुसार उहाँका परिवारले सन् २००९ मा गैर-सरकारी संस्थाका रूपमा दया फाउण्डेशन दर्ता गर्नुभयो । श्री माथेमाले दया फाउण्डेशनका कार्य सम्पादनका लागि कोष जम्मा गर्नुभएको थियो । यस फाउण्डेशन वृद्धिशील र दीर्घकालीन कार्यमा विश्वास गर्छौं र सहयोग प्रापकमा 'अधिकार मानसिकता' उत्तेजनाप्रति सजग छ । हाम्रा सहयोगबाट नियमन र मूल्याङ्कन गर्न मिल्ने नतिजा प्राप्ति सुनिश्चित गर्न हामी प्रणाली र संरचनालाई निरन्तर सुधार गर्दछौँ । सन् २००९ मा स्थापनासँगै यस फाउण्डेशनले विभिन्न अभियानहरू चलाउँदै थुप्रै जीवनमा प्रभाव पारेका छन् ।

फाउण्डेशन यो पुस्तक श्री माथेमाको प्रतिष्ठाप्रति र हामीसँग सहकार्य गर्ने सबैप्रति समर्पण गर्दछ । यस फाउण्डेशनका प्रयासहरूलाई विभिन्न तरिकाले सहयोग पुऱ्याउनुहुने बृहत्तर समुदायका सदस्यहरूप्रति हामी आभारी छौँ । यस १४ वर्षको अन्तरालमा फाउण्डेशनले समुदाय स्तरबाट प्राप्त गरेको सहयोग र सहकार्यले हामीलाई भविष्यतर्फ आशावादी हुने कारण दिएको छ ।

# दया फाउण्डेशनको संक्षिप्त परिचय

राम्रो समुदाय बनाउने एक व्यक्तिको सपनाले डोऱ्याएको अभियानले दया फाउण्डेशनको रूप लिएको हो । हामी श्री दयारामभक्त माथेमाको विचारको कदर गर्दछौँ, जसले हामीलाई समुदायको सेवा गर्ने प्रेरणा दिएको छ र हामी शैक्षिक, स्वास्थ्य र सांस्कृतिक अभियानहरूमा अर्थपूर्ण सहयोग गर्न प्रतिबद्ध छौँ । हामी सीमान्तकृत समुदायको जीवनस्तर उकास्न यस क्षेत्रमा कार्यरत संस्था र निकायहरूसँगको सहकार्यमा विश्वास गर्छौँ ।

हाम्रो प्रमुख कार्यसिद्धान्त अन्य गैर-सरकारी संस्था, विद्यालय, कलेज, युवा समूह, अस्पताल, स्वास्थ्य सेवा केन्द्र, पुनर्स्थापना केन्द्र र समुदाय/समूहसँगको सहकार्य हो । नयाँ-नयाँ विचारसहित नेपालीको जीवन उकास्न नेपालमा यस्ता निकायका सङ्ख्या बढेको छ । हाम्रो समुदायका लागि त्यस्ता विचार र योजनालाई कार्यान्वयन गर्ने ती संस्थाहरूलाई आवश्यक सहयोग गर्ने अवधारणाबाट हामी अघि बढेका छौँ । हामी आफ्ना संस्थापकको विचारअनुरूप कार्यरत दर्ता गरिएको गैर-सरकारी संस्था हौँ । हामी शिक्षा, स्वास्थ्य र संस्कृतिका क्षेत्रका विभिन्न आयोजनाहरूलाई आर्थिक, प्राविधिक र स्वयंसेवी सहयोग प्रदान गर्दछौँ । हामी दयारामभक्त माथेमाको पारिवारिक सहयोगमार्फत् कार्यरत छौँ ।

**मिसन**

सुदृढ समाजका लागि शिक्षा, स्वास्थ्यसेवा, संस्कृति र मानवीय सहयोगमार्फत् नेपाली समुदायको सशक्तिकरण

**भिजन**

नेपालमा विशेषतः सीमान्तकृत समुदायका लागि स्वास्थ्य र शिक्षा क्षेत्रमा सहयोग, अभिवृद्धि र सुधार गर्नु तथा नेपालको सांस्कृतिक सम्पदाबारे सचेतना ल्याउनु

# अनुवादकको परिचय



ललितपुरमा २०२६जेष्ठ शुक्ल एकादशीका अच्युत शर्मा राजोपाध्याय र मिथुना (उषाकुमारी) शर्मा राजोपाध्यायको कोखबाट जन्मभई २०४३ सालमा स्कूले जीवन सकाएर पाटन कलेजमा मानविको शास्त्रअध्ययन गरेर नृत्य क्षेत्रमा प्रवेश गरेर अभिनय क्षेत्रमा सक्रिय रह्यो त्यसपछि अभिनय भन्दापनि नृत्य क्षेत्रमै सक्रिय रहेर भारतको कथक र भरत नाट्यम नृत्यमा सिनियर डेप्लोमापनि सकाएर नेपालको परम्परागत शास्त्रिय चर्या नृत्यमा स्व अध्ययन गरियो र २०५१ साल देखि ललितपुरको प्रसिद्ध कार्तिक नाचमा संलग्नभए र हालसम्मनिरन्तर लागि रहेको र २०६४ सालमा आफ्नो जातीय समाजलाई एकत्रितगर्न राजोपाध्याय समाज स्थापनागर्न महा-सचिव जस्तो गरिमामय पद सम्होलर हाल अध्यक्षको जिम्मेवारी लिइ सहेको छ र नृत्य क्षेत्रमा लागेर देशमा मात्रै होइन विदेशमा जस्तै जापान, चीन, मलेशिया, थाइल्याण्ड, भुटान र भारतमा समेत नेपालको परम्परागत शास्त्रियचर्चा नृत्य प्रस्तुतगरियो र २०६३ सालमा तन्त्रबाट पनि दिक्षित भई ललितपुरको तलेजुमा २०६४ सालमा प्रवेश गरी सहायकपुजारी भएर निरन्तरतागरिरहेको छ बिभिन्न पत्रपत्रिकामा लेख प्रकाशन पनि गरिएकोछ ।

# अनुवादकको टिप्पणी

'नेवाः संस्कृति व उकि या विधि'नामक पुस्तक स्वर्गीय बलदेव जुजु ज्यूले लेख्नु भएको मैले नेपालीभाषामाउल्थागर्न पाउँदा सौह्र सुखि एंवगौरवको महसुस गरिरहेको छु ।

'नेवाः संस्कृति व उकि या विधि' पुस्तक नेपालभाषामा लेखिएको उक्त पुस्तकमाजन्मदेखि बुढा पास्नी (ज्याथःजकूँ) सम्मको पूजाविधि र त्यसको महत्व साथै उक्तकार्यको दार्शनिकतत्थ्य सहितको रहेकोले अति नै महत्व पूर्णि रहेको महसुस गरि दया फाउण्डेसनले सो पुस्तकमलाई उल्थागर्ने जिम्मेवारी दिनु भएकोमा धन्यवाद दिन चाहन्छु साथै यो कार्यको लागि पुलको भूमिका खेल्नु हुने विजयकसजूलाई पनि धेरै धेरै धन्यवाददिन चाहन्छु ।

यो पुस्तकउल्थागर्दा भाषागत रूपमाकथिनाई धेरै नै भएको महसुस भएको छ र यस्तो भएपनि यो कार्यले अब नेवार संस्कृति नेवाः समाजमामात्रै सिमित नरहीअब अरू समाजमापनिव्याप्तहुने विश्वास लिएको छु। यस्तो कार्य बेलाबखतमा गरि रहनु पर्ने जस्तो लाग्छ तर यसरी उल्थागर्दा धेरै कुरा मौलिकभाषा नै प्रयोग हुनआउने पनियहाँहरू समक्ष राख्न चाहन्छु जस्तै सिन्हःमू ज्वलान्हाय्कँ धौपति द्वाफोस्वाँ जस्ता शब्दहरू उल्थागर्न नमिल्ने र यस्को व्याख्यामात्र गरेर बुझाउनु पर्ने अवस्था रह्यो ।

यो पुस्तकमा हरेक कार्यहरूको विधि र महत्त्वएवं दार्शनिकपक्षको व्याख्याले नयाँ पुस्ताहरूले हाम्रो नेवार भाषानजान्ने नबुझ्नेहरूले पनिअब धेरैले बुझ्ने नेपाली खस भाषाको पढेर बुझ्छिन्छ र आफ्नो संस्कृतिको महत्त्व बुझ्छिन्छ अनिनयाँ पुस्ताले गर्नु पर्ने साँस्कृतिककार्यलाई निरन्तरतादिनेमाविश्वास गर्न सकिन्छ ।

**संजय शर्मा राजोपाध्याय**

# विषय सुचि

**१. जीवनमा संस्कारको महत्व** **१**

**२. नामकरण संस्कार** **२**

(क) नामकरण संस्कारको महत्व २

(ख) नामकरणको विधि ३

(ग) नामकरण विधिको अभिप्राय ५

**३. बच्चा पास्नी संस्कार (मचा जंक्व संस्कार)** **९**

(क) बच्चा पास्नी संस्कारको महत्व ९

(ख) बच्चा पास्नी संस्कारको विधि १०

(ग) बच्चा पास्नी विधिको अभिप्राय १२

(घ) थाय्भू खुवाउने संस्कृति १४

**४. चूडाकर्म संस्कार (बुसँखा संस्कार)** **१७**

(क) चूडाकर्म संस्कारको महत्व १७

(ख) चूडाकर्म गर्ने विधि १९

(ग) चूडाकर्म विधिको अभिप्राय २०

(घ) (पाजु) मामाको भूमिका २१

(ङ) (निनि) फुपूको भूमिका २२

**५. व्रतबन्ध (कयतापूजा) संस्कार** **२४**

(क) व्रतबन्ध संस्कारको महत्व २४

(ख) व्रतबन्ध पूजाविधि २५

(ग) व्रतबन्ध विधिको अभिप्राय २७

**६. बेल बिवाह, सुवर्ण कुमार बिवाह (इहि) संस्कार** **३०**
(क) बेल बिवाह संस्कारको महत्व ३०
(ख) बेल बिवाहको विधि ३२
(ग) बेल बिवाह विधिको अभिप्राय ३६
**७. गुफा संस्कार (बाह्राः संस्कार)** **३८**
(क) गुफा संस्कारको महत्व ३८
(ख) गुफा संस्कारको विधि ४०
(ग) गुफा विधिको अभिप्राय ४१
**८. बिवाह संस्कार (इहिपाः संस्कार)** **४३**
(क) बिवाह संस्कारको महत्व ४३
(ख) बिवाहको विधि ४५
(१) स्वयंवर विधि ४५
(२) दुलही अन्माउने (भम्चा पित बीगु) विधि ४६
(३) ह्वंकेगु विधि ४८
(ग) बिवाह विधिको अभिप्राय ४९
**९. बूढाबूढी पास्नी (ज्याः जंक्व) कर्म** **५२**
(क) बूढाबूढी पास्नी कर्मको महत्व ५२
(ख) बूढाबूढी पास्नीको विधि ५३
(ग) बूढाबूढी पास्नीको अभिप्राय ५४
**१०. विभिन्न संस्कारको सामानहरू** **५६**
(क) नामकरणको लागि आवश्यक सामान ५६
(ख) बच्चा पास्नी (भात खुवाउन)को लागि आवश्यक सामान ५७
(ग) चूडाकर्मको लागि आवश्यक सामान ५७
(घ) ब्रतवन्धलाई आवश्यक सामान ५७
(ङ) बेल बिवाह (ईही) को लागि आवश्यक सामान ५८
(च) गुफा (बाह्राः) को लागि आवश्यक सामान ५९
(छ) बिवाह (इहिपाः) को लागि आवश्यक सामान ५९
(ज) बूढा पास्नी (ज्याः जंक्व) लाई चाहिने सामान ६०

# १. जीवनमा संस्कारको महत्त्व

मानिस भनेको संस्कारले नै साँच्चैको मानिस हुन्छ। किनभने राम्रो संस्कार भएन भने मानिस भयानक अपराधी, ज्यानमारासम्म हुनसक्ने हामीले हेर्न सक्छौँ । आदिम कालमा कुनै संस्कार गर्ने नभएकाले जङ्गली पशुजस्तै मानिस जङ्गलमा बसेर जनावरको काँचो मासु खाएर, निर्वस्त्र भएर असभ्य जीवनयापन गरिरहेको भनेर मानव इतिहासले भनिरहेको छ । धेरैपछि मात्रै मानिसहरू जान्ने-बुझ्ने हुँदै सभ्यताको विकास भएको भनिन्छ। त्यसैले समाजभित्र बसेर समाजका सबै मानिसहरूसँग सल्लाह गरेर मात्रै नीति-नियमहरू बनाएर सभ्य जीवनयापन गर्न जानिसकेपछि समाजभित्र रहेका मानिसहरूले समाजलाई सुहाउने सामाजिक मानिस हुनका लागि सानैदेखि विभिन्न संस्कारहरू गर्ने चलन चलाउन थाले, अनि कस्तो संस्कारमा हुर्क्यो, मानिस पनि त्यस्तै हुने भए ।

नेपाल देशमा बस्ने नेवाःहरू जन्मदेखि बूढाबूढी भइसक्दा पनि विभिन्न संस्कारको कर्म गर्ने थिति छ। यति वर्ष भएपछि यो संस्कार गर्ने भन्ने समेत नियम छ। त्यसैले कुनै मानिसलाई समय पुगेर पनि संस्कार वा कर्म नगरिकन राख्यो भने त्यो मानिसको परलोक भयो भने फलानो एउटा कर्म गर्न नपाई परलोक भयो भनेर चित्त दुखाइ कुरा गरिराखेको हुन्छ। यसरी संस्कारको कर्मलाई महत्त्व दिनुको अर्थ के हो भने नेवाःहरूले गर्दै आइरहेको संस्कारको कर्महरूको एउटा-एउटाको जीवनलाई सुव्यवस्थित जीवनयापन गर्ने उद्देश्य छ । त्यसैले नेवाःहरूले गर्दै आइरहेको संस्कारका बारेमा क्रमिक रूपमा उजागर गर्ने कोशिस गर्दै पहिला नामकरण संस्कारको बारे यहाँ प्रस्तुत गर्दछु ।

# २. नामकरण संस्कार

## (क) नामकरण संस्कारको महत्त्व

नामकरण गर्नुको उद्देश्य के हो ? नामकरण गर्ने बेलामा कस्तो विधिले गर्ने कसरी सम्पन गर्ने गरिरहेको छ, साथै त्यसमा हाम्रो जीवनलाई व्यवस्थित गर्न सहयोग गर्ने कस्तो दार्शनिक अर्थ छ भन्ने कुरा थाहा पाउनु आवश्यक छ ।

नामकरण भनेको नाम राख्ने संस्कार हो । नाम भनेको मानिसको मात्रै होइन, कुनै पनि वस्तुको हुन्छ । नाम भएन भने त्यसलाई के भनेर बोलाउने वा सम्बोधन गर्ने के भनेर चिना-परिचय गर्ने भन्ने साह्रै अप्ठ्यारो हुन्छ, त्यसैले कोही बालकलाई परिचय दिनका लागि पनि नाम राख्ने काम गर्नुपर्छ । अनि यो कार्यलाई नै नामकरण संस्कार भन्ने गरिन्छ ।

सर्वप्रथम त बच्चा जन्मनेबितिकै परिवारमा एकजना सदस्यको वृद्धि भयो भनेर आफूहरूले पुजिरहेका देवता र नजिकका आफन्तहरूलाई खबर गरिन्छ । कसैको त सिङ्गो सुपारी र सिन्दूर चढाउने भनेर सिङ्गो सुपारी, ल्वाङ्ग, सिन्दूर (फुस्रो सिन्दूर) राखेर एक प्रकारको पात (ज्यःनाःलप्ते)मा पोका पारेर आगम देवता (आगंद्यः वा इष्टदेवता), कुलदेवता (दिगुद्यः) र अरू आफूहरूले मानिराखेको देवीदेवताहरूलाई चढाइसकेपछि नजिकका नाताकुटुम्बहरूलाई त्यो पोका (ग्वय्सिन्हःप्वः) दिने चलन छ । कसैको यसरी ग्वय्सिन्हःप्वःनबाँडिकन त्यतिकै सूचना मात्र दिने गरिन्छ । त्यसपछि देवताहरूलाई चार दिनको, छ दिनको र बाह्र दिनको चढाउनुपर्ने सामग्री चढाउनका लागि सुदेनी (अजि)  वा कोही एकजनालाई नवजात शिशुलाई पैसा ढोगाएर देवतालाई चढाउन पठाउँछन् ।

पहिला पहिला त बच्चा जन्मेर भोलिपल्ट अथवा त्यहीँ दिन नै बच्चाको नाभि (साल) काटेर नाभि माटाको भाँडो (भेगः)मा राखेर चार-दोबाटो (छ्वास)मा फाल्न

जाने चलन थियो, यसरी नाभि काटी सकेपछि मात्रै बच्चा जन्मेको परिवार र आफन्तहरूलाई सूतक (जय्बिलि मालि) लाग्छ । आजकल अस्पतालमै बच्चा जन्माउने भएकोले जन्मिनेबित्तिकै नाभि काटी फाल्ने भएकोले माटाको भाँडो (पि भेग:) फाल्ने चलन हराइसक्यो ।

त्यसपछि बच्चा जन्मेर छ दिनमा बच्चाका फुपूहरूले पालामा बत्ती बाल्ने भनेर पङ्क्तिबद्ध छवटा बत्ती माटोको पालामा राखेर बत्ती बालेर बच्चालाई तेल लगाइदिने र नयाँ कपडा (थाग्नो वा इचा) बेरेर बच्चालाई आमाको काखमा राखिदिन्छन् । अनि बच्चाको शिरमा फुपूहरूले पैसा चढाउँछन् । यो कार्यलाई छैठी गर्ने भनिन्छ । यसरी बत्ती बाल्ने काम सकेर फूपुहरूलाई आफूले सक्ने जति नून, चाकु, अदुवा, ज्वानो र लुगा राखेर दिने गरिन्छ, त्यसपछि त्यहाँ भएकाहरू सबैलाई नून-अदुवा बाँडेर दिइन्छ ।

त्यसपछि दश दिन भएपछि घरपरिवारका सबै सदस्यहरूले नङ्ग काटेर, कपाल खौरेर, नुहाइ-धुवाइ गरेर चोख्याउँछन् । यो दिन बच्चा र आमाले पानी तताएर भए पनि नुहानुपर्छ । सबैले चोख्याइसकेपछि दश दिनको चढाउनुपर्ने सबै सामग्री चढाउने काम गरिन्छ । कतै कतै त खिचा: भ्वाथ नामको एकप्रकारको खाने घाँस र तिल राखेर दाल पकाएर खाने पनि चलन छ । यो सबै आ-आफ्नो चलन हो । त्यसपछि यति काम सकेपछि दश दिनको नामकरणको काम गरिन्छ ।

## (ख) नामकरणको विधि

नामकरणको संस्कार गर्दा बच्चाको नाम राख्ने काम हुन्छ । बच्चाको जीवनभर र मरेपछि पनि चाहिने भएकोले नाम, राख्ने काम त्यतिकै झारो टार्नेजस्तै मनमा जे आयो, त्यही नाम राखिँदैन । यसो गर्दा नराम्रो हुने भएकोले आफूले गर्दै आइरहेको संस्कार संस्कृतिअनुसार कस्तो विधिले गर्ने भन्ने कुरो धेरै पहिलादेखि चल्दै आइरहेको हो । उदाहरणका लागि आजभोलि एउटा पसल खोल्नलाई पनि आफूलाई मनपर्ने साथीभाइ, इष्टमित्र, आफन्तलाई निमन्त्रणा गरेर एउटा समारोह नै गरेर अझ प्रमुख अतिथि नै बोलाएर रिबन काटेर पसलको नाम यो भनेर सबैलाई थाहा दिइन्छ । त्यसरी नै आफन्तहरूलाई बोलाएर र आफूले सधैं पूजा गरिराखेको देवीदेवताको अगाडि नामकरण संस्कार गर्ने राम्रो हो ।

नामकरण विधि गर्न अगाडि कलशमा एउटा सेतो चमेलीको फूल (दाफोस्वाँ)को हाँगा र अर्को राम्रा-राम्रा फूल राखेर त्यसमाथि किसलि (माटोको पालामा चामल, सिङ्गो सुपारी र एउटा पैसा) राखिन्छ । त्यसपछि सँगै धौपति (दहीको भाँडो) र

दायाँपट्टि गणेश, इष्टदेवता तथा बायाँपट्टि क्षेत्रपाल देवताहरूका प्रतीकका रूपमा पातका टुक्रामा च्यूरा अथवा अक्षता अलि-अलि राखिन्छ ।अरू आफूले पुज्ने गरेको अरू देवताहरू पनि त्यसरी नै पातमा च्यूरा अथवा अक्षता राख्ने, अनि देवताको बायाँपट्टि माना (कुलिंचा) एउटामा टुक्रा चामल/कनिका (च्वकि) अलिकति र बच्चाको पेटीभोटो राखिन्छ । त्यसपछि सिन्हःमू र ज्वलान्हायक्ँ पनि दायाँ-बायाँ द्वारपालजस्तै गरेर राखिन्छ, अनि सुकुन्दा बालेर पूजा सुरु हुन्छ ।

यति सजाउन सकेपछि पुरोहित अथवा पुरोहित नभए थकालिले त्यहाँ स्थापना गरेको सबै देवतालाई क्रमिक रूपमा पानीले छर्केर टीका लगाई फूल चढाएर पूजा गर्छन् र सँगै बच्चाको चिना पनि सँगै राखेर पूजा गर्नुपर्छ । पूजा सकेपछि थकालिनकिले आमाचाहिँलाई बच्चा बोक्न लगाई पूजा गरेको ठाउँमा बसाउन ल्याउँछन् । अनि आमा र बच्चाको अगाडि आगो भएको पाला राखेर रायो-सर्स्यूले बच्चाको शिरदेखि खुट्टासम्म घुमाएर थकालिनकिले आगो भएको पालामा राखिदिन्छन् । यसरी तीनपटकसम्म गर्नेर त्यसपछि चामल र पानीले पनि त्यसरी नै घुमाउने गरिन्छ । अनि पालामा बत्ती एउटा बालेर त्यो पाला मूलढोकाअगाडि अगेना (पिखालखु)मा राख्न लगिन्छ । त्यसपछि बच्चाले पूजा गरेको भाव गरेर आमाचाहिँले कलशमा पूजा गर्न दिइन्छ, त्यसछि थकालिनकिले धौपति पूजाथालमा राखेर दही चामल मुछेर तीनपटक आमालाई पूजा गर्न दिइन्छ र फेरि एकपटक घरलाई भनेर दलिनमा पनि पूजा गर्न दिइन्छ । त्यसपछि बच्चालाई दही मुछेको टीका लगाई लुगा, पेटीभोटो दिइन्छ । यति थकालिनकिको काम सकेपछि थकालिले बच्चाको अगाडि बसेर छोरा भए दायाँ कानमा र छोरी भए बायाँ कानमा चिनामा लेखेको नाम सुनाउने गर्छ । त्यसपछि पानको पातमा मह राखेर औँलाले अलि-अलि चटाउन दिने र नकिंले बाटामा हात धुन दिने, साथै बच्चाको मुख पनि चुठ्न दिने र हात धोएको बाटामा बत्ती बालेर (कलं वाके छ्वय्) चौबाटोमा फाल्न पठाइन्छ । यति नामकरणको काम सकेपछि थकालिले फेरि कलशमा एकपटक पूजा गर्छन्, अनि दक्षिणा पनि चढाउँछन् । दक्षिणा दिन मिल्ने सबैलाई टीका लगाएर दक्षिणा दिने र सुदेनी (अजि) भएमा उसलाई पनि टीका लगाएर दक्षिणा दिनुपर्छ । पूजा सकेपछि कलशको जल, टीका, फूलप्रसाद दिएर पूजा सकाइन्छ । नकिंले सिन्हःमू लिएर त्यसको टीका अलिकति देवतालाई चढाउने अनि आफूले सिन्दूर लगाउने हुने सबैलाई लगाइदिन गर्छन् । थकालिले ज्वलान्हायक्ं लिएर त्यसमा अनुहार हेर्ने अरूलाई पनि देखाउँछन् । यति सकेपछि नकिंले काठको पाथीमा टीका लगाई फलफूल टुक्रा पाथीमा राखेर पहिला एकपटक देवतालाई र तीनपटक बच्चाको शिरमा खन्याइ दिन्छन् । त्यसपछि बच्चालाई बत्ती बालेर देखाएर बत्ती भुइँमा राखिन्छ । लावा-अभीर राखेर बच्चालाई सबैले पूजा गर्छन् । सबैभन्दा पछि अजि

नभएमा जसलाई भए पनि देवताकहाँ पूजा गर्न राखेको पेटीभोटो लिएर त्यसमा आमाको दूध अलिकति राखेर पिखालखुमा फ्याक्न पठाइन्छ । अनि माना (कुलेचा) पखालेर ल्याइन्छ । यति सकेपछि थकालिदेखि क्रमिक रूपमा सबैले बच्चाको टाउकोमा पैसा चढाउने गरिन्छ । यसरी नामकरण विधि सकिन्छ ।

## (ग) नामकरण विधिको अभिप्राय

नामकरण गर्दा जति पनि विधि गरिन्छ, त्यसमा एउटा एउटाको अर्थ छ । खालि अन्धविश्वासमा मात्रै गरिराखेको होइन, किनकि संस्कृति भनेकै त्यसमा अभिप्राय हुन्छ नै । नेवाः संस्कृतिमा पनि जीवनलाई कसरी अगाडि बढाउने भन्ने दार्शनिक सिद्धान्त छ, कति त हाम्रो जीवनलाई उच्चस्तरीय मार्गनिर्देशन दिने कुराहरू पनि रहेको छ । हामीले बुझ्नु पर्दछ ।

नामकरण संस्कार गर्नलाई पुजिने देवताहरूको बारेमा नेवाः संस्कृतिको दर्शनअनुसार हेर्ने हो भने नेवारहरूले देवता पनि आफूसरह नै आफ्नो परिवारको सदस्य समान मान्ने सिद्धान्त लिएको पाइन्छ । त्यसैले आफ्नो परिवारमा सबै सदस्यहरूमा जसरी कुरा थाहा दिइन्छ, सरसल्लाह गरिन्छ, त्यसरी नै आफूले पुज्ने गरेका देवता (जस्तै– आगम देवता, गणेश, कुलदेवता, अझ घरलाई पनि देवता नै मानिन्छ, साथै सधैँ रक्षा गर्ने क्षेत्रपाल देवताहरू)लाई जुनसुकै काममा पनि संलग्न गर्ने परम्परा रहेको छ ।

त्यसैले सबैभन्दा पहिला पानी भरेको कलशमा द्वफ्वस्वाँको हाँगा राखेर एउटा किसलिले छोपेर राख्नुको अर्थ के भने कलश भनेको जुनसुकै देवताको रूपमा लिन सकिने परम्परा छ। त्यही कलशमा हामीले पूजा गर्ने सबै देवतालाई आह्वान गरेपछि त्यस कलशमा देवता बस्न आउनुहुन्छ भन्ने मान्यता छ । त्यसैले नेवारहरूको जुनसुकै काम गर्दा कलश स्थापना नै गर्नुपर्छ । कुनै पनि व्रत बस्दा वा ठूलो संस्कारको काम (जस्तै नामकरण, अन्नप्राशन/जंक्वः, व्रतबन्ध/कय्तापूजा, बेल बिवाह/इहि वा बिवाह/इहिपा आदि)हरू गर्दा कलश स्थापना नगरी पूजा गरिँदैन । त्यस्तै वर्षैपिच्छे जात्रा गरिने मच्छिन्द्रनाथ पनि कलशमै साधना गरेर ल्याएको भन्ने कथा रहेको छ । रथमा राखेर जात्रा गर्ने मच्छिन्द्रनाथको मूर्ति त साधना गरेर ल्याएको त्यही कलशलाई भित्र राखेर बाहिरबाट माटोले छोपेर मूर्ति बनाई रंगरोगन गरिराखेको भनिन्छ । त्यसैले मच्छिन्द्रनाथको मूर्तिलाई बेलाबखतमा मर्मतसम्भार गरिरहेको हुन्छ, जसलाई मच्छिन्द्रनाथको न्हवं (नवीकरण) गर्ने भनिन्छ ।

कलशलाई जुनुसुकै देवताको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा पनि यस कुराले थाहा पाउन सकिन्छ र कुनै मानिसको ठूलो काम गर्नका लागि घरबाट बाहिर जानुपऱ्यो भने घरको मूलद्वारबाहिर दायाँ-बायाँ गाग्री भरी पानी राखेको, त्यस गाग्रीलाई नै कलशको रूपमा आफ्ना इष्टदेवता मानेर पैसा चढाएर निर्विघ्न रूपमा काम पूरा होस् भन्ने कामना गरेर बाहिर जान्छन् । त्यसरी नै नयाँ दुलही भित्र्याउँदा दायाँ-बायाँ कलश राखेर त्यसमा पूजा गराएर स्वागत (लसकुस) गरेर भित्र्याइन्छ । यसो गर्नुको अर्थ, घरमा पूजा गरिराखेको देवतालाई नयाँ दुलहीलाई परिवारको सदस्य भनेर स्वीकार्नु भनेर भित्र्याउने हो । त्यसपछि नेवारहरूको दशैं-तिहारका बेलामा र अरू आगंम पूजा गर्दा पनि यसरी नै थापिं स्वनेगु भनेर कलश स्थापना गरेर जाँड-रक्सी राख्ने विशेष भाँडो धाल्चा स्थापना गरेर त्यसको माथि किसलि राखेर त्यसलाई नै देवता सम्झेर पूजा गरिन्छ । यो कुराले पनि कलशलाई कुनै पनि देवताको रूपमा पूजा गर्न सकिन्छ भन्ने आधार रहेको पाइन्छ ।

यसरी नै नामकरणमा पनि कलश स्थापना गरेर त्यहाँ आगम देवता, कुलदेवता र आफूले पूजा गरिराखेको अरू देवता पनि त्यही कलशमा छ भनेर पूजा गर्न सकिन्छ ।

त्यसपछि कलशसँगै राखेको धौपति (दही राखेको सानो भाँडो) पूजा गरिराखेको दही र चामल राखेर मुछेर बच्चालाई टीका लगाइ दिएको अर्थ त्यहाँ स्थापना गरिराखेको देवताहरूले बच्चालाई 'निरोगी होस्', 'आयु लामो होस्', साथै 'जीवनमा राम्रो र उत्तम काम गर्न सकून्, नराम्रो काम कुराहरू पन्छिएर जाओस्' भन्ने धारणा लिइएको पाइन्छ । त्यसैले ठूलो काम गर्न जाँदा, विदेश जाँदा मूलढोकाको दायाँ-बायाँ गाग्री अथवा कलश राखेर त्यसको माथि दही राखेर ढोगेर जाने चलन छ। त्यसरी नै नामकरण विधिमा दहीलाई (शुभ) लच्छिनको प्रतीकको रूपमा लिइन्छ । दही र राम्रो चामल राखेर बच्चालाई पहिला, पछि त्यहाँ भएका सबैलाई राम्रो होस् भनेर टीका लगाइन्छ । यस कारण पनि सबैलाई राम्रा हुन्छ भन्ने कुरा हामीले विश्वास गर्न सकिन्छ ।

त्यसपछि नकिंले बच्चालाई लसकुस गरेर देवताको अगाडि राखिसकेपछि पाला एउटामा आगो राखेर रायो-सर्स्यूले टाउकोमा घुमाएर तीनपटक आगोमा राखेर त्यसको माथि बत्ती बालेर आँगन (पिखालखु)मा राख्न लग्नुको महत्त्वपूर्ण अर्थ रहेको छ । रायो-सर्स्यू छऱ्यो भने अथवा यसको धूँवा लगायो भने नराम्रो शक्ति वा बोक्सीले छुन सक्दैन र भाग्छ भन्ने मान्यता रहेको छ । त्यसैले नामकरण गर्न ल्याइएको बच्चालाई कुनै पनि नराम्रो शक्ति वा भूतप्रेत, पिशाच, बोक्सी जस्तो

तत्त्वले दु:ख दिन आउन सक्छ, यस्ता तत्त्वलाई पन्छाउन पनि यो रायो-सर्स्यूको धूँवाले हम्काउने गरिएको हो । विशेष गरेर राम्रो कामहरू गर्दा यस्तो नराम्रो तत्त्वहरूले विघ्न-बाधा गर्न आइरहेको हुनसक्ने भएकोले त्यस्ता तत्त्वहरूलाई आउन नदिन पनि यो कार्य गरिएको हो ।

त्यसपछि थकालिले बच्चाको कानमा नाम सुनाइसकेपछि पानको पातमा मह राखेर बच्चालाई मह चटाउनुको अर्थ केही भएर बच्चालाई आमाको दूधले पौष्टिकता पुगेन भने अथवा केही कारणले आमाले दूध पिलाउन सकेन भने मनभोग (हलुवा) वा लिटो अलि-अलि खुवाउन सकिन्छ भनेर बुझ्न सकिन्छ । आजकल स्वास्थ्य विशेषज्ञहरूले त्यस्ता दूधे बालकका लागि भनेर वैज्ञानिक तवरले बनाइराखेको जन्मघुटी ग्राइपमिक्सचर जस्ता औषधी खुवाउँछन् । पुरानो परम्पराअनुसार घोतीचौथि भन्ने औषधी र आमाचाँहिलाई केही अरू रोगले न छोओस् भनेर क्वतिवास: (एक प्रकारको घरेलु औषधी) खुवाउने गरिन्छ ।

अन्तिममा माना वा काठको मानामा फलफूल टुक्रा राखेर बच्चाको शिरबाट खन्याउनुको अर्थ हो, नामकरण कार्य सफल भयो भनेर बच्चालाई आशिष दिनु । फल भनेको पूर्णताको प्रतीक हो, त्यसैले फलले अभिषेक गर्नुको अभिप्राय भनेको काम पूरा भएको हो । त्यसपछि लावा-अभीर राखेर बच्चालाई सबैजनाले पूजा गर्नुको अर्थ हो, जीवन राम्रो होस्, निरोगी होस् भन्ने नै हो । यसरी नामकरण विधि सकिन्छ ।

यहाँनिर के कुरा थाहा हुन्छ भने नेवा: संस्कृतिमा थकालि र थकालिनकिको निकै महत्त्व रहको छ। शास्त्रमा 'एकादशेहनि पिता नाम कूर्यात्' (अर्थ – बुबाले नामकरण गर्नू) भनिए तापनि नामकरण गर्दा बुबाले नामकरण नगरी नेवारहरूले थकालिबाट नै गराइएको पाइन्छ । समाजमा कुनै पनि काम गर्दा थकालि र थकालिनकिलाई गराउने नेवा: संस्कारमा पाइन्छ र परिवारमा ज्येष्ठतालाई भगवान्को दर्जा दिएर खुट्टामा ढोगेर सम्मान गर्ने गरिएको छ । थकालिले भनेपछि जुनसुकै कुरा पनि भगवान्को वचन भनेर टाउको निहुराएर स्वीकारिन्छ । थकालिहरूलाई सम्मान गर्ने सामाजिक अनुशासन यस्तो अनुशासन कहिले पनि भंग गर्दैन ।

नेवारहरू भनेको भगवान्लाई आफ्नो सामाजिक जीवनमा समेत समावेश गरी जीवनयापन गरिरहेकाहरू भएकोले नेवारहरू देवताजस्तै राम्रो मन भएका, नराम्रो कहिले पनि सोच्दैनन् भनेर पहिचान बनाएको छ । यो नेवा: संस्कृतिअनुसार संस्कारित हुनाले यस्तो भएको भन्न सकिन्छ। नेवारहरूले नामकरण गर्दा सकेसम्म

भगवान्को नै नाम राख्ने गर्छन्, नभए राम्रो बहुमूल्य वस्तुको नाम राखिन्छ, जस्तै – हीरा, मोती, पन्ना, माणिक, लाल, सुवर्ण आदि । यसरी नाम राख्नुको अर्थ, नेवारहरू देवता अथवा मूल्यवान् वस्तु जस्तै होस् भन्ने हो । आजभोलि पश्चिमी संस्कृतिको धेरै प्रभाव बढेकोले पश्चिमी शैलीको नाम राख्ने चलन बढिरहेको छ । केटी भए मेरी, जेनी भनेर र केटा भए जोन, ज्याक्सन भनेर नाम राख्ने भएको नाम सुन्नेबित्तिकै तिनीहरू नेपाली होइनन् कि भनेर शङ्का गर्नुपर्ने अवस्था सृजना हुने भएकोले सकेसम्म आफ्नो समाजलाई सुहाउने खालको नाम राखे नै राम्रो हुन्छ ।

हुन त नामकरण गर्ने काम सामान्य जस्तो लाग्न सक्छ र केही महत्त्वपूर्ण कार्य होइन जस्तो लाग्न सक्छ, त्यस्तो भए पनि नेवाः संस्कृतिको दर्शनको दृष्टिले हेर्दा यो एकदम महत्त्वपूर्ण कुराहरू रहेको पाउन सकिन्छ । भर्खर जन्मेको बालकलाई नेवाः संस्कृतिभित्र राखेर एकजना सक्षम र राम्रो चरित्र भएका देवताजस्तो नेवार मान्छे बनाउने उद्देश्यले संस्कारहरू गर्दै जाने एकदम राम्रो र मनन्योग्य दार्शनिक विचार भन्न सकिन्छ । त्यसो भएरै जुनसुकै काम गर्दा पनि नेवारहरूले आफ्नो परिवारलाई सदस्यको रूपमा सम्मानपूर्वक पुजिएका आगम देवता सँग-सँगै अरू देवतालाई पनि सँगै नै राखेर कामकुरा गर्दै आइरहेको हो । यसमा नेवाः दर्शनको सिद्धान्तअनुसार मान्छे नै देवता बनाउने विचार प्रस्तुत गरिएको प्रष्ट रूपमा देखिन्छ ।

# ३. बच्चा पास्नी संस्कार (मचा जंक्व: संस्कार)

## (क) बच्चा पास्नी संस्कारको महत्त्व

कसैको पनि बच्चा जन्मियो र बच्चा कसरी हुर्काउने भन्ने साथै बच्चा जन्माउन प्रसवव्यथा भएर बिरामी भएका आमालाई कसरी पालनपोषण गर्ने भन्ने कुरामा संस्कारको रूपमा नै के-कसरी गर्ने भनेर व्यवस्थापन गरी रीतिरिवाज नै बनाइराख्नु नेवा: संस्कृतिको विशेषता हो । जन्मेको बच्चालाई के गर्नुपर्ने सबै कामकुरा र आमालाई तन्दरुस्त बनाउन चाहिने सबै कुरालाई रीतिथिति बनाई राखिसकेपछि कोही स्वास्थ्य विशेषज्ञसँग परामर्श नै लिन नपर्ने किनकि आफूलाई चाहिने सबै कुरा आफैले नै जानी प्रयोग गर्न सकिने ज्ञान नेवा: संस्कृतिले दिइरहेको पाउन सकिन्छ ।

बच्चा जन्मिसकेपछि बच्चालाई गर्नुपर्ने र आमालाई प्रसवव्यथापछि हेरचाह गर्नुपर्ने सम्पूर्ण कुराहरू रीतिथिति बनाएर नेवा:हरूले राखेका छन् । बच्चा र आमा दुवैलाई नै दिनको दुईपटक तेल लगाउने (दल्ने) व्यवस्था गरिएको हुन्छ । त्यसपछि आमालाई घ्यू, चाकू पकाएर दिनको तीन छाक भात खुवाउने, बिहान सबेरै कुखुरा बास्न अघि नै सूतकेरीको पेटमा हावा पस्छ भनेर भातमा घ्यू चाकू राखेर ख्वाइन्छ । सूतकेरीलाई बाँकी रहेको र बासी भात खुवाउदैन । त्यसपछि दश दिनको दिनदेखि आमालाई मासुलाई धूलो बनाइ (किमा) खुवाउने गरिन्छ । यसरी सूतकेरी हेरविचार गरिने भएकोले बच्चालाई आमाको दूधले नै पुगि राखेको हुन्छ साथै आमा चाहि पनि बलियो र तन्दुरुस्त हुदै आउछ । यसरी दश-पन्ध्र दिन भइसकेपछि सूतकेरी पाल्ने भनेर माइत लान्छन्, त्यहाँ पनि दिनको तीन छाक खुवाउने र दिनको दुईपटक तेल लगाइ हेरचाह गरि राखेकै हुन्छ । नेवा: समाजमा संस्कृतिको रूपमा नै प्रयोग गरि राखेको छ यो रीति कसैले यो काम गरेन भने त्यसलाई समाजको रित बिगारेको भनेर आरोप पनि लगाइने गरिन्छ त्यसैले यस्तो रीतिलाई पालना नगरी नहुने गरिएको छ ।

यसरी पालन पोषण गरेर हुर्काएर छोरी भए पाँच महिनामा छुनेबित्तिकै र छोरा भए छ महिनामा छुने बित्तिकै पास्नी (जंक्व) संस्कार गर्ने समय हुन्छ । पास्नी नसकेसम्म बच्चालाई आमाको दूध बाहेक अरू केही खुवाउदैन । केही भएर आमाको दूध पुगेन भने मनभोग (हलुवा) अलि-अलि बनाएर खुवाउने व्यवस्था गरिराखेको छ । आजकल पाउडर दूध किन्न पाइने भएकोले त्यसैको दूध बनाएर खुवाउने धेरैको चलन भइसकेको छ, त्यसो भए पनि डाक्टरहरूले त सकेसम्म आमाको नै दूध खुवाउनु भन्छ । यो कुरा डाक्टरहरूले धेरै नै अनुसन्धान गरेर के पत्ता लगायो भने बच्चाहरू जन्मेर चार महिना नाघेपछि बच्चालाई केही अन्न खुवाउदै लानु पर्छ, त्यसैले अन्न राखेर बनाइ राखेको सेरेलेक्स्, फाय्रेक्स भन्ने बच्चालाई ठोस आहारको चार महिना पछि खुवाउने गरिएको छ । तर रहस्यको कुरा के भने नेवारहरूले सयौं वर्षअगाडिदेखि छोरी भए पाँच महिना र छोरा भए छ महिनामा टेकेपछि भात खुवाउने संस्कार पास्नी (जंक्वः) गर्ने संस्कृति नै बनाइराखेको छ । यस कारण नेवाः संस्कृति कति जीवनसँग सहाउने गरी अगाडि बढिरहेको छ भन्ने बुझ्न सकिन्छ ।

## (ख) बच्चा पास्नी संस्कारको विधि

पास्नी भनेको नामकरण पछि गरिने बच्चाहरूको संस्कार हो । नामकरण भनेको समाजमा व्यवहार गर्न सजिलो र समाजमा फलानो भनेर चिन्नका लागि नाम राखिने संस्कार हो भने पास्नी भनेको बच्चालाई कसरी बलियो एवं तन्दुरस्तसँग शरीरलाई आवश्यक पौष्टिक तत्त्व दिएर खानेकुरा खुवाउनलाई गर्ने संस्कार हो । पास्नी सकेपछि बच्चालाई विस्तारै चाहिने खानेकुरा खुवाउँदै लग्नुपर्छ भनेर सबैले बुझ्छन् । त्यसैले पास्नी संस्कारको ठूलो महत्त्व छ ।

पास्नी गर्दा पनि नामकरण गर्ने बेलाजस्तै कलश, धौपति राखेर दायाँ-बायाँ आगम देवता, गणेश देवता, क्षेत्रपाल र अरू देवता आफूले सधैं मानिराखेको देवता पनि प्रतीकको रूपमा पात टुक्रा-टुक्रा गरेर राख्ने र त्यस पातमा च्यूरा अथवा अक्षता अलि-अलि राख्ने त्यसपछि सिन्हःमू र ज्वलान्हाय्कं कलशको दायाँ बायाँ द्वारपाल जस्तै गरेर राख्नुपर्छ । त्यसपछि पुरोहित अथवा पुरोहित नभएमा थकालिले सुकुन्दा बालेर क्रमिक रूपमा सबै देवतालाई जल, टीका, फूल, अक्षताले पूजा गर्ने त्यसपछि नकिंले बच्चालाई उसको आमालाई बोक्न लगाई साँचो समाउन दिई पानीको धारा बगाइ लसकुस गरेर देवताको अगाडि बस्न दिने यसरी गरि सके पछि एउटा पालामा गोलको आगो राखेर रायो-सर्स्यूको धूवाँ लगाउने र बत्ती एउटा पनि बालेर त्यही पालामा राख्ने यति गरि सकेपछि त्यो पाला अगेनामा

(पिखालखुमा) राख्न पठाउने र बच्चालाई कलश, देवता भएको ठाउँमा पूजा गर्न दिने । त्यसपछि नकिंले पूजाथालीमा घौपति राखेर दही चामल मुछेर तीनपटक देवतालाई र एकपटक दलिनमा (सिलिङ्गमा) पूजा गर्न दिइ सकेपछि त्यो मुछेको टीका बच्चालाई लगाइ दिने फूल एउटा टाउकोमा राखिदिने र त्यो मुछेको टीका आफूले र बच्चाको आमालाई पनि लगाइ दिने । यति काम सकेपछि थकालिको काम सुरु हुन्छ । थकालिले केरा एउटा लिएर आधि मात्र बोक्रा छोराएर त्यसमा नरिवलको बियाँ (नैक्या: मू) सुपारीको बियाँ (ग्वय् मू) राखेर दुई औंलाले केरा टुक्रा गरेर खुवाउने भावले बच्चाको मुखमा छुवाइ दिने, यो कामलाई संस्कृत भाषामा फलप्राशन भन्ने गरिएको छ । यो काम सकेपछि नकिंले करुवाको पानीले बाटामा थकालिको हात धुन दिने साथै बच्चालाई चुठ्न दिने त्यसपछि थाल एउटामा धान अलिकती, माटो एक टुक्रा, ईट्टा एक टुक्रा, गहना, कलम, किताब, रक्षामाला (जंक्व:क्वखा) आदि राखेर बच्चाको अगाडि थकालिले देखाउने र बच्चालाई लिन लगाउने । त्यस पछि बच्चाको टाउकोमा धान अलिकति राखि दिने । बच्चाले त्यो थालको के वस्तु लियो भविष्यमा उसले त्यही रोजगारी अपनाउछ भन्ने सबैले कुराकानी गर्न थाल्छन ।

यस पछि भात खुवाउने विधि गर्ने । नकिंले थाय्भू (ठूलो थालमा भात समेत चौरासी ब्यन्जन राखेको) ल्याएर बच्चाको अगाडि राख्छन्, एउटा (सूर्य ब्व) सूर्य भाग राखेर त्यसमा बत्ती बालेर बच्चालाई पूजा गर्न दिने, सूर्यभाग घाम आउने ठाउँमा राख्न दिने । त्यसपछि भुइँमा पात एउटा राखेर बलि दिने (बौ बिइगु) भनेर देवताको नाममा दही भात मुछेर पाँच ठाउँमा राख्ने र थाय्भूमा भएको तरकारीहरू सबै अलि-अलि भात राखेकोमा चढाउने अनि पानी अलिकति पनि चढाउने त्यसपछि हातमा पानी राखेर थाल घुमाएर बच्चाको मुखमा छुवाएर बाँकी पानी भुइँमा राख्ने, यति सके पछि क्रमिक रूपमा बूढी औंला र साहिँली औंलाले एकपटक कान्छि औंला र बूढी औंलाले माझी औंला र बूढी औंलाले चोर औंला र बूढी औंलाले एक एकपटक खुवाइसकेपछि पाँचै औंलाले खुवाउने दही भात मुछेको खुवाउने र बच्चाको मुखमा पानी अलिकति पनि राखिदिने । यसरी बलिको काम सकेपछि अण्डा सगुन दिने (अण्डा, मासु, माछा, बारा, रक्सी) हातमा लिई बच्चाको मुखमा छुवाएर थाय्भूमै राख्ने । त्यसपछि लाग्व:, लापि र (मासुको लड्डु र मासुको बारा) जाँड भएको पाला लिएर बच्चाको मुखमा छुवाउने, पञ्चपक्वान रोटी र दूध पनि त्यसरी नै बच्चाको मुखमा छुवाउने र थाय्भू मै राखिदिने । फेरि तरकारी र दालको परिकार एकै ठाउँमा राखेर ठूलो गाँस गरेर भात लिने र बच्चालाई खुवाउने भावले मुखमा छुवाई बाटामा राख्ने । यसरी तीनपटक सम्म गर्न सकेपछि दही र भात ठप्ने यति सकेपछि बच्चाको

मुखमा भात छुवाएर बलिमा अलिकति राख्ने साथै पानी पनि पहिला जस्तै राखि दिने यति सकेपछि भात खुवाउने काम सकिन्छ। त्यसपछि चुठ्न दिने र कलःब्वमा बत्ती बालेर बच्चालाई पूजा गर्न दिने र चुठेको बाटामा राखेर यो सबै चौबाटोमा फाल्न पठाउने र थाय्भूमा भएको भात एउटा सुरक्षित स्थानमा राखी पछि त्यो भात बच्चाको आमाले खान मिल्ने गरेर राखी राख्ने ।

यसरी भात खाने काम सकेपछि बच्चालाई लुगा दिई लुगा लगाइदिने संगै रक्षामाला (जंक्वक्वखा) पनि लगाइ दिने । त्यसपछि थकालिले त्यहाँ स्थापना गरि राखेको देवताहरूलाई फेरि एकपटक पूजा गरेर दक्षिणा चढाउने संगै अजि (सुदेनी) पुरोहितलाई पनि टीका लगाइ दक्षिणा दिने र पूजा सकाउने । त्यसपछि कलशको जल छर्केर फूल प्रसाद लिने ज्वलान्हाय्कं थकालिले लिएर त्यसमा ॐ लेखेको फूलले पुछेर आफ्नो अनुहार हेर्ने र अरूलाई पनि देखाउने सिन्हःमू नकिंले लिएर त्यसको टीका आफूले र टीका लगाउन मिल्ने सबैलाई लगाइ दिने । सबै भन्दा अन्तिममा पाथीमा फलफूल टुक्रा, लावा-अभीर फूल राखेर बच्चाको टाउको बाट तीनपटक खन्याइ दिने र बत्ती एउटा बालि दिने र सबैले लावा-अभीरले बच्चालाई पूजा गर्ने । यसपछि अजिले अथवा कसैले (जंक्व प्वाकलं) पास्नीको पेटिभोटो राखेर पूजा गरि राखेकोमा माना लिएर आमा चाहिको दूध अलिकति राखि दिने र त्यो माना लगेर अगेनामा फालेर माना पखालेर घरमा ल्याउने । त्यसपछि आमाको काखमा बसेको बच्चा मामाले लिएर बाहिरको गणेश देवता र अरू देवताको दर्शन गर्न लिएर जाने साथै एउटा किस्टीमा लावा-अभीर पैसा राखेर लाने र सबै देवतालाई पूजा गरि घर फर्कने र घरलाई पनि पूजा गरेर घर भित्र आउछ र यति खेर घरमा बसि रहेका हरूले पनि बच्चालाई झ्यालबाट लावा-अभीरले पूजा गर्छन् । साथै मामाले बच्चा आमाको काखमा राखि दिन्छन् । यति सकेपछि बच्चा पास्नीको सबै काम सकिन्छ ।

## (ग) बच्चा पास्नी विधिको अभिप्राय

अब बच्चा पास्नी विधिमा कस्तो अभिप्राय लुकि राखेको छ भन्ने कुरा थाहा पाउनु अति आवश्यक छ । विधिको केही कुरा थाहा नपाइ केही कुरा नबुझि त्यति कै अन्धबिश्वाशको रूपमा गर्नु भन्दा त्यसको बारेमा थाहा पाएर त्यस भित्र लुकि राखेको दर्शनको बारे जानकारी भए काम गरेको राम्रो हुने छ ।

नेवारहरूले मनाउदै आइरहेको कुनै पनि सांस्कृतिक कामहरूमा दार्शनिक अभिप्राय लुकि राखेको छ, मानिसहरूलाई असल र राम्रो बाटोमा लागेर भविष्यमा सबैले राम्रो र असल चरित्र भएको व्यक्ति भन्न लगाउन का लागि जीवन यापन गर्न

सहयोग गरि रहेको हुन्छ । त्यसरी नै बच्चा पास्नी गर्दा पूरा गर्नुपर्ने विधिमा पनि यस्तै नै दार्शनिक विचारमा प्रयोग गरिएको पाइन्छ । त्यसैले अरू हरूको जस्तै अन्नप्राशन भनेर सुनको पैसा अथवा चाँदीको पैसा (सुन अथवा चाँदीको चम्चा) ले खीर अलिकति मुखमा खुवाउने नेवाः संस्कृतिको सिद्धान्तसँग मेल खाँदैन र ठीक पनि छैन । नेवार संस्कृति नेवार विधि थाहा भएको पुरोहित भेटिएन भने बरु थकालिले नै गरेको राम्रो हुन्छ, आफ्नो संस्कृति नमिल्ने गरि गरिएको कामकुरो केही अर्थ हुने छैन ।

बच्चा पास्नी गर्दा खेरि जति पनि देवताहरूलाई पूजा गर्ने गरिएको छ त्यसको अर्थ आफूले परिवारको रूपमा सम्मान गरि राखेको देवताहरूलाई बच्चा पास्नीमा सहभागि गराउनु को लागि हो । यसको बारेमा नामकरण विधिमा नै प्रस्तुत गरि सकेको छु । अब बच्चा पास्नीमा भात खुवाउँदाको बारेमा यहाँ प्रस्तुत गर्ने कोशिस गर्दछु ।

भात खुवाउँदा थाय्भू मा नै जोरजाम गरेर खुवाउने नेवारहरूको आफ्नो विशेषविशेषता हो । नकिंले आफू सक्ने जति शुद्ध भएर, चोखो भएर सबै खानेकुरा चोखो पानीमा पकाएर नियमअनुसार क्रमबद्ध रूपमा थाय्भूमा खानेकुरा सजाएर पास्नी गर्ने बच्चाको अगाडि राख्न ल्याउँछ अनि थकालिले पनि नियमपूर्वक नै भात खुवाउने काम गर्छ ।

आजकल भने मान्छे हरूको सजिलो गर्न धेरैलाई थाय्भूमा जोरजाम गर्न गाह्रो भएकोले गणेश देवता एउटा पूजा गरेर बच्चालाई खीर खुवाएर पास्नी सकाउने भइ सक्यो । कति को त आफ्नो टोलको देवताहरू जात्रा गर्दा (मलः जा) जात्रामा खुवाउन विधि पूर्वक पकाएको भात त्यही भात खुवाउन बच्चाहरूलाई लाइन राखेको ठाउँमा पास्नी गर्ने बेला भएको बच्चालाई पनि मलःजा खुवाएर पास्नी गर्नु नपर्ने गरी काम गर्छन् ।

वास्तवमा खीर खुवाएर पास्नी गर्नु भन्दा मलः जा खुवाएर पास्नी गर्नु शुभ हुने छ । राम्रो हुने छ । किन कि मलः जा खुवाउँदा पहिला कलश स्थापना गरेर तान्त्रिक विधिले देवता पूजा गर्छन, त्यसपछि गेडागुडी, दालको परिकार, बारा, मासु राखेर मलः जा खुवाउछ । त्यसैले त्यहाँ पास्नी गर्ने बेलामा जस्तै बच्चालाई खानेकुरा सबै फुकाउने काम पूरा हुन्छ । खीर मात्रै खुवाउँदा यस्तो फुकाउने काम नहुने भएकोले पास्नीको अभिप्राय पूरा हुदैन ।

## (घ) थाय्भू खुवाउने संस्कृति

थाय्भू खुवाउनेमा ठूलो रहस्यको कुरा लुकेको छ । थाय्भू जोरजाम गर्दा नकिंले आफूले सक्ने जति सरसफाइ गरि चोखो भएर थाय्भू लाई चहिने आवश्यक सामान चोखो पानीमा पकाउने गर्छ । त्यसपछि तरकारीको परिकार र गेडागुडीको परिकार मिलाएर आफ्नो परम्परा अनुसार राखिन्छ बीचमा भातको थुप्रो र तीन वटा पाला लाइनले थालमा राखेर एउटामा रक्सी, एउटामा जाँड र एउटामा दूध अथवा दही राखिन्छ । अनि भातको थुप्रोमा गजुरजस्तै गरेर मासको बारा राखेर त्यसको माथि माछा मासु अण्डा राख्छ त्यसको तल पट्टी मासुको बारा, मासुकै लड्डु, पञ्चपक्वान रोटी, पान, मसला राम्रोसँग सजाएर राखिन्छ । केही भएर पञ्चपक्वान रोटी नभएमा जुन सुकै पाँच प्रकारको रोटी राखिन्छ । यसरी थाय्भू सजाएर बच्चाको अगाडी एउटा त्रिखुती मा बिसाइ दिन्छ । थाय्भू भनेको भुईमा राख्नु हुदैन । किन भने थाय्भूमा धेरै सरसफाइ र शुद्ध गरेर देवताको प्रतीकको रूपमा तरकारीको परिकार राखेर ल्याउने भएकोले आसन बिना भुईमा त्यतिकै बिसाउँदा त्यसमा भएको पवित्रता हुदैन भन्ने धारणा भएकोले त्रिखुतिमा बिसाउने गरि राखेको हो । त्यसरी नै ठूलठूलो महत्वपूर्ण देवताको पूजा गरेर सीकाःभू (पशु बलि सहितको पूजामा बलिको टाउकोलाई आठ भाग बनाइ थकालि देखि क्रमिक रूपमा दिने भोजलाई सीकाःभू भनिन्छ) गर्दा भोजको परिकारहरू पातमा राख्दा देवताको प्रतीकको रूपमा राख्नु पर्ने भएकोले पात गाँस्दा दुईवटा पात मुनि आसनको रूपमा राखेर मात्रै पात गाँस्ने गरिन्छ । त्रिखुती आसन गरे जस्तै थाय्भूमा पनि पहिला नै दुई वटा पात आसन राखेर मात्रै राख्ने गरिन्छ ।

थाय्भूमा तरकारीको परिकार देवताको प्रतीक गरेर राख्दा फर्सिको चक्का गरेर चारपाते र लाम्चो लाम्चो गरेर काटेर बनाइ पकाएको क्रमिकरूपमा राख्ने गरिन्छ । तरकारीको परिकार राख्दा सबै समान हुदैन । पाँच, आठ, बाह्र प्रकारको तरकारी राखी थाय्भू सजाउने चलन छ । कसैको भैरब समेत अष्टमातृका राख्ने गर्छ भने कसैको पञ्चबुद्धको प्रतीक भन्नेहरू पनि छन् । जसले जे भनिए पनि वास्तवमा तरकारीको परिकार भनेको आफूले पुजिएको आगम देवता कुलदेवता इष्टदेवताको रूपमा थाय्भूमा राखेर त्यही देवताबाट आर्शिबाद लिने र गरेको काम पूरा गर्ने उद्देश्य हो । त्यसैले थाय्भू खान सके पछि जहाँ पायो त्यही फाल्न हुदैन भनेर (कलं वायगु) निश्चित स्थानमा फाल्ने चलन गरिराखेको हो । यो संस्कृति नेवारहरूको आफ्नै किसिमको हो ।

बच्चा पास्नी गर्दा थाय्भूमा राखिने खानेकुराहरू सबै बच्चालाई खुवाउने भाव गर्नु अर्थ हो बच्चालाई सबै खानेकुरा खाने मिल्ने गरी फुकाउने हो । जीवनयापन गर्न समयअनुसार ठाउँअनुसार विभिन्न किसिमको खानेकुरा खानुपर्ने हुनसक्छ त्यस्तो बेला समाजले खान नहुने भनेर वर्जित गरिएकोबाहेक सबै खान मिल्न गरी गरिएको अभिप्राय हो ।

थाय्भूमा सजाउने बेला त्यसमा तीन प्रकारको सगुनको सामान राख्ने गरिएको छ। पहिलो सगुन हो अण्डा सगुन। त्यसमा अण्डा, बारा, मासु, माछा, रक्सी गरेर पाँच प्रकारको हुन्छ भने दोश्रो सगुनमा लाग्व (मासुको लड्डु) लापि (मासुको बारा) र जाँड राखिन्छ। त्यसपछि तेश्रो सगुनमा पञ्चपकवान र दूध अथवा दही राखिन्छ। यो तीन किसिमको सगुनको अर्थ पनि तीन प्रकारको शक्ति वृद्धि गर्ने उद्देश्य हो, सगुन भनेको तान्त्रिक विधिले जीवनमा शक्ति वृद्धि गर्ने एउटा विधि अनुसार नेवार संस्कृति परम्परादेखि चल्दै आइरहेको हो ।

पहिला अण्डासगुनको कुरा गरौं। अण्डा सगुन सेट भनेर पाँच प्रकारको राखिएको छ, त्यो पञ्चतत्त्वको प्रतीकको रूपमा राखिएको हो। त्यसरी नै प्राणीहरूको जीवन पनि पंचतत्वबाट नै बनेको भएकोले पंचतत्वको प्रतीक अण्डा सगुन लिने बेला बलि भोग लिने जस्तै भएकोले मानसिक शक्ति प्राप्त गरि आत्मा बलियो गर्ने भाव हो । आत्मा बलियो भयो भने जीवनमा जुनसुकै सङ्कट समस्या आए पनि निर्धक्क सङ्घर्ष गरेर ठुल्ठूलो गाह्रो काम पनि पूरा गर्न सकिन्छ। कहीँ-कहीँ अण्डा सगुनलाई वीरभोजन पनि भन्ने गरिन्छ । अण्डा सगुन लिने भनेको मान्छेहरूमा उत्साह साहस आदि आत्माबल वृद्धि गर्ने गुणहरू बढेर आउने धारणाबाट लिइएको छ । दशैंमा पाया: आउँदा यसरी नै वीरभोजन गरेर खड्गसिद्धि लिएरै आउने भनेर थाहा हुने मान्छेहरूले भनि राखेको छ। त्यसरी नै देवताहरूको नाचमा पनि देवता भएर नाच्नेहरू जीवको बलि लिएर वा पंचतत्वको प्रतीक अण्डा सगुन लिएर देवताको घरबाट निस्किन्छ। काठमाडौँको न्यतमरु अजिमा देवताको नाच निस्किदा भेडा (नेपा: फै) बलि लिएर मात्रै आउने सबैले देखिरहेकै हो । त्यसैले अण्डा सगुन लिनेको अभिप्राय मानसिक शक्ति वृद्धि गरि आत्मा शक्ति बलियो बनाउने हो ।

त्यसपछि मासुको लडडु (लाग्व:) मासुको बारा (लापि) र जाँड तीनवटा वस्तुको सगुनमा तीनवटा चीज भए पनि पञ्चतत्त्वको नै भाव रहेको छ। मासुको लडडु भनेको पृथ्वी तत्त्व र जाँड भनेको तेजतत्त्व भयो। अनि अर्को तीनवटा तत्व जल, आकाश, वायु तत्व मासुको बारामा पाइने भाव लिएको छ। मासुको बारा गोलो

सम्म फराकिलो बनाइ राखेको हुन्छ । त्यसैले गोलो आकाश तत्व भयो सम्म फराकिलो मिलेकोले पानीको सतह जहिले पनि सम्म मिल्ने भएकोले जलतत्व पनि भयो, अनि मासुको बारा भएकोले वायुतत्त्व पनि भयो । यसरी मासुको लड्डु, मासुको बारा र जाँड तीनवटामै पञ्चतत्त्व भाव लिएर थाय्भूमा राख्ने गरिएको हो । यसको सगुन लिनेबेला शारीरिक शक्ति वृद्धि गर्ने भाव लिएको छ । उधाहरणका लागि खेतमा काम गर्ने (किसान) ज्यापुहरूको छ्वय्ला बजि खाएर जाँड पिएर खेतको काम गर्दा उनिहरूको शरिर थाक्दैन र दिनभरि काम गर्न सक्छ । यसो हुनु भनेको जाँडको गुण हो ।

त्यसपछि पञ्चपक्वान्न र दूध अथवा दही लिएर सगुन लिनेको अर्थ बौद्धिक शक्ति बनाउने भाव हो । विभिन्न आकार आउने गरी बनाइराख्ने पञ्चपक्वान्नको पाँच प्रकारको रोटी पनि पञ्चतत्त्वको नै प्रतीक हो । यसको सगुन लिनाले केके काम गर्ने हो त्यसको लागि आवश्यक बुद्धि वृद्धि गरि सबै काम गर्न सकोस् भन्ने अर्थ यसमा लुकेको छ । यसरी थाय्भू खुवाउनुको अभिप्राय आफ्नै किसिमको रहेको हामीले बुझ्न सकिन्छ ।

थाय्भू खुवाउने बच्चापास्नी मात्र नभएर इहि (बेल बिवाह, सुर्वण कुमार बिवाह) गर्दा, बिवाह गर्दा, दुलहि अन्वाउँदा स्वयंवर (ह्वंकेवलय्) मा पनि चाहिन्छ। यसको अभिप्राय त्यसरी नै मानसिक, शारीरिक र बौद्धिक शक्ति बढाउन हो । बच्चापास्नी गरेको बालक पनि यसरी नै तीनवटै शक्ति जीवनमा प्राप्त गरी जस्तोसुकै परिस्थितिमा पनि पछाडि नफर्की काम सफल गर्न सकून् भनी शुभकामना लिएर जीवनयापन गर्ने अभिप्रायले थाय्भू खुवाउने विधि हो ।

अन्तिममा त्यहाँ स्थापना गरी पूजा गरि राखेको देवताहरूबाट आशीर्वाद थाप्न लगाई मानिसहरूले पनि लावाअबिरले छरेर पूजा गरि सकेपछि मामाले बच्चालाई बोकेर बाहिर लगी देवतालाई ढेकाइ घरमा ल्याइसकेपछि बच्चालाई फुकाउनुपर्ने सबै फुकेको बुझिन्छ । त्यसै बच्चा पास्नी संस्कारलाई नेवाः संस्कृतिको आँखाबाट ठूलो महत्त्व भएको महसुस गरी यो परम्परा चलिआइरहेको छ ।

# ८. चूडाकर्म संस्कार (बुसँखा संस्कार)

## (क) चूडाकर्म संस्कार (बुसँखा संस्कार) को महत्त्व

मान्छे भनेपछि सामाजिक प्राणी भएको कारण उनीहरू जुन समाजमा जन्मेर हुर्क्यो त्यही समाजको सदस्य भएर त्यहीको रीतिरिवाज र नियमलाई पालना गर्नुका साथै आफू हुर्केको समाजलाई देशमा जस्तो सुकै रूपमा लिइएको भए पनि समाज भित्रै बसेर जीवन यापन गर्न सन्तोष एवं गौरब मानेर बसेका हुन्छन् । हुन त आजकल मानिसहरू आफ्नो समाज नै छाडेर पनि आफ्नो नाख ठूलो गरेर बस्नेहरू नभएको त होइन, त्यसो भएपनि आफ्नो सारा नाताकुतुम्ब नै नचाहिने गरेर एकलै बसेर सन्तोष मानेर बस्ने मानिस धेरै कम देखिन्छ । साँचै भन्ने हो भने आफ्नो समाजमा जन्म भएर माया ममता र सहयोग गरेर हुर्कर त्यसलाई नै वास्ता नगरी व्यक्तिगत स्वार्थ सिद्ध गर्न का लागि नैतिकता नै नभएको काम गर्ने मान्छेको स्वभाव नै भएको बुझिन्छ । त्यसैले आ आफ्नो समाज आफैलाई प्यारो हुन्छ ।

नेवारहरूका बच्चाहरूले समाज भित्र सञ्चालन भइ रहेको रीतिरिवाजका नियमहरू पूर्णरूपमा थाहा पाउन कहिले देखि मानाउने कुरा जान्नु जरुरी छ । बालक भई रहुञ्जेल केही कुरा बार्नु परेन, केटा भए चूडाकर्म र केटी भए इहि कर्म गरेपछि मात्र बालकको अवस्था नभई युवाअवस्थाको रूपमा लिने समाजमा बार्नुपर्ने सबै कुरा बार्नुपर्ने हुन्छ । चूडाकर्म नगरे का केटा र इहिकर्म नगरे का केटीहरू समाजका नियमअनुसार केही शुद्धाशुद्धी नगरे पनि केही फरक पर्दैन तर चूडाकर्म र इहिकर्म सकेका बालकले भने सूतक तथा जुठो आशौच परेमा अनिवार्य बार्नुपर्ने नियम छ । त्यसैले केटाहरू चूडाकर्म र केटीहरू इहिकर्म गर्ने भनेको नै समाजमा सबै कामकाज रीतिथितिमा भित्र्याउने संस्कार हो ।

सबैभन्दा पहिला छोराहरूलाई गर्ने चूडाकर्मको बारे यहाँ चर्चा गरौं । पहिला पहिला नेवारहरूको सबैले चूडाकर्म गरि सकेर पाँच छ बर्ष पछि मात्र व्रतबन्ध संस्कार गर्ने गरिन्थ्यो । आजकल भने सजिलो गर्न धेरैले एकैपटक गर्ने चलन चल्दै आएको छ । अहिले भने कोही कोही मात्रै चूडाकर्म र व्रतबन्ध दुवै संस्कार गर्ने गरिन्छ, वज्राचार्य र शाक्यहरूको भने बरे छुइगु (चूडाकर्म) भनेर दुवै मिलाएर गर्ने थिति रहेको देखिन्छ । अभिप्रायको रूपमा हेर्ने हो भने यो दुवैको अर्थ छुट्टाछुट्टै भए पनि दुवैसंस्कार गरेपनि केही फरक नपर्ने भएकोले पनि यो संस्कार एकैपटक गर्ने गरेको र समयको माग भन्दै हामीले बुझ्नु परेको छ ।

चूडाकर्म भनेको छोरालाई समाजमा भित्र्याउनका लागि गर्ने संस्कार हो भने व्रतबन्ध भनेको मानिसहरूले शिक्षादिक्षा ज्ञानगुणका साथै उच्चशिक्षा हासिल गर्न धेरै कुरालाई नियन्त्रणमा राखेर अनुशासित भएर जाने बाटो देखाउनका लागि गर्ने संस्कार हो ।

चूडाकर्म संस्कार कस्तो अवस्थामा गर्ने भन्दाखेरी छोराहरूले कुरा गर्न जानेर यताउता जान थाल्छ त्यसपछि समाजको कुराहरू पनि थाहा पाउन थाल्छ र के, किन, कसरी भन्ने मनमा प्रश्न उब्जी रहेको साथै आफन्तहरू मामा फुपु दिदीबहिनी, दाजुभाइ सबैसँग  रहेको मायाममता सबै बुझेर समाजको महत्व रहेको पनि सम्झीने अवस्थामा बच्चालाई गरिन्छ । यसरी चूडाकर्म गरि सकेपछि समाजमा अझ बढी कुरा थाहा पाउनका लागि बाटो खुल्ला रहने हुन्छ । अनि यस्तो छोरालाई केही नजानेको अज्ञानी नभइ समाजको नियम पालना गर्ने एकजना सदस्य हुनेछ । यसरी चूडाकर्म गरिसकेका छोरा ठूलो मान्छे जस्तै आशौच जुठो, सूतक, जहाँत्यही छ्यसमिस नहुने गरी बार्नुपर्ने हुन्छ, आफ्नो घरमा आफू भन्दा ठूलो व्यक्तिलाई सम्मान गर्ने र सानोलाई माया गर्ने कुरा पनि जान्नुपर्ने हुन्छ साथै आफन्तहरूको महत्त्व पनि थाहा पाउनेछन्, अध्ययन पनि सुरु गर्न थालेर समाजमा गर्नु पर्ने सानोतिनो कामहरू थाहा पाउने छन् । यसो भयो भने समाजमा हुने समाजिक कार्यका लागि गरिने काममा भोकै बसेर गर्नु पर्ने आफ्नो दायित्व हो भन्ने मनन गरि काम गरि रहेको हुन्छ । त्यसैले बालकलाई सामाजिक प्राणि बनाउने महत्वपूर्ण कार्य हो यो चूडाकर्म संस्कार । यस्तो संस्कार समयमै नगरि जवान भइ सकेर पनि त्यसलाई बच्चै जस्तो गरेर राख्ने र जस्तो जे गरे नि हुने गरि राख्यो भने अनुशासनही बृद्धी हुदै मनपरि गर्ने, हुने नहुने भन्ने भावनापटकै नहुने कसैलाई नटेर्ने नराम्रोसँग बिग्रने सम्भावना बढी हुन सकिन्छ । त्यसै समयअनुसार गर्नु पर्ने संस्कारको कामकाज समयमै गरी त्यसमा लुकेको जीवनसँग सम्बन्धी दार्शनिक विचारलाई राम्रोसँग बेलैमा बुझाई काम गर्‍यो भने

बच्चा अनुशासित भएर राम्रो सँगत गरी राम्रो चरित्र निर्वान भई भविष्य राम्रो हुनेछ ।

## (ख) चूडाकर्म गर्ने विधि

चूडाकर्म गर्दा कलश, धौपति, आगम देवता र अरू आफूले पूजा गरि राखेको देबीदेबताहरूलाई पनि स्थापना गर्ने सिन्हःमू ज्वलान्हायुकँ द्वारपाल जस्तै राखेर पूजा जुनसुकै संस्कारमा पनि गर्नु पर्छ । फुपुलाई कपाल थाप्न दिन काँसको थाल, लुगा कपाल खौरिन नापितको छुरा (ख्वःचा) काँसको कचौरा कलशको संगै राखेर पूजा गर्ने भए पुरोहित नभए थकालिले नै क्रमिक रूपमा पुजा गर्ने फूल टीका जजंका (सानो जनाइ) धूप बत्ती बालेर रोटी फलफूल पनि चढाउने यति सकेपछि थकालि नकिंले चूडाकर्म गर्ने बालकलाई साँचो समाउन लगाइ लसकुस गरेर कलश स्थापना गरेर पूजा गरि राखेको ठाउँमा बस्न दिने त्यसपछि एउटा पालामा गोल बालेर रायसर्स्यू तीनपटक चूडाकर्म गर्ने बालकको शरीर घुमाएर गोल भएको पालामा राख्ने एकपटक चामल पानी गुमाएर राख्ने र बत्ती एउटा बालेर त्यही पालामा राखेर अगेना (पिखालखु)मा राख्न पठाउने ।

त्यसपछि बालकलाई कलशमा पूजा गर्न दिने र थकलीनकिं ले धौपति पूजा थालिमा राखेर बालकलाई ढोक्न लगाउने र थकालिनकिंले धौपतिको दही फूलले निकालेर पूजाथालीमा राख्ने चामल, टीका, दही, मुछेर बालकको हातमा तीनपटक दिने र तीनपटक नै कलशमा पूजा गर्न दिने र चारपटकमा माथि घरलाई पूजा गर्न दिने यति सकेपछि बालकलाई टीका लगाई दिने र फूल एउटा टाउकोमा राखिदिने, यति सकेपछि थकालिको काम आउछ । थकालिले बालकको अगाडी गएर भालिंचामा क्वचिकँ (चामलको धुलो र तेल मिसाएकोलाई भनिन्छ) पालामा राखेर दुबो एक मुठ्ठा धान अलिकति माटो अलिकति मासु एकटुक्रा पैसा राखेर बायाँ हातले समातेर दायाँ हातले दुबोको मुठ्ठा समातेर क्वचिकँ भएको पालामा दुबाएर बालकको टाउकोदेखि खुट्टासम्म र खुट्टादेखि टाउकोसम्म क्वचिकँ तीनपटक सम्म लगाइ दिने त्यस पछि धान अलिकति टाउकोमा राखिदिने त्यसपछि भालिंचा बालकको हातमा राखिदिने त्यसछि मामाको हातमा थकालिले पूजा गरेर लुँख्वःचा, वहःख्वःचा, लुँमुलु, वहःमुलु (सुनको छुरा चाँदीको छुरा सुनको सियो चाँदीको सियो) दिने, मामाले त्यो लिएर बालकको टाउकोमा टुप्पी राख्न कपाल काट्ने भाबले सुन र चाँदी को छुराले गर्ने र सुनको र चाँदीको सियोले टीका लिएर कानमा प्वाल पार्न चिह्न लगाइ दिने । यति काम सकेपछि थकालिले फुपुको हातमा पनि पूजा गरेर कपाल थाप्ने थाल र लुगा समेत दिने र त्यसरी नै नापितको हातमा पूजा

गरेर कपाल खौरीने छुरा राखि दिने त्यसपछि थकालिनकिंले लसकुस गरेर कपाल काट्ने नापितको अगाडि लाने ।

नापितले फुपुले थापि रहेको थालमा पर्ने गरि कपाल खौरेर कानमा प्वाल पारि दिने बालकले कल्यामरि (एकप्रकारको लड्डु) दुईवटा नापितलाई दिएर नुहाउन जाने नुहाउन सकेपछि फेरि नकिंले लसकुस गरेर कलश पूजा गरेको ठाउँमा नै ल्याई बस्न दिने । बालकको अगाडि गोल (कोइला) बालेर रायो-सर्स्यू (ईका प:का)को धूँवाले हम्कीने त्यसपछि कलशमा पूजा गरेर काम सकाउने अनि पहिला दही राखेर मुछिको टीका लगाई दिने फूल गाएर लुगा दिने त्यसपछि थकालिले टाउकोमा श्रीखण्ड दल्ने र कुम्हका (पहेँलो धागो तीन सुति भएको) ले तीनपटक बेरेर कलशको फूल एउटा टुपीमा राखिदिने । त्यसपछि बालकलाई लुगा लगाउन दिने लुगा लगाइ सकेछि थकालिले कलश भएको ठाउँमा पूजा गरेर दक्षिणा चढाउने दक्षिणा दिनु पर्ने सबैलाई दक्षिणा दिएर पूजा सकाउने अनि कलशको जल सबैलाई छर्कि दिने टीका लगाइ दिने आफूले पनि लगाउने फूल पनि लिने अरूलाई पनि दिने, थकालिनकिंले सिन्हःम्हू लिएर टीका लगाउने र लगाउन हुने सबैलाई टीका लगाउन दिने थकालिले ज्वलान्हायक्‌ँ लिएर त्यसमा अनुहार हेर्ने अरूलाई पनि हेर्न दिने यसरी पूजा सम्पन्न गर्ने अन्तिमा थकालि नकिंले पाथी वा मानामा फलफूल टुक्रा राखेर बालकलाई टाउकोमा तीनपटक खन्याउने र सबैले लावा-अभीरले चूडाकर्म गरेको बालकलाई पूजा गर्ने र बालकलाई घर बाहिर लगेर मन्दिरमाको देवता ढोकाएर घरमा ल्याउने यसरी चूडाकर्म सम्पन्न हुन्छ ।

## (ग) चूडाकर्म विधिको अभिप्राय

चूडाकर्म गर्ने विधिमा भनेर जति पनि काम गरि रहेको छ त्यसमा नेवा: संस्कृतिको दर्शन अनुसार अर्थहरू लुकेको छ, यस्तो सांस्कृतिक कामकुरोहरूलाई अन्धविश्वास भनेर नचाहिने झंझत संझनु हुदैन । प्रत्यक्षरूपमा फाइदा नहुने बित्तिकै काम नलाग्ने भन्न मिल्दैन । नेवा: संस्कृतिको कामहरूले समाज भित्र रहेका मानिसहरूले जीवन सरलरूपमा जिउन र साँचैकै नेवार बनाएर अगाडि बढाउने वातावरण बनाइरहेको देखिन्छ र यो कुरा नेवारहरूले बुझ्नु जरुरी छ र आजको आवश्यकता पनि हो ।

नेवारहरूको जुनसुकै कार्य गर्दा देवता पूजा गर्नु पर्छ त्यसैले चूडाकर्म पनि पहिला कलश स्थापना गरेर आफूले पूजा गरि रहेका आगम देवता र अरू अरू देवतालाई कलशको संगसंगै राखेर पूजा गर्ने विधि रहेको छ । नेवार संस्कृतिको दर्शनअनुसार

आफूले पूजा गरि राखेका देवतालाई आफ्नै परिवारको सदस्यको रूपमा लिइने सिद्धान्त भएकोले चूडाकर्म गर्दा देवता पनि सहभागि गराइ राखेको हो । त्यसैले चूडाकर्म गर्न लागेको बालकलाई चूडाकर्म (संस्कार) गर्दा देवता नै सदस्य भएको समाजमा भित्र्याउने त्यसको उद्देश्य हो । त्यसो भएकोले देवताको प्रतीक गरेर आगंसँ (टुपी) भनेर नामकरण गरेर बालकको टाउकोको बीचमा एकमुठ्ठी केश राखेर त्यसलाई नै प्रतिष्ठा गर्ने संस्कार नै प्रमुख विधि रह्यो । यो संस्कार गरि सकेको बालकले दैनिक मुख धुँदा टुपी पनि भिजाउनुपर्ने नियम रहेको छ ।

यसको अभिप्राय भनेको टुपी साधारण कपाल नभर (द्यःसँ) कपाल नै देवता मानिएको हो ।

योभन्दा पहिला थकालिले बालकलाई भालिंचाको जुन विधि रहेको छ । त्यसको अर्थ हो बालकलाई शुद्धिकरण गरेको । दुबो मुठ्ठा (क्वं चिकं) चामलको धूलो र तेल ले टाउको देखि खुट्टा सम्म र खुट्टादेखि टाउको सम्म गर्ने भनेकै शुद्धीकरण हुने हो । किन भने यो चामलको धूलो र तेल ले दलेर शरिर शुद्ध गर्ने चलन धेरै ठाउँमा रहेको छ । देवताको नाचका कलाकारहरूले देवता आफ्नो शरीरभित्र प्रवेश गराउन अघि क्वचिकं हातमा राखेर मुखमा हातमा दल्न लगाउँछन् । त्यसरी नै केही कुरामा शुद्ध गर्नुपरे नुहाउने क्वचिकं दल्ने चलन ठाउँ ठाउँमा रहेको हेर्न सकिन्छ । पहिलापहिला महिलाहरूले बिहान मुख धुनुभन्दा पहिला मुखमा हातमा क्वचिकं दल्ने चलन थियो । यस्तो चलन कहींकहीं यस्तो चलन बाँकी रहेको छ, चालीसपचास वर्षअघि मात्र पनि यस्तो चलन रहेको हामीलाई थाहा छ । पहिला पहिला साबुनले मुख धुन हुँदैन भन्ने हामीले सुनिराखेका छौं । त्यो बेला क्वंचिकं लगाउने चलन धेरैको रहेको भन्ने हामीले सुनिराखेका छौं, आजकल धेरै किसिमको बैज्ञानिक प्रविधिले बनाएको साबुनहरू बजारमा पाइने भएकोले त्यस्तै साबुनले मुख धुने चलन चलेको छ ।

## (घ) (पाजु) मामाको भूमिका

चूडाकर्म गर्ने विधिमा बालकको मामाले पनि धेरै काम गर्नुपर्ने रित रहेको छ । मामाले सुनको छुरा चाँदीको छुरा ले बालकको टाउकोमा रहेको टुपी बाँकी राखि अरू कपाल काट्ने भाव गर्ने र सुनको सियो र चाँदीको सियोले कान प्वाल पार्ने चिह्न लगाई साह्रै नै महत्वले भरिएको अर्थ रहेको छ ।

मानिस भनेको जन्मे देखि बिहे गर्न नसकेसम्म त्यसको जीवनको हरेक कार्यमा मामाहरूको ठूलो सहयोग रहेको नेवार समाजमा सांस्कृतिक रित नै हो । बच्चा

जन्मिन्छ, बच्चालाई चाहिने वछ्यान, (मचाकथि) बच्चालाई घाम छेक्नलाई प्रोयोग गर्ने लट्ठीलाई भनिन्छ, तोरिको तकिया, गाँजलको बट्टा त्यसरी नै बच्चाको लागि पेटिभोटोदेखि बच्चालाई आवश्यक पर्ने सबै सामान मामाघरबाट नै पठाउने गरिन्छ । बच्चा जन्मेर दुई हप्ता जति भइ सकेपछि मामाघरमा लगेर आमालाई समेत तीन, चार महिना पाल्न लगिन्छ । त्यति खेर बच्चालाई जति सकिन्छ त्यति हेरचाह गरेर हुर्काउने काम गर्छ । विस्तारै बच्चा हुर्कन थाल्छ साथै आमा पनि बलियो हुदै आउछ । बच्चालाई पनि भान्जा भनेर मामाहरूले एकशब्द पनि गाली नगरीकन धेरै माया गरेर सक्दो सहयोग गरिरहेको हुन्छ, भान्जालाई आफू भन्दा उमेरले सानो भएपनि खुट्टाले हान्ला गाग्ला यस्तो गर्न हुदैन भनेर देवतासमान गरेर मानेर राखेको हुन्छ । केही भएर अन्जानमा होस अनायास खुट्टाले छोए मात्र पनि हातले छोएर भए पनि ढोग्ने चलन छ र आफूले गल्ती गरेको महसुस गरिन्छ ।

त्यस्तै बच्चापास्नी, चूडाकर्म, व्रतबन्ध, आदि कामहरूमा पनि मामाहरू नै अगाडि बसेर सबै काम सकाउने गरिन्छ । केटीहरू भए (इहि) बेल बिवाह, (गुफा) बाह्रा राख्ने र बिवाह गर्दा (दिएर पठाउँदा) मामाघरबाट सगुनको समान (कु) पठाउने (बाह्रं छुयेग) गुफा राख्दा र बेलबिवाह गर्दा दिने लुगा दिनेकाम गरिराखेको हुन्छ । छोरीबेटी दिएर पठाउने बेला पनि दुलहीलाई मामाले बोकेर डोली वा मोटर घुमाएर भित्र राखिन्छ ।

यसरी मामाहरूले आफ्नो दिदीबहिनीको संतानलाई (भिंम्ह मचा) (भिन्च, भिनामचा) असल बच्चा भनेर साह्रै नै माया गरि रहेको हुन्छ । आफ्नो घरमा केही काम भयो भने टीका लगाएर दक्षिणा दिई सम्मान गरी राखेको छ, कहिले बुबाकोमा त कहिले मामाघरमा बसेर रमाइलो गरिरहेको हुन्छ । यो नेवार दर्शन अनुसार सामाजिक जीवनलाई व्याप्त गर्न लाई सहयोग हुने परम्परा हो । त्यसैले यो चूडाकर्म संस्कारको विधि मा मामाको महत्त्वले भरिएको भूमिका रहन्छ ।

## (ङ) (निनि) फुपूको भूमिका

चूडाकर्म विधिमा मामा जस्तो भूमिका रहेकोजस्तै फुपूको पनि काम छ । फुपूले बालकको केस (कपाल) थाप्ने भनेर बालकको टाउकोमा रहेको कपाल खौरिँदा फुपूले थाल समातेर कपाल थापेर कपाल खोलामा बगाउन (फाल्न) लाने काम गरिन्छ ।

नेवार समाजमा सामाजिक नाताअनुसार आफ्नो दाजु भाइको छोराछोरीलाई भान्जा (भिन्चा) नै भन्ने गरिएको छ । त्यसैले मामाले जसरी भान्जालाई धेरै माया

गरेर हुर्काउने गरिन्छ त्यसरी नै फुपूले पनि त्यतिकै माया गरि रहेको हुन्छ र जुनसकै कामकुरो पनि फुपूहरू अगाडि बसेर सहयोग गरि रहने संस्कृति नै रह्यो। बच्चा जन्मेर छ दिनको दिनमा बत्ती बाल्न आउने त्यसपछि केटा भए चूडाकर्म गर्दा कपाल थाप्ने र व्रतबन्धमा नङ्ग थाप्ने काम फुपूले नै गर्ने गरिन्छ । छोरी भदा भए इहि कर्म गर्दा नङ्ग थाप्ने काम फुपूले नै गर्नु पर्ने विधि छ। त्यसैले भान्जाहरूको पहिलोपटक खौरिने कपाल र नङ्ग लाई जथाभाबी ठाउँमा नफाली खोलामा बगाउने र भदालाई राम्रो होस् भन्ने कामना गरेर फुपूले यो काम पूरा गरिन्छ । आमाको कोखबाट जन्मिदा नै हुने कपाल भएकोले (बु भनेको जन्म र सँ भनेको कपाल त्यसैले बुसँ भनिएको) त्यसै झ्यालबाट अथवा जहाँ पायो त्यही काम नलाग्ने वस्तु फाले जस्तै नफाली विधि पुर्बक खौरिएको कपाल लाई खोलामा बगाउने वा सेलाउने गरिएको हो । यसरी नै फुपूलाई पनि काममा सहभागी गराइ मामा र फुपूहरूसँग राम्रो सम्बन्ध राखेर सामाजिक जीवनलाई संकुचित नबनाइ झन फराकिलो बनाएर लाने अभिप्राय रहेको देखिन्छ ।

चूडाकर्म कार्य सकेपछि त्यहाँ पूजा गरि राखेको सबै देबिदेबताबाट आशिीर्वाद दिने हिसाबले देवताको जल टीका फूल बालक र अरू सबैलाई दिने गरिन्छ। साथै सबै मानिसहरूले पनि लावा-अभीर छरेर बालकलाई शुभकामना दिइन्छ । त्यो बेला शुभकामना यस्तो हुन्छ कि चूडाकर्म गरेको बालक नेवाः समाजको सदस्य भएर समाजमा चलिआएको नियम पालना गर्न सकोस्, साथै नेवाः संस्कृतिलाई अँगालेर त्यसमा रहेको विचारसँगै भविष्यमा देवता जस्तै राम्रो मानिस बन्न सकोस भनेर आर्शिबाद दिइन्छ ।

हामीले यसरी प्राचीन परम्परादेखि गर्दै आएको चूडाकर्म जस्तो महत्त्वले भरिपूर्ण संस्कारको कामलाई यसको अभिप्रायलाई बुझी गर्दै जानु पर्छ। यसले गर्दा नेवार बालकहरू पछिसम्म पनि नेवार नै भएर आफ्नो अस्तित्व बचाएर जीवन यापन गरिरहन सकिन्छ ।

हामीले यसरी प्राचीन परम्परादेखि गर्दै आएको चूडाकर्म जस्तो महत्वले भरिपूर्ण संस्कारको कामलाई यसको अभिप्रायलाई बुझि गर्दै जानु पर्छ। यसले गर्दा नेवार बालकहरु पछि सम्म पनि नेवार नै भएर आफ्नो अस्तित्व बचाएर जीवन यापन गरि रहन सकिन्छ।

# ५. व्रतबन्ध (कय्तापूजा) संस्कार

## (क) व्रतबन्ध संस्कारको महत्त्व

जीवनमा जान्नेबुझ्ने अध्ययन गरी विद्वान् व्यक्ति बन्ने ठूलो कुरा छ । केही नजान्ने केही थाहा नभएको मूर्ख अज्ञानी भएर बाच्ने त परिवार र समाजको पनि बोझजस्तो हुन सक्छ, यस्ताहरूको जीवन व्यर्थ भएको होला भनि डराइ रहन्छ । त्यसैले आफ्नो बच्चाहरूलाई सानैदेखि अक्षर पढाइ बिद्धान् बनाइ सैबजनाले कस्तो राम्रो मान्छे भन्न दिने सबैको इच्छा भइरहन्छ । यस्ता महत्त्वपूर्ण कुरा नेवार संस्कृतिमा बच्चाहरूलाई हुर्काएर सँगसँगै अक्षर पढाए एकजना प्रबुद्ध विद्वान् बनाउने संस्कृति नेवार संस्कारमै व्यवस्था गरिराखेको छ, यो भनेको नेवार संस्कृतिको विशेषता नै भन्नुपर्छ ।

बच्चाहरूले कुरा गर्न जानि सकेपछि परिवारमा भएका सबैजना नाता अनुसार चिनाएर परिवार भनेको केहो भन्ने बुझ्ने अवस्थामा भइ सकेपछि चूडाकर्म संस्कार गरेर समाजको नियमहरू पालना गर्न सिकाउँछ यसपछि अक्षर पढेर बिबिध बिषयमा ज्ञान हासिल गर्न लगाएर अझ उच्च शिक्षा हासिल गर्न कुनै एक विषयमा विशेषज्ञ हुन सक्ने लाई आवश्यक ज्ञान दिनका लागि व्रतबन्ध संस्कार गर्ने संस्कार गर्ने चलन संस्कृतिको रूपमा चलाइ राखेको हो ।

पहिला-पहिला त संसारमा बसेर मनलाई बाँधेर अध्ययन गर्न गाह्रो हुन्छ भनेर पहिला नै विचार गरेर छोरा मान्छेलाई व्रतबन्ध गरेपछि जंगल पठाएर गुरुकुलमा पढ्न दिने कुरा पुराणमा उल्लेख गरिएको छ । त्यसैले नेवारहरूले त्यसरी बनमा जान नपर्ने गरी आफ्नो समाज नै नियन्त्रकको रूपमा राख्ने हिसाबले व्रतबन्ध गर्ने बेला नाता पर्ने मानिसहरू बोलाएर उनिहरूको अगाडि थकालिले (कय्ता) लगौठी बाँधेर बालकलाई सबैले नराम्रो बाटोमा नजाओस् भन्ने हेतुले एउटा समारोह नै गरी व्रतबन्ध गर्ने संस्कारको विधि नै भएको संस्कृति रहेको हो ।

त्यसैले व्रतबन्ध संस्कारको ठूलो महत्व छ । यसको महत्व थाहा नभएका नबुझेकाहरूले भन्न सक्छ कि, लगौठी एउटा बाध्ने सानो काममा पनि बहाना बनाएर धेरै मानिसहरू बोलाएर ठूलो तरिकाले भोजभतेर गरेर नचाहिने काम झञ्झटिलो काम गर्ने परम्परा चलाइराख्यो, यसमा बुझ्नु पर्ने के छ भने आफ्नतहरूले व्रतबन्धको भोज खाएर शुभकामना दिएर जादैमा उनीहरूको काम सकिँदैन, उनिहरूले व्रतबन्ध गरेको बालकले के कस्तो गरि रहेको छ सधै निगरानी गरि रहनु पर्छ । समाजमा बसेर समाज भित्र आफूले सक्दो किसिमले सहयोग गर्ने भावना सबैसँगरहिरह्यो भने मात्र समाज राम्रो भइ रहन्छ । यहि कुरा प्रस्तुत गर्ने हेतुले व्रतबन्धको विधि सकाएर व्रतबन्ध गरेको बालकलाई बाहिर लांदा आफन्तहरू सबै बाटो हेर्न जाने भनेर कता कता जानुपर्ने हो त्यहाँ त्यहाँ गएर फेरि घरमै सँगै फर्कने चलन छ । यसको अर्थ व्रतबन्ध गरेको बालकलाई सधैँ राम्रो बाटोमा लागोस् उसको चालचलन राम्रो होस् भनेर सधै निगरानी गरी राम्रोबाटो देखाउन सहयोग गर्ने हेतुले गरिराखेको हो । त्यसै व्रतबन्ध संस्कार सामाजिक दृष्टिकोणले र जीवनलाई राम्रो गर्न दार्शनिक दृष्टिकोणबाट धेरै राम्रो र महत्त्वपूर्ण संस्कृति हो । समाजमा पहिलादेखि नै चलि आएको चलन भनेर अर्थ नबुझेपनि करकापले भएपनि औपचारिकता मात्र पूरा गर्न यस्तो काम गर्नु भन्दा यसको अभिप्राय बुझेर गऱ्यो भने त्यसबाट उपलब्धि पनि अवश्य हुनेछ ।

## (ख) व्रतबन्धको विधि

व्रतबन्ध गर्दा पनि अरू संस्कारको काम गर्दा जस्तै कलश स्थापना गरेर दायाँ-बायाँ गणेश, आगम देवता, क्षेत्रपाल अरू आफूले पुजिरहेका देवतालाई प्रतीक गरेर पात टुका-टुक्रा गरेर त्यसमा अक्षता वा च्यूरा राख्ने त्यसपछि फुपूले नङ्ग थाप्ने थाल, नापितले नङ्ग काट्ने छुरी (छलंचा) काँसको सानो कचौरा पनि कलशसँगै राख्ने ।

साथै सात टुक्रा गाँसेको लगौठीसँगै राखेर द्वारपाल जस्तै सिन्हःमू ज्वलान्हायकँ राखेर सुकुन्दा बालेर पुरोहित अथवा थकालिले क्रमिकरूपमा पूजा गरेर धूप-बत्ती पनि बाल्ने र फलफूल रोटी पनि चढाउने यसरी पूजा सकाउने ।

कति मान्छेहरूको त होम गरेर पनि व्रतबन्ध गर्नेहरू छन् । यसरी होम गरेर गर्नुपर्नेहरूको सबै काम पुरोहितले नै गर्ने भयो र पुरोहितको आवश्यकता हुने भयो । खाली कलशमात्र पूजा गरेर काम सकाउने भए थकालिले नै पूजा गरेर सकाउन पनि मिल्छ । वास्तावमा होम गरेर व्रतबन्ध गरे पनि कलश पूजा गरेर गरे पनि देवताहरू स्थापना गर्ने त्यसरी नै हो ।

कलश र त्यहाँ स्थापना गरेका देवता पूजा गरिसकेपछि नकिंले व्रतबन्ध गर्ने बालकलाई साँचो समाउन लगाई पानीको धारा बगाएर कलश पूजा गरेको स्थानमा बसाल्न ल्याउने, अनि पालामा आगो राखेर रायो-सर्स्यूको धुँवाले हम्केर बत्ती एउटा बालेर पाला राखेपछि अगेनामा राख्न पठाइसकेपछि बालकलाई कलश सँगै राखेका सबै देवतालाई पूजा गर्न दिइसकेपछि नकिंले पूजा थालिमा धौपत्ति राखेर त्यसको दही-चामल मुछेर तीनपटक कलश र अरू देवतालाई पूजा गर्न दिइसकेपछि एकपटक माथि दलिनमा घरलाई पूजा गर्न दिने र यति सकेपछि थकालिले (भालिंचा) चोयाको सानो नाङ्लो जस्तो समातेर त्यसमा (क्वचिकं) चामलको पिठो र तेल, मासु एक टुक्का साथै धान दुई-चार गेरा र पैसा एवं दुबो एक मुठ्ठा राख्ने र दुबोको मुठ्ठा (क्वाः चिकं) तेलमा डुबाएर बालकको टाउको हात-खुट्टा र खुट्टा-हात, अनि टाउकोमा छुवाएर तीनपटक गर्ने, यति सकेपछि धान बालकको टाउकोमा राख्ने र भालिंचा हातमा दिने, यसपछि फुपुको हातमा चामल, फुल, टीका दिए फुपूलाई दिने लुगा, काँसको थालमा पूजा गर्न दिने फुपूलाई दिने, त्यसरी नै नापितलाई पनि पूजा गरिराखेको छुरा एवं काँसको कचौरा पनि दिने, यति सकेर नकिंले बालकलाई साँचो समाउन लगाई पानीको धारो बगाएर नापितको अगाडि बस्न दिने, नापितले नङ्ग काटेर फुपुले थालमा थाप्ने, यति सकेपछि बालकलाई पिना (खौ) (तोरीबाट तेल निकाली सकेकोलाई पिना भनिन्छ) ले नुहाउन दिने त्यसपछि पहिला जस्तै लसकुस गरेर पूजा गरेको स्थानमा राख्न लाने र पहिला जस्तै दही मुछेको चामलले कलश, देवतालाई पूजा गर्न दिने र बालकलाई टीका लगाई फुल पनि टाउकोमा राखिदिने । त्यहाँ पूजा गरिराखेको लगौठी थकालिले लिएर बालकको दायाँतिर गाँठो पर्ने गरी लगौठी बाँधिदिन्छ । अनि गाँठोमा पानीले छर्केर फूल-टीकाले पूजा गरेर लगौठीको टुप्पो पछाडि घुसाई दिन्छ । त्यसपछि नकिंले बालकलाई लुगा दिएर लुगा लगाउन दिन्छ र थकालिले लौरा, मृगचर्म (मृगको छाला) धनुषवाण दिन्छ । यति काम सकेपछि थकालिदेखि सबैले भिक्षा दिने भनेर चामल, फलफूल, पैसा हातमा राखिदिन्छ । यति सकेपछि थकालिले कलश र सँगै देवताहरूलाई पूजा गरी दक्षिणा चढाई दक्षिणा दिनुपर्ने सबैलाई टीका लगाई दक्षिणा दिन्छ र पूजा सकाइन्छ । कलशको जल, फूल, प्रसाद दिइसकेपछि नकिंले सिन्हःमूको टीका लगाएर, लगाउन हुने सबैलाई लगाउन दिन्छ र थकालिले पनि ज्वलान्हायकँ हेरेर अरूलाई पनि देखाउँछ । यति सकेपछि नकिंले फलफूल टुक्रा पाथीमा राखेर बालकलाई तीनपटक खन्याइदिन्छ र बत्ती एउटा पनि बालिदिन्छ । यसरी सबै काम सकाइन्छ ।

अन्तिममा बालक, अध्ययनका लागि आमासँग बिदा लिने हेतुले आमाको खुट्टा ढोग्न दिई घरबाट बाहिर लान्छ, गणेश मन्दिर पुगेपछि सातवटा पानको पत्ता,

सातवटा ल्वाङ्ग, सातवटा सिङ्गो सुपारी र सातवटा पैसा राखेर प्रत्येक पत्तामा सबै यो सामान राखिसकेपछि त्यो पातमा बालकलाई सात पाइला टेक्न लगाई मामाले बालकको हात समाई घरमा फिर्ता ल्याउँछ । घर फर्किंदा बाटोमा भएका सबै देवतालाई, लावा-अभीर र पैसा राखेर पूजा गर्दै फर्किन्छ । यसरी फर्किंदा घरभित्र पस्न लाग्दा घरमा भएका महिलाहरूले घरबाट लावा-अभीरले पूजा गरेर घरभित्र भित्र्याउँछ । यसरी व्रतबन्धको विधि सकिन्छ ।

## (ग) व्रतबन्ध विधिको अभिप्राय

व्रतबन्ध गर्दा के-के विधि गरि राखेको छ त्यसमा बालकको जीवन राम्रो गर्न ठूलो दार्शनिक अभिप्राय लुकि राखेको छ । विधि गर्दा आफूले पूजा गरि राखेको देबिदेवताहरूलाई स्थापना गरि पूजा गर्ने अभिप्राय अनुसार नेवारहरूको आफ्नो छुट्टै किसिमको प्रस्तुति देखिन्छ ।

देवता पुज्नेमा हाम्रो दुई प्रकारको देख्न पाइन्छ । एउटा विचार अनुसार देवता भनेको सर्वशक्तिमान मानिस भन्दा धेरै माथि जे पनि गर्न सक्ने भनि रहेको छ । मानिसलाई सुख दिने पनि देवता नै हो, दुःख दिने पनि देवता नै । यो विचारअनुसार सेवा भक्ति गऱ्यो भने देवता खुसी भएर भक्ति गर्ने व्यक्तिलाई इच्छा पूरा गरिदिने भावना उत्पन्न भएर आउँछ आफूले प्रयास गरे अनुसार आफूले चाहेको बनाउन सक्ने भनेर विचार नगरी देवतालाई खुसी गर्न देवताको नै सेवा भक्ति गरेर जीवन बिताउन खोज्छ । यस्तो विचारले नै मानिसलाई अन्धविश्वासी बनाइदिन सकिन्छ ।

अर्को विचार अनुसार भने देवता भनेकै हामी जस्तै हो । हाम्रो परिवार जस्तै हो, त्यसैले जुनसुकै काम गर्दा पनि हामीले पुज्ने देबिदेवताहरूलाई अगाडि स्थापना गरेर पूजा गर्ने गरिराखेको हो । केही खानेकुरा खान लागेपनि देवतालाई चढाएर मात्रै खाने चलन चलि राखेको छ । यसरी देवतालाई आफू सरह परिवारको रूपमा सम्मान दिने विचारले कस्तो धारणा उत्पन्न गर्छ भने हामीलाई चाहिने कुनै कुरा देवताले दिने होइन आफूले नै मेहिनत गरेर बनाउनु पर्छ, कस्तो भने हाम्रो परिवारमा जेष्ठहरूले सानोलाई सहयोग गर्ने र सधैं राम्रो होस् भनेर आर्शिबाद दिइ रहको हुन्छ । त्यसरी नै हामीले सधैँ पुजिरहेको देवीदेवता हरूले पनि हामीलाई आत्मशक्ति बलियो गर्न अदृष्य रूपमा सहयोग गरिरहेको हुन्छ । यो विचारले देवताकै भरमा मात्रै बस्ने प्रबृत्तिलाई खत्तम गरि आफ्नो आत्माशक्तिलाई बलियो बनाई काम गर्दै जाने विश्वास वृद्वि हुन्छ । नेवारहरूले देवता मान्ने कुरामा यस्तै कुरा समेतियको छ ।

नेवार संस्कृतिको दर्शनअनुसार मान्छे नै देवता हुने र त्यस्ता देवताहरूका मान्छेको परिवारमा सदस्य भएर बसि रहने सिद्धान्त भएकोले व्रतबन्ध संस्कार गर्दा खेरि पनि परिवारको सदस्य मानी आएका आगम देवता घरको देवता, क्षेत्रपाल देवता जस्ता देवताहरू लाई अगाडि राखेर सम्मान गर्ने हेतुले पूजा गर्ने हो, त्यसपछि व्रतबन्ध संस्कार सकेपछि त्यहाँ पूजा गरि राखेका सबै देबिदेवताहरूले आशिर्बाद दिन लगाएर समाजका आफन्तहरूले पनि लावा-अभीर छरेर आशिर्बाद दिएर बच्चालाई अध्ययन गर्न पठाउन ब्यबस्थापन गर्ने हो । यो संगसंगै बच्चाले अध्ययनको क्रममा नराम्रो बाटोमा लाग्ला भनेर रेखदेख गर्ने अभिभारा पनि समाजका आफन्तले सहयोग गरि रहेको हुन्छ यसको तात्पर्य भनेको बच्चालाई कपडा सगुनको रूपमा दिएर पाइलै पच्छे सफलताको शुभकामना दिने हो । व्रतबन्धमा देवता स्थापना गरेर पूजा गर्नुको अभिप्राय यहि नै हो ।

देवता पूजा गर्न सकेर बच्चालाई थकालि नकिंले लसकुस गरेर इकाः-पःका (रायो-सर्स्यू) को धूँवाले हम्केर फेरि थकालिले भालिंचा (नाङ्गलोजस्तो सानो सिन्काले बनाएको) समातेर दुबोको मुट्ठा समातेर क्वं चिकं (चामलको पिठो र तेल मिसाएर राखेको) लिएर टाउको, हात र खुट्टा गरेर माथी बाट तल र तलबाट माथी गर्नुको अर्थ बच्चालाई शुद्धीकरण गर्ने चूडाकर्ममा जस्तै नै हो । संगै फुपुले नङ्ग थाप्ने र नापितले नङ्ग काट्ने को अभिप्राय अबदेखि जुनसुकै काम गर्दा शुद्धाशुद्धी गर्नु पर्‍यो भनेको र नङ्ग काटेर नुहाउनु पर्छ भनेको हो ।

यसपछि थकालिले लगौठी (कय्ता) लगाई गाँठोमा पूजा गर्नुको अर्थ ब्रम्हचर्य पालन गरी कामसुखभोगतिर आकर्षित भइरहेको मनलाई सयमित यमित बनाई आफूलाई चाहिने अध्ययन गर्न मै एकचित्त भएर बस्नु भन्ने शिक्षा दिने हो । त्यसपछि सात टुक्रा कपडा गाँसेर बनाइएको लगौटीको अर्थ सात दिन, सात रात सुत्न नपाए पनि, खान नपाए पनि अनुशासित भएर नराम्रो बाटोमा नलागि अध्ययनमै लागि रहने ज्ञान दिने हो । त्यसरी नै गणेश मन्दिरको अगाडि सात पाइला हिँडाउने पनि थाहा पाउनुपर्ने र एकदम व्यावरिक ज्ञान लुकिरहेको छ । सज्जन व्यक्तिहरूसँग सात पाइला संसंगै हिड्यो भने भित्रता हुन्छ भनिराखेको छ, त्यसैले संस्कृत भाषामा मित्रता लाई (सप्तपदीन) भन्ने गरेको छ । त्यसै अध्ययन गर्ने क्रममा कोहीसँग झगडा नगरी सबैसँगनम्र व्यवहार गरेर मन मिल्ने साथी बनाएर अध्ययन गर्न सकून् सफल होस ।

यस्तो रहस्यले भरिपूर्ण व्रतबन्ध (कय्तापूजा) संस्कार नेवारहरूले संस्कृतिको रूपमा गर्ने परम्परा चलाउदै आएको हो । यस्तो संस्कार यसको अभिप्राय बुझेर

आफ्नो सन्तानलाई समयमै पूरा गर्ने भएकोले सन्तानहरू नराम्रो बाटोमा लाग्ने अनुशासनहीन भएर कहिल्यै बिग्रन सकिदैन । आज नेवार भन्नासाथ इमान्दार र अपराध भनेकै नगर्ने भनेर देशमा पहिचान बनाएर बसेको छ । यो सबै नेवारहरूले अंगालेर राखेको संस्कारको परिणाम हो । त्यसैले नेवारहरूले आफ्नो सन्तानहरूलाई सच्चरित्रको नेवार बनाउन काममा नेवाः दर्शनको सिद्धान्तअनुसार नै संस्कारहरू गर्दै जानुपर्छ । पाश्चात्य संस्कृतिको हावामा लागेर मनपरि गर्ने कामलाई रोक्नैपर्छ ।

# ६. बेल बिवाह, सुवर्ण कुमार बिवाह (इहि) संस्कार

## (क) बेल बिवाह संस्कारको महत्त्व

मानिसहरूको आ-आफ्नो समाज नै ठूलो हुन्छ, त्यसैले आफ्नो सन्तानहरूलाई जन्मेदेखि साह्रै माया ममता गरेर हुर्काएको जवान भए पछि आफ्नो समाजको एकजना कुशल सामाजिक व्यक्ति बनाउने इच्छा सबै हुन्छ । त्यसको कारण समाजमा परम्परादेखि चल्दै आएको रीतिरिवाज र संस्कारको कर्महरूलाई पूरा गरेर कामकाज गर्दै आइरहेको छ ।

यो नेपाल देशमा बसोबास गर्ने नेवारहरूको आफ्नै प्रकारको विशेष प्रकारको दार्शनिक सिद्धान्त रहेको समाजिक रीतिरिवाज छ, जुन रीतिथितिलाई संस्कृतिको रूपमा मनाउदै नेवारहरू साँचैकै नेवार भएर बसेका छन् । नेवारहरूको छोरीहरूलाई इहि गर्ने संस्कार पनि आफ्नै प्रकारको सांस्कृतिक कार्य हो । इहि संस्कार भएका छोरीलाई मात्र समाजको कामकाजमा भित्र्याउने र इहि नसकेका छोरीलाई समाजमा भित्रिएको नै मान्दैन । इहि संस्कार सकेका छोरीहरूलाई मात्र समाजको कामकाजमा समाबेस गर्ने र इहि नगरेकाहरूलाई समाजमा भित्रिएको मानिदैन । त्यसैले इहि नगरेसम्म केटीहरूले समाजको केही पनि नियम पालना नगर्दा पनि हुने, जुठो (चिप निप) पनि नरहने गरिराखेको हुन्छ, छोरी गुफा राख्द बार्ने (जय्बिलि) र परिवारमा कोही मृत्यु हुँदा बार्नु नपर्ने चलन छ । त्यसैले छोरीहरू अलि बालापन हराउदै गएको जस्तो भयो भने इहि गर्ने विचार गरि सकेको हुन्छ, सके आफ्नो घरमा नै, सकेन भने कतै सामुहिक इहि गर्ने आयोजना गरेको ठाउँमा लगेर इहि गर्ने गरिन्छ । त्यसपछि इहि सकेपछि केटीहरू सामाजिक मानिस भएर समाजको सदस्यको रूपमा गनिन्छ । साथै उनिहरूले समाजको हरेक नियम सबै पालना गर्नुपर्ने हुन्छ ।

इहि गर्दा बालिकाको टाउकोमा सिन्दूर लगाइ दिन्छ (सिन्दूरारोहण) र कन्यादान गर्ने विधि भएकोले धेरैले इहि संस्कारलाई बिवाह गर्ने भन्ने गरिएको छ ।

मानिसहरूले बिवाहलाई इहिपाः भन्ने गरिएकोले पनि इहि भने नै बिवाह हो कि जस्तो दखिन्छ । वास्तवमा नेवार संस्कृतिका आँखाले राम्रोसँगविचार गरेर हेऱ्यो भने इहि भनेको बिवाह हुदै होइन भनेर यकिनका साथ भन्न सकिन्छ ।

सबैभन्दा पहिला त नेवारहरूको संस्कृतिमा छोरीहरूलाई सिउँदोमा रातो गरेर सिन्दूर लगाइ दिदैमा बिवाह गरेको हुदैन । भारतमा बस्ने मधेसीहरूको बिवाह गर्दा लोग्ने हुनेले स्वास्नी हुनेलाई सिउँदोमा सिन्दूर लगाइ दिने चलन भएकोले सिउँदोमा सिन्दूर राखिदियो भने बिवाहको विधि जस्तै देखिएको हो । नेवारहरूको केटीहरूलाई इहि बेला सिउँदोमा सिन्दूर थाकालिनकिंले लगाइ दिने हो मधेसीहरूको जस्तै लोग्ने हुनेले लगाइदिने होइन । यहाँ यसरी सिन्दूर लगाइ दिनेको अर्थ समाजमा भित्र्याउनका लागि एउटा सानो विधि हो । जस्तो कि छोराहरूलाई चूडाकर्म गर्दा टाउकोमा टुप्पी राखेर समाजमा भित्र्याउनका लागि चिह्न राख्ने हो । त्यसरी नै छोरीहरूलाई समाजमा भित्र्याउन सिउँदोमा रातो सिन्दूर राख्ने हो । त्यस कारण पछि छोरी तरुनी भएपछि कोसँग बिवाह हुने बेला पहिला थकालिनकिंले सिउँदोमा सिन्दूर लगाएर आमाबुबाको समाजमा भित्र्याइराखेकोलाई लोग्ने हुनले सिउँदोमा सिन्दूर लगाइ दिए पछि (सिन्दूरारोहण गर्ने) अब देखि मेरो समाजमा भित्र्याको भयो भनेर अपनाउनको लागि मात्र गर्ने विधि हो ।

त्यस्तै नै कन्यादान गर्ने विधिलाई पनि बिवाह विधि भन्न मिल्दैन । बाहुनहरूको बिवाह गर्दा दुलाहको हातमा छोरी कन्यादान गरि सकेपछि बिवाहको विधि सकिँदैन, केटाकेटी संगै राखेर (ह्वंकेगु) बिवाहकै एउटा बिधि गर्नु पर्छ, त्यसपछि मात्र उनीहरू श्रीमान्-श्रीमती हुन्छ । कन्यादान गरेर ह्वंकेगु विधि गरेन भने केटाले केटीलाई नोकरजस्तो व्यवहार वा अन्य किसिमले पनि ब्यवहार गर्न सकिन्छ त्यसैले कन्यादान सकाएर लस्कारै ह्वंकेगु काम पनि सकाउने चलन छ ।

नेवारहरूको कन्यालाई बेलबिवाह गर्दा कन्यादानमात्रै गरिन्छ, ह्वंकेगु हुदैन । त्यसैले बेलबिवाह भनेको बिवाह गरेको होइन भन्ने प्रष्ट हुन्छ ।

अर्को एउटा के कुरा छ भने बेलबिवाह गरिसकेका छोरी आमाबुबाको सदस्य भएर नै बस्छन् । त्यस परिवारमा कोही जन्मियो वा मृत्यु भयो भने बेल बिवाह सकेका छोरीले पनि बारेर नै बस्छन् । तर बेल-बिवाह नगरेका छोरी भयो भन्ने उनले

बार्दैन र बालकै रूप सम्झेर बार्न नपर्ने गरिराखेको हुन्छ । यदि छोरीको बिवाह भएको हो भने आमाबुबाको परिवारमा नपर्नुपर्ने हो, त्यसैले यो कुराले पनि बेल बिवाह भनेको बिवाह होइन भन्ने प्रष्ट बुझिन्छ ।

त्यसैले कन्यादानको अर्थ छोरालाई चूडाकर्म गर्दा टुप्पी भनेर देवताको प्रतीक केस (रौं) राखेर समाजको संरक्षक भएका देवतालाई संरक्षकत्व दिई देवतालाई हस्तान्तरण गरेर समाजको सदस्य जस्तै बनाएर छोरीलाई पनि कन्यादान गर्ने भनेर देवतालाई नै संरक्षकत्व दिई देवतालाई हस्तान्तरण गर्ने एउटा विधि हो । यस्तो रहस्यले भरिपूर्ण सामाजिक अभिप्राय समावेश रहेको बेलबिवाह संस्कारलाई एक प्रकारको बिवाह हो भनेर वैधव्य नै सकाउने नेवार केटीहरूलाई बहुबिवाह गर्न हुन्छ, दाम्पती जीवनबीच हुने पवित्र प्रेमलाई कालो दाग लगाउने किसिमको कुरा काट्ने नेवार संस्कृतिलाई नै उपहास गर्ने हुन्छ, त्यसैले सबैले यो बुझ्न जरुरी छ ।

## (ख) बेल बिवाहको विधि

बेल बिवाह भव्य रूपमा विधि पूर्वक गर्ने भएकोले एकै दिनमा सम्पन्न नगरि दुई दिनमा सकाउने, अघिल्लो दिन (दुस्वः) पूर्वाङ्ग गरेर भोलिपल्ट मात्रै बेल बिवाह गर्ने परम्परा छ । पूर्वाङ्गको दिन सबैभन्दा पहिला बालिकाको नाममा पीठ पूजा गर्छ । समय्बजिको सामग्री र चतांमह्री समेतको साथै अण्डा सगुन पनि राखेर पूजा गर्ने गर्छ । त्यसपछि घरमा थकालिले वयरले श्राद्ध गर्छ । यसलाई वृद्धि श्राद्ध वा नान्दीमुखि श्राद्ध पनि भन्ने गर्छ । यसपछि (दुस्वःका) पहेँलो धागो पूजा गर्छ ।

पुरोहितले कलश स्थाना गरेर साथै धौपति, दायाँ बायाँ, गणेश, इष्ट देवता, कुलदेवता, क्षेत्रपाल र अरू घरमा पूजा गरिराखेका देवतालाई पनि स्थापना गरि पातलाई टुक्र टुक्रा गरेर त्यसमाथि च्यूरा अथवा अक्षता राखेर पूजा गर्छन् । स्वस्तिक लेखेको ठूलो पालामा पहेँलो धागोको डल्लो (ज्यना लक्ष्ते) एका प्रकारको पात, चाकु, हलेदो, सुकेको माछा, सिङ्गो सुपारी, लावा, मनफ्वं राखेर पनि पूजा गर्छ। अनि बेल बिवाह गर्ने बच्चीलाई नकिंले साँचो समाउन दिई पानीको धारो बगाई लसकुस (स्वागत) गरेर देवता पूजा गरि राखेको ठाउामा बस्न दिन्छ । त्यसपछि आगो भएको सानो पालामा रायो-सर्स्यूको धुवाँले हम्केर बत्ती बालेर आगो भएको पाला अगेनामा (पिखालखु) राख्न पठाई सकेपछि बच्चीलाई सबै देवतालाई पूजा गर्न सकेपछि नकिंले पूजा थालीमा धौपति राखेर दही चामल मुछेर तीनपटक कलशमा र एकपटक घरलाई भनेर दलिनमा पूजा गर्न दिई बच्चीलाई दही टीका रातो टीका लगाई दिने फूल पनि लगाई दिने र यतिसकेपछि पहेँलो (दुस्वः का) बच्चीलाई घुमाउने ।

बच्चीलाई उठाएर एउटा लट्ठी टाउकोमा र एउटा लट्ठी खुट्टामा (बाबियोको लट्ठ) अरूलाई समात्न दिई नकिंले टाउकोदेखि खुट्टासम्म र खुट्टादेखि टाउकोसम्म बाबियोको लट्ठीमा १०८ दोरा घुमाएर माला लगाई दिन्छ। त्यस मालामा ज्यःना लप्ते स्वस्तिक लेखेको पालामा राखेको चाकु, हलेदो, सुकेको माछा सबै पोका पारेर गाँठो बाँधि दिन्छ। यतिसकेपछि त्यो धागोको माला लगाई दिन्छ र थकालिले कलश र अरू देवतालाई पूजा गरेर दक्षिणा समेत चढाउँछ र अरू दक्षिणा दिन हुने सबैलाई टीका लगाएर दक्षिणा दिन्छ र पूजा सकाउँछ कलशको जल, फूल, टीका प्रसाद पनि लिन्छ। नकिंले सिन्हःमू लिएर त्यसको टीका आफूले लगाउँछ र अरू लगाउन हुनेलाई पनि लगाउन दिन्छन्। थकालिले ज्वलान्हाय्कं लिएर आफ्नो अनुहार हेरे अरूलाई पनि देखाउँछ। त्यसपछि नकिंले काठको पाथीमा फलफूल टुक्रा राखेर एकपटक कलश र देवतालाई र तीनपटक बच्चीलाई खन्याएर बत्ती एउटा बालिसकेपछि सबै जनाले लावा अभीरले पूजा गरेर आशिर्वाद दिन्छ। त्यसपछि नकिंले साँचो समाउन दिई पानीको धारो बगाएर थाय्भू खुवाउने ठाउँमा बस्न दिन्छ। यसरी लसकुस गरेर लाँदा बाटोको बीचमा सिलौटामा मासको गेडा राखेर सिलौटाको बच्चाले बेल बिवाह गर्ने बच्चीको खुट्टाले मासको गेडा पिस्न लगाइन्छ। थाय्भू खुवाउने ठाउँमा बस्न दिएपछि पिठ पूजाको फूल प्रसाद दिन्छ।

साथै बच्चीले लगाएको पहेँलो धागोलाई स्वस्तिक लेखेको ठूलो पालामा राखेर एउटा ठाउँमा राख्न लगिन्छ। यसपछि थाय् भू ख्वाउनुअघि सूर्य ब्वमा बत्ती बालेर बच्चीलाई पूजा गर्न दिई सूर्य ब्व घाम आउने ठाउँमा राख्न दिन्छ, त्यसपछि भुईमा पात राखेर बलि (बौ वियगु) दिन लगाउँछ यसपछि थाय्भू खुवाउँछ। खान पुगेपछि चुठ्न लगाई कलंब्वमा पनि बत्ती एउटा बालेर पूजा गर्न लगाई चौबाटोमा थाय्भू फाल्न पठाउँछ। यति सकेपछि पूर्वाङ्गको काम सकिन्छ।

यसको भोलिपल्ट सबैले नुहाई धुवाई गरेर चोखो भएर आवश्यक सामान सबै नकिंले जोरजाम गरिसकेपछि नकिंले अलिं देवता र इनाय् देवतालाई भित्र्याउने काम गर्छ। अलिं देवता भनेर माटोको डल्ला भित्र अक्षता, सिङ्गो सुपारी र पैसा पनि राखेर माथि पत्ति गजुर जस्तै टुप्पो बनाएर पर्वत जस्तै बनाएको हुन्छ। अनि त्यसमा कर्णपता, पञ्चपताः (एक प्रकारको झण्डा) अरूवा राखेर चाँदीको दृष्टि (चाँदीको आँखा) तीनवटा राखेर आँखा खुल्ला गराएको हुन्छ। त्यसपछि इनाय् देवता भनेर कलश एउटामा रातो कपडाको तीन तल्लाको छाता जस्तो बनाएर राखेको हुन्छ। यो दुवै (अलिं देवता र इनाय् देवता) एक जनालाई समाउन दिई अगेना (पिखालखु)मा उभ्याउन दिई नकिंले पानीले छर्केर आगोको पाला अगाडि राखेर रायो-सर्स्यूको धुवाँले हम्केर, ति देवतालाई दही चामल मुछेको

टीका लगाई फलफूल टुक्रा गरेकोले पाथीमा राखेर तीनपटक खन्याइसकेपछि साँचो समाउन दिई लसकुस गरेर भित्र्याएर यज्ञकुण्ड बनाएको ठाउँमा पूर्वतिर राख्छ । त्यसैको बीचमा अर्को एउटा कलश पनि स्थापना गरि धौपति अरू देवतापनि स्थापना गरिन्छ साथै सिन्हःमू ज्वलान्हायकं पनि द्वारपाल जस्तै राखेर पूजा गर्छ । कलशको पछाडि फुपूलाई दिनेकाँसको थाल नापितलाई दिने काँसको कचौरा र नापितसँगनङ्ग काट्ने छुरी लिएर सजाउँछ र पूजा गर्छ । यति सकेपछि अघिल्लो दिनजस्तै बच्चीलाई साँचो समाउन दिई पानीको धारो बगाएर लसकुस गरेर यज्ञकुण्ड अगाडि ल्याउँछ र पालामा आगो राखेर रायसस्यूको धुवाँ हम्कीन सकेपछि बत्ती राखेर अगेनामा (पिखालखुमा) राख्न पठाइसकेपछि सबै देवतालाई पूजा गर्न दिन्छ ।

यति सकेपछि नकिंले पूजा थालीमा धौपति राखेर दही चामल मुछेर तीनपटक देवतालाई र एकपटक घरलाई भनेर दलिनमा पूजा गर्न दिन्छ । बच्चीलाई टीका लगाएर फूल टाउकोमा राखिसकेपछि थकालिले भालिंचा (चोयाले बनाएको) सानो नाङ्ग्लोजस्तो समातेर त्यसमा क्वःचिकं (चामलको पिठो र तेल) धान दुई चार गेडा, मासु एक टुक्रा पैसा पनि राखेर दुबोको मुट्ठाले क्वःचिकंमा चोपेर बच्चीको टाउकोदेखि खुट्टासम्म र खुट्टादेखि टाउकोसम्म तीनपटक गरिसकेपछि धान दुई चार गेडा बच्चीको टाउकोमा राखिदिने र भालिंचा बच्चीको हातमा नै दिने यसपछि फुपूको हातमा फूल, टीका चाम, नङ्ग थाप्ने काँसको थाल र लुगा पनि दिने यसरी नै नापितलाई पनि नङ्ग काट्ने छुरा काँसको कचौरा राखेर दिने ।

यति काम सकेपछि नकिंले लसकुस गरेर नापितको अगाडि बस्न दिने । नापितले नङ्ग काट्छ र फुपूले नङ्ग थालमा थाप्छन् । अनि बच्चीलाई त्यहाँबाट उठाएर नुहाइ-धुवाइ गरेर चोखो बनाइसकेर देवता भएको ठाउँमा बस्न दिई पहिला जस्तै रायसर्स्यूको धुवाँले हम्काउन सकेर पहिला जस्तै पूजा गर्न दिइसकेपछि नकिंले सिन्दूरवट्टामा भएको फुस्रो सिन्दूर लिएर बायाँ हातले देवतालाई चढाई सकेर आफूले पनि लगाउँछ । अनि बच्चीको पछाडि एकजना सहायक नकिं (न्वकु नकिं) अथवा अरू कोहीले बच्चीको आँखामा रातो कपडाले छोप्न दिई त्यही बट्टाको फुस्रो सिन्दूर निधारमा र सिउँदोमा लगाई दिने यसरी तीनपटक लगाई दिएपछि रातो कपडा र सिन्दूर बट्टा बच्चीलाई नै दिने । यसलाई सिन्दूरारोहण विधि भनियो । यसपछि पूजा थालीमा रहेको दही मुछेको टीका लगाई दिएर (इही पतासी) बेल बिवाहमा लगाई दिने विशेष प्रकारको साडी हातमा दिन्छन र लगाउनदिन्छ । अनि पहेँलो धागोले शिरदेखि खुट्टासम्म खुट्टादेखि शिरसम्म घुमाएर वेरेर (सलाःपा) स्वस्तिक लेखेको ठूलो पाला अगाडि राखेर (बाह्राः छुइगु) भिक्षा

दिने भनेर बच्चीको हातमा चामल पैसा राखिदिन्छ। त्यसपछि अलिं देवता ढोग्न दिई पाथीमा फलफूल टुक्रा राखेर तीनपटक बच्चीलाई खन्याई दिन्छ र बत्ती एउटा बोलर अगाडि राखिदिए पछि सबैले लावा अभीरले पूजा गरिन्छ। त्यसपछि लसकुस गरेर सिलौटामा मासको गेडा राखेर खुट्टाले पिस्न लगाएर थायभु खाने ठाउँमा बस्न दिन्छ। अब यहाँ थाय्भू खुवाउने भनेर थाय्भुमा लावा दही, रोटी र दूध राखेर सूर्य ब्वः (सूर्य भाग) मा पनि त्यसरी नै लावा, दही, रोटी र दूध राखेर घाम आउने ठाउँमा राख्नु अगाडि बच्चीलाई पूजा गर्न लगाई राख्न पठाउँछ। अनि पहेँलो धागो लगाएको छोड्न लगाई बलि (बौ वियगु) दिन लगाएर खुवाउँछ र खुवाउन सकेपछि चुठ्न लगाएर कलंब्वः पनि त्यसरी नै सूर्य ब्व जस्तै राखेर बत्ती बालेर बाटामा राखी चौबाटोमा फाल्न पठाउँछ।

यति कामसकेपछि पुरोहितले यज्ञ गरेर आवश्यक पूजा गर्न सकाएर फेरि बच्चीलाई लसकुस गरेर रायो-सर्स्यूको धुवाँले हम्कन सकेर पूजा पनि गर्नसकेपछि पहेँलो धागो लगाउन दिन्छ, बुबाको काखामा छोरीलाई बस्न दिन्छ। अगाडि तामाको थालमा वेल एउटा र काँचो सुन (कुनै बुट्टा नभएको)लाई आफ्नो इष्ट देवता मानी त्यसमा फूल टीका (जजंका) सानो जनाई आदिले पूजा गरी सकेपछि बुबाले जौ-तिल कुश हातमा लिई आमाले दूध र पानीको धारो करुवाले बगाउन दिने र बुबाले छोरीको बूढी औंला समाई अगाडि राखिएको बेल र काँचो सुनलाई छुवाउने र त्यसैमा छोड्ने साथै छोरीलाई काखबाट भुइँमा राख्ने। यो विधिलाई कन्यादान भनिन्छ। यसपछि आफ्नो गच्छेअनुसार तामाको थालामा दक्षिणा चढाउने र पुरोहित अथवा थकालिले बच्चीको हातमा बेल दिएर दुवै हात बाबियोको डोरीले बाँधीदिने। नकिंले यज्ञमण्डप घुमाएर आफ्नै ठाउँमा बस्न दिने। हातमा बाँधिएको डोरी फुकाएर स्वस्तिक लेखेको ठूलो पाला (सलापा) अगाडि राखेर भिक्षा दिने (बाह्रा छुइगु) काम सुरु गर्ने। यति काम सकेपछि थकालिले सबै देवतालई पूजा गरेर टीका लगाउन पर्ने सबैलाई लगाउने र दक्षिण दिनु पर्ने सबैलाई दक्षिणा दिएर कलशको जल फूल प्रसाद लिई सकपछि नकिंले सिन्हमूको टीका लगाउने थकालिले ज्वलान्हाय्कं हेरेर अरूलाई पनि देखाउने यतिसकेपछि बेल बिवाह (इहि) को काम सबै सकिन्छ।

यो बेल बिवाहको प्रमुख विधि हो। यसपछि पीपलको पात गाँसेको माला, घर घुमाएर झुण्डयाएर राख्ने यज्ञमा हात ताप्ने आदि काम पुरोहितले गराउँछ यसको सँगै लामो काम गरेर गर्नेहरूको अष्टमङ्गल लेखेको आठवटा कलश राखेर साथै (इनाय् देवता) गणेशको चित्र भएको वा लेखिएको कलश नाग, कलश नाग लेखेको वा चित्र लेखेर टाँसेर। राखेको भव्य रूपमा गर्ने पनि छन्। यसरी नगरी विधि

पुऱ्याउने हेतुले आफूले मानिराखेका देवताहरूलाई स्थापना गरी मुख्य विधि गरेर पनि काम गरेको अभिप्राय पूरा हुन्छ ।

## (ग) बेल बिवाह विधिको अभिप्राय

बेल बिवाह (इही) गर्दा त्यसको विधि गरेर गर्ने चलनअनुसार त्यसको के महत्व छ र त्यसको अभिप्राय के रहेको छ भन्ने यहाँ राख्न खोजेको छु ।

सबैभन्दा पहिला पूर्वाङ्ग (दुस्वः) को दिन पिठ पूजा किन गरिन्छ यसको अर्थ थाहा पाउँ । हामीले पहिला पनि भनी सकेको हो । नेवार संस्कृतिको सिद्धान्त अनुसार देवतालाई पनि आफ्नो परिवारको रूपमा लिइन्छ भनेर । त्यसैले आफ्नो घरमा पूजा गरि राखेको देवता मात्र होइन टोलमा रहेका एवं टोल भन्दा बाहिर रहेका पिठ देवतालाई समेत आफ्नो छोरीको वेल बिवाह कार्यमा सहभागी गराउन दिने हो । पिठ पूजागर्ने भनेको र ती देवतालाई निमन्त्रणा गर्ने हो । त्यसरी नै घरमा पूजा गरि राखेका इष्ट देवता कूलदेवता र टोलको रक्षकका रूपमा बसेका गणेश, क्षेत्रपाल, देवताहरूलाई घरमै बोलाई पूजा गर्ने हेतुले कलश स्थापना गरेर पूजा गर्ने चलन भएको हो ।

यसले गर्दा के कुराको प्रष्ट हुन्छ भन्ने बेल बिवाह गर्ने स्थानमा हामी र हाम्रो समाजसँग सबै देवताहरूले संगै बसेर काममा सहयोग गरि रहेको हुन्छ ।

त्यसरी नै मृत्यु भइसकेका पितृहरू पनि कहीँ नगई हामीसंगै बसिरहने सिद्धान्त अनुसार पितृहरूलाई पनि काममा सहभागी गराउने उद्देश्यले बयरले श्राद्ध गने विधि रहेको हो । अनि सबै देवता मात्र नभई पञ्चतत्वको शरीर पितृहरूको पनि आशीर्वाद लिएर गरेको काम गर्ने मात्र होइन बच्चीको जीवनमा सधैं राम्रो वातावरण भई सधै सफलता मिलोस् भन्ने अभिप्राय रहेको छ ।

पहेँलो धागो जसलाई दुस्वःका भनिन्छ र यसलाई पूर्वाङ्ग धागो भन्दा पनि केही फरक नपर्ला । यो धागो एकसय आठपटक घुमाएर माला लगाइदिने भनेको बच्ची पूर्वाङ्गको दिनदेखि घरबाट बाहिर जान नहुने भएकोले उनलाई १०८पटक धागोले बेरेर बन्धनमा राखिएको हो । सबैभन्दा पछि थाय्भू खुवाउनु भनेको बच्चीको आत्माशक्ति वृद्धि गरेर काम गर्ने शक्ति होस् भन्ने भावना हो । यसरी पूर्वाङ्ग गरेर भोलिको वेल बिवाह पूरा होस् भनेर व्यवस्था गरिएको हो ।

भोलिपल्ट वेलबिवाहको मूल विधि हुन्छ । बेल बिवाह गर्ने बच्चीलाई सकेजति शुद्ध र सफा गरेर नुहाएर पूजा गर्ने स्थानमा राखिन्छ त्यसपछि रायो-सर्स्यूले हम्किने

थकालिले भालिंचा समाएर गर्ने विधि नापितले नङ्ग काटिसकेपछि फेरि नुहाएर आउने यि सबे शुद्धिकरण गर्ने विधि हो । अनि नकिंले सिउँदोमा सिन्दूर लगाई दिने बच्चिलाई (इहि पतासी) वेल बिवाहको साडी दिने र साडी लगाई दिने भनेको अबदेखि बच्चा होइन तरुनी भयो भनेर दिने हो । नेवारहरूको चलनअनुसार आफ्नो सन्तानलाई चूडाकर्म छोरालाई र छोरीलाई वेलबिवाह नगरेसम्म एउटै किसिमको व्यवहार एवं एकै प्रकारको लुगा लगाउन दिई हुर्काएको हुन्छ र अलि ठूलो भयो भने छोरालाई चूडाकर्म गरेर कपाल खौरिने केटाको लुगा लगान दिने र टोपी पनि लगाउन दिई छोरा भनेर छुटयाउँछ र छोरीलाई बेल बिवाह गरेर केटीको लुगा लगाउन दिई साडी लगाउने दिई केटी हो भनेर छुटयाउँछ साथै छोराको टुप्पी राख्ने र छोरीको सिउँदोमा सिन्दूर भर्नाले पनि छोरा-छोरी भनेर प्रष्ट बुझिन्छ ।

कन्यादान गर्ने भनेर तामाको थालमा बेल र काँचो सून राखेर इष्ट देवता सम्झेर पूजा गरी त्यसमा बच्चालाई सुम्पिनुको अर्थ हो देवता नै घरको सदस्य भएको समाजमा यसपछि घरको सदस्यको रूपमा बनाई सम्पूर्ण नीति नियमहरू पालना गर्न दिन भित्र्याउने हो ।

सुनलाई जुनसुकै देवताको रूपमा लिन सकिने नियम छ । सुन भएपछि त्यसमा मूर्ति नै कुदेर देवता बनाउनु जरुरी छैन त्यसैले बेल बिवाह गर्दा काँचो सुन नै राख्ने चलन चलेको हो । त्यसैले धेरैजसोले सुनलाई नारायण देवता भनियो । बौद्धमार्गीहरूले बुद्ध भगवान् मानि बोधिसत्व वा बोधिचित्त भन्ने गरियो । जसले जुन किसिमबाट लिए पनि नेवारहरूको सामाजिक परम्परादेखि परिवारको अभिन्न सदस्य भई रहेका इष्टदेवता हो भनेर हामीले बुझ्न सकिन्छ । त्यस कारण आफ्नो परम्पराअनुसार कूलले मानि राखेको सामाजिक देवतालाई नै कन्यादान गरि संरक्षकत्व दिएर समाजमा प्रवेश गराउने उद्देश्य यो विधि गर्ने गरिएको हो । त्यस्तै यो दान अरू दान गर्ने वस्तुजस्तै कहिले पनि फिर्ता नलिने गरि दान गर्ने होइन । किनकी कन्यादान गरिसकेपछि आमाबुबाको अभिभावकत्व रहिरहन्छ र पनि बिवाह गरेर पठाएपछि मात्र त्यो अभिभावकत्व श्रीमान् तिर पर्न जान्छ ।

यसरी रहस्यमय विचारलाई राम्ररी बुझेर नबुझेकालाई पनि बुझाई नेवारहरूले गर्दै आइरहेको संस्कारको काम पूरा गर्न सक्यो भने नेवारका सन्तानहरू साँच्चैकै नेवार भएर आफ्नो समाजमा मात्र होइन देशमा नेवारहरूको अस्तितवलाई जीवित राखेर विश्वमै आफ्नो पहिचान बनाउन सकिन्छ ।

# ८. गुफा संस्कार (बाह्रा: संस्कार)

## (क) गुफा संस्कारको महत्त्व

नेवार समाजमा चरित्रको ठूलो महत्त्व छ। चरित्र बिग्रेका चरित्रहिन मानिसहरूलाई समाजमा कुनै पनि स्थान दिंदैन। मन परि गरेर मनलागेजस्तो चलेर हिँड्नेहरूलाई समाजको नियम पालना नगरेको भनेर नेवारहरूको गुठीबाट नै निस्कासन गरिदिन्छ।

त्यसो भएकोले नेवारहरू आफ्नो सन्तान नराम्रो बाटोमा लागेर चरित्र खराब गर्ला भनेर सधैं सतर्क भइरहन्छ। त्यसमाथि केटी बच्चालाई नराम्रो मान्छेहरूको संगतमा लागेर बिग्रेला भन्ने साह्रै चिन्तित हुन्छन्। किनकी छोरीहरूको जीवनमा एकपटक मात्र चरित्रमा दाग लाग्यो भने "फलानोसँग लागेर बिग्रिसकेको" भनेर कहिल्यै मेटाउन नसकिने कालो दाग लागेकोजस्तै हुन्छ। त्यसो भएर आमाबाबुहरूले आफ्ना सन्तानलाई सधैँ चरित्र राम्रो भइरहोस् भनेर राम्रो राम्रो कुराको ज्ञानगुण बेलाबखत दिइरहेको हुन्छ।

यसरी चरित्र राम्रो गर्नको लागि आवश्यक कुराहरू समयमा आवश्यकताअनुसार संस्कारमा नै गर्ने थिति नेवार संस्कृतिमा छ। गुफा राख्ने भनेको पनि छोरी बच्चाहरूलाई त्यस्तै एउटा संस्कार हो। छोरीहरूको बालापन हराउँदै योवनावस्थामा प्रवेश गर्दा छुन नहुने (पर सर्ने) भयो भने उसलाई गुफा बस्यो भनेर सूर्यको किरणसम्म पनि नदेखाएर साथै केटाहरू कोही नदेखाई अँध्यारो कोठामा राखेर बाह्र दिन (१२) सम्म थुनेर राख्छ। यसलाई गुफा राख्ने भनि राख्यो।

स्वास्थ्यको दृष्टिकोणबाट हेर्ने हो भने यसरी अँध्यारो कोठामा थुनेर राख्ने हानी हुन सक्छ भन्नेलाग्छ त्यसो भए पनि सांस्कृतिक दृष्टिकोण र जीवनलाई आवश्यक ज्ञान दिने दृष्टिबाट हेर्दा एकदम महत्त्वपूर्ण संस्कार हो गुफा राख्ने भनेको। बरु

स्वास्थ्य राम्रो गर्न सूर्यको किरण मात्र कोठा भित्र छिर्न नसक्ने तर राम्रो वातावरण हुने गरी गुफा राख्ने कोठा हुनुपर्छ ।

यौवनअवस्थामा पुग्दा पनि यौनसम्बन्धी राम्रो ज्ञान भएन भने केटीहरूको जीवन नराम्रोसँगबिग्रन सक्छ। आजकल विज्ञानको राम्रो विकास भए पनि यौनसम्बन्धीको कुरामा मनपरी चलेर हिँडेको कारण एड्सजस्तो रोग विश्वमा डरलाग्दो रूपमा फैलिएको हो । कति केटीहरू यौन दुराचारमा परी बाँच्ने कुनै आधार नपाएर वेश्यावृतिमा लाग्नु परेको पनि देख्न सकिन्छ । यस्तो परिस्थिति नआओस् भनेर केटीहरूलाई यौन शिक्षा दिन नेवारहरूको संस्कृतिमा नै गुफा राख्ने चलन भएको हो ।

हुन त आजकल केटाकेटी सबैलाई लुकिछिपी होइन, खुल्लेआम सबैको अगाडि नै यौनसम्बन्धी शिक्षा दिन पढाउन नै किताब पनि प्रकाशन गर्न आवश्यक भइसकेको छ । त्यसो भए पनि हामीले एउटा कुरा बिर्सन हुँदैन, त्यो के कुरा भने यसरी लाजलाई नै एउटा कुनामा फालेर केटाकेटी सँगसँगै बसेर यौनसम्बन्धी कुराकानी गर्दा मान्छेको प्रकृतिअनुसार यौवनावस्थामा उत्तेजना वृद्धि भएर उसले ज्ञान लिनुभन्दा पहिला नराम्रो विचार उत्पन्न हुन सक्छ, अनि उत्तेजनालाई नियन्त्रण गर्न नसकी झन् यौन दुराचार अथवा यौन अपराध नै हुन सक्ने धेरै सम्भावना हुन सक्छ। अहिले उन्नतिको शिखरमा पुगेको देशमा यौन दुराचार, यौन अपराध भएको हामीले सुन्न पाइरहेको छ । त्यसैले मान्छेमा आवश्यकताअनुसार लाज भनेको हुनै पर्छ। यो कुराको लागि नेवार संस्कृतमा राम्रो सँग देखाइरोखको छ। केटी मान्छेलाई गुफा राख्दा केटीहरू मात्रै बसेर गुफा बस्ने केटीलाई यौनसम्बन्धी सम्पूर्ण कुरा राम्रोसँगबुझ्ने गरी प्रशिक्षण दिने काम त्यहाँ हुन्छ । यसले गर्दा विकृति आउने सम्भावना धेरै कम हुन्छ, बरु त्यहाँ भित्र यौन शिक्षा दिनसक्ने एक दुईजना स्वास्नी मान्छे हुन जरुरी छ ।

सबभन्दा पहिला त छोरीको पहिलोपटक पर सर्दा बच्चालाई त्यो सम्बन्धी ज्ञान नभएकोले डराएर तर्सिन सक्छ । केही नराम्रो रोग पो लागेको हो कि भनेर तर्सिन सक्छ, त्यस्तोलाई यो "रोग होइन, तरुनी हुँदाको एउटा संकेत हो" भनेर बच्चाको अंग अंग परिवर्तन हुने कुराहरू औंलाले घोचेर वा छोएर देखाउनु पर्छ। त्यसपछि केटीहरूलाई तरुनी भएपछि नराम्रो केटाहरूले कुदृष्टि राखेर बिगार्न सक्छ भनेर पनि बुझाउनु पर्छ। त्यस कोठाभित्र केटीहरूमात्रै हुने भएकोले केही कुरा पनि लुकाउनु पर्ने हुँदैन। अनि यौन दुराचार भनेको राम्रोसँग बुझ्यो भने साथै यौन दुरुपयोगका परिणाम कति डरलाग्दो भन्ने कुरा प्रष्टसँगबुझ्यो भने बच्चा सधैं सतर्क भएर कसैको जालझेल एंव बहकाइमा लाग्ने सम्भावना धेरै कम हुनेछ ।

यसरी बाह्र (१२) दिनसम्म अनुभवीहरूले गुप्त कुराको राम्ररी ज्ञान दिइसकेपछि बाह्र दिनको दिनमा गुफा निकालेर सबैको अगाडि आउँछन् । त्यस अवस्थामा बच्चा नभई योन सम्बन्धी सम्पूर्ण ज्ञान भएकी योग्य कुशल नारी भई सकेको हुन्छ ।

अनि त्यस्ती नारी आफूलाई नियन्त्रणमा राखि केटाहरू माझ बसेर विद्यालयमा अध्ययन गर्दा उसलाई कसैले पनि झुक्याएर बिगार्न नसक्ने हुन्छ । त्यसैले गुफा संस्कारको महत्व धेरै ठूलो छ ।

## (ख) गुफा संस्कारको विधि

पहिलोपटक पर सर्दा केटीलाई गुफा राख्ने रित पहिलादेखि चलिआएको हो, अहिले भने सजिलो गर्न जोशी कहाँ गएर साइत ल्याएर गुफा राख्ने चलन धेरै चल्न थालेको छ । यसले गर्दा योवनावस्थामा प्रवेश नगरेका केटीलाई गुफा राख्दा माथि भनेको जस्तै उद्देश्य पूरा नुहने कुरामा सबैले एकपटक विचार गर्नुपर्ने देखिन्छ ।

कोहीपनि केटी गुफा बस्यो भने अथवा राख्यो भने सबैभन्दा पहिला थकालिनकिंले पूजा थाली बनाएर दही र कपडा राखेर कोठाभित्र राखेर सगुन दिनु पर्छ । पूजा थालीमा दही, चामल, टीका मुछेर भुईमा राखेको पातमा सूर्य, कूल देवता, आगम देवताको नाममा बच्चालाई तीनपटक पूजा गर्न दिने । एकपटक घरलाई भनेर माथि दलिनमा पूजा गर्न दिने यति सकेपछि बालिकालाई टीका लगाई दिने अनि दही टीका मुछेको पनि लगाई दिने फुल लगाई दिने र कपडा सगुन दिने । यति विधि गरेर बाह्र (१२) दिन सम्म कोठामा थुनेर राख्छ। अनि बीचबीचमा छुस्यामुस्या (गहूँ भुटेको भटमस भुटेको, मकै भुटको) खुवालउने भनेर पनि काम कुरो गरी रखेको हुन्छ । बाह्र (१२) दिन भएपछि त्यस दिन क्वंचिकं वुकुवा (चामलको पिठो र तेल मिसाएको) दलेर नङ्ग काटेर नुहाउन दिन्छ, अनि नयाँ लुगा लगाउन दिएर कोठामा राख्छ । यता बाहिर कौसी वा सजिलो ठाउँमा भुइँ लिपेर त्यहाँ कलश, धौपति राखेर आफ्ले सधैं मानि राखेका गणेश, आगमदेव, क्षेत्रपाललाई स्थापना गरि साथै सिन्हमू, ज्वलान्हाय्कंलाई कलशको दायाँ-बायाँ द्वारपाल जस्तै राखेर सुकुन्दा पनि बालेर थकालि अथवा पुरोहितले क्रमिक रूपमा पूजा गर्छन । अनि नकिंले बच्चालाई खास्तो (सल)ले छोपेर साँचो समात्न दिइ पानीको धारा करुवाबाट बगाएर लसकुस गरेर पूजा गर्ने ठाउँमा अगाडि बसाउन ल्याउँछ । त्यसपछि पाला एउटामा गोला (कोइला) वा धूप बालेर राखेर रायो-सर्स्यूको धूवाँले शुद्ध गरी बत्ती एउटा राखेर पिखालखु (अगेना) मा राख्न पठाई सकेपछि बच्चाको हातमा चामल, लावा दिएर सूर्य देखिने ठाउँमा लगेर खास्तोले छोपेको निकालेर

सूर्यलाई पूजा गर्न दिने, सूर्यदर्शन गर्न दिने । यतिसकेपछि बच्चालाई आफ्नै स्थानमा बस्न दिई सूर्यलाई पूजा गर्न दिने सगै दुबो भएको द्वाफोस्वाँ, गाईको दूध राखेर तीनपटक अर्घ दिन लगाउने, यति पूजा सकेपछि नकिंले चाँदीको बट्टामा रहेको फुस्रो सिन्दूर बाँया हातले लिएर देवतालाई चढाई आफूले पनि लगाई बच्चालाई रातो कपडाले निधारमा छोप्न दिई सिउँदोमा सिन्दूर लगाउन दिन्छ यसरी तीनपटक लगाई दिइसकेपछि रातो कपडा र सिन्दूरको बट्टा बच्चालाई दिने, त्यसपछि (कुम्हःका) पहेँलो धागाले टाउकोमा तीनपटक वेर्न दिने र (पात कापःया का) रातो कपडाको धागोले पनि त्यसरी नै वेर्न दिने यतिसकेपछि धौपतिको दही राखेर दहीको टीका बनाएर रातो टीका लगाई लुगा सगुन दिने । त्यसपछि बच्चाको हात थाप्न लगाई (बाह्राः छुइगु) भनेर चामल, फलफूल, पान, पैसा राखेर अन्जुली भरी तीनपटक बच्चाको हातमा राखि दिने । यति काम सकेपछि थकालिले कलशमा फेरी एकपटक पूजा गरेर दक्षिणा चढाउने अरू दक्षिणा दिनु पर्नेलाई पनि दक्षिणा दिने साथै टीका पनि लगाई दिने पूजा गर्न सकेपछि कलशको जल, फूल टीका आफूले पनि लगाउने साथै अरूलाई पनि लगाउन दिने नकिंले सिन्हःमू लिएर सिन्हःमूको टीका आफूले लगाउने र अरू लगाउन हुने सबैलाई लगाउन दिने साथै थकालिले ज्वलान्हाय्कँमा आफ्नो अनुहार हेरेर अरूलाई पनि हेर्न दिने । अन्तिममा नकिंले सिफारती, पाथीमा फलफूल टुक्रा राखेर तीनपटक बच्चालाई र एकपटक देवतालाई घोप्टचाउन लगाउने र बत्ती एउटा बाल्न दिने साथै सबैले लावा अभीर राखेर गुफा निकालेको बच्चीलाई पूजा गरेर आशिष दिने यति सकेपछि गुफा निकाल्ने विधि सकिन्छ । यसपछि बच्चालाई सिन्हःमू-ज्वलान्हाय्कँ समाउन लगाई टोलमा रहेको गणेश मन्दिरमा लगि गणेश पूजा गर्न दिई सकेपछि घर फर्क्यो भने गुफा निकाल्ने सम्पूर्ण काम सकिन्छ ।

## (ग) गुफा विधिको अभिप्राय

सबैभन्दा पहिला गुफा बस्ने बच्ची अथवा गुफा राख्ने बच्चीलाई नकिंले कपडा सगुन दिने यसको अभिप्राय बाह्र (१२) दिनसम्म एउटै कोठामा बस्दा कुनै पनि विघ्न बाधा नहोस् भनेर राम्रो वा भलो होस् भनेर हो, त्यसपछि बाह्र (१२) दिनसम्म अँध्यारो कोठामा गुफा बसिसकेपछि बाहिर निकाल्ने विधि अनुसार बच्चीलाई सूर्यलाई पूजा गर्न दिने भनेको ज्ञानसँग गाँसेको छ । सूर्य भनेको प्रकाशको देवता हो, सूर्यले अँध्यारो भनेको नै कही गर्न दिंदैन सबैतिर प्रकाश फैलाएर उज्यालो बनाई दिन्छ । त्यसरी नै उच्च शिक्षाको अध्ययन गरेर ज्ञानरूपी किरणले सबैतिर फैलाउन भनेर पूजा गर्ने हो ।

यसपछि पहेँलो धागो, रातो धागोले बेर्ने र सिन्दूर लगाई दिने विधि नारीको रूपमा गर्नुपर्ने कामहरू पूरा गर्न सकाउने अर्थ जनाउँछ। अन्तिममा काम सकेर सिन्हःमू ज्वलान्हायँ समातेर बच्चीलाई गणेश मन्दिरमा लग्ने पनि रहस्यले भपरिपूर्ण छ। ज्वलान्हायुकँ ज्ञानको प्रतीक हो। हामीले ऐनामा अनुहार हेर्दा केही दाग लागेको छ कि भनेर थाहा पाउन सकिन्छ, त्यसरी नै आफूले गर्नुपर्ने कर्तव्यका कामहरू राम्रोसँगपूरा गरिरहेको छ कि छैन अथवा आफ्नो जीवनमा र चरित्रमा दाग लागेको छ कि भनेर बेलाबखतमा अनुहार हेरिरहनुपर्छ भन्ने ज्वलान्हायुकँले ज्ञान दिइरहेको हुन्छ। त्यसैले उच्च शिक्षा हासिल गर्न जान लागेको बच्चाहरूलाई कर्तव्यको बाटो देखाए जस्तै ज्वलान्हायुकँ समाउन लगाएर बाहिर पठाउने हो। त्यस पछि सिन्हःमू समाउन दिनको अर्थ सिन्हःमू भनेको शुभ अथवा लक्ष्मीको प्रतीक हो। नारीहरूले आफ्नो स्वभाव सधैं सिन्हःमू जस्तै राम्रो बनाएर बस्न सकून्, सधैं नम्र, शिलवती, लज्जावती हुनु नै नारीको गहना हो भनेर सिकाउनको लागि पनि सिन्हःमू समाउन दिइ रखेको हो। अनि जुनसुकै काममा पनि पूर्ण गर्ने सिद्धि दिने देवताको रूपमा पूजी राखेको गणेशलाई पूजा गरेर ढोग्न लगाई घरमा ल्याउने परम्परा रहेको हो।

यसमा एउटा बुझ्नु पर्ने कुरा के छ भने छोरालाई व्रतबन्ध गरेर ब्रम्हचर्य बसेर आत्मनियन्त्रण गर्ने उपदेश दिएर उच्च शिक्षा पढ्न पठाउनेजस्तै छोरीहरूलाई पनि गुफा राखेर यौन सम्बन्धी सबै ज्ञान दिएर आत्मानियन्त्रण गरी पढ्ने काममा पठाउने संस्कारको रूपमा प्रयोग गर्ने नेवार समुदायको विशेषता हो। यसले के थाहा हुन्छ भने नेवार समाजमा छोरीलाई बाहिर नपठाई शिक्षा दिनेतिर बन्देज गरेर राख्ने कुरीति छैन। छोरा र छोरीलाई अक्षर पढाउनु पर्छ समान अधिकार दिने विचार संस्कृतिमा नै समावेश भई राखेको छ। तर कसैको बाल बिवाह नै गऱ्यो भने गुफा राख्ने काम श्रीमान्को घरमा नै गर्ने भएकोले यसको उद्देश्य फरक हुन सकिन्छ, यो फेरि अर्कै कुरा हो।

# ८. बिवाह संस्कार (इहिपा: संस्कार)

## (क) बिवाह संस्कारको महत्व

मानिसहरूको जीवनमा गर्ने कुराको ठूलो महत्व छ । एकजना अपरिचित्र व्यक्तिसँगकेही नातासम्म पनि भएको उनको आनिवानी स्वभाव पनि केही थाहा नभएको व्यक्तिसँगजीवनभरसंगै बस्छु भनेर कवुल गरि परिवारको सदस्य भएर सबै कुरामा विश्वास गरेर बस्नु पर्ने भनेको कति रहस्यमय कुरा होला । बिवाह पश्चात केटाले केटीलाई केटीले केटालाई भित्री मनदेखि नै माया ममता गरेर एक आपसमा कुराहरू सातासात गरेर जीवन यापन गर्ने समाजिक रित रहेको छ ।

श्रीमान्-श्रीमती बीच राम्रोसँगकुरा साटासाट गरी नङ्ग र मासुजस्तो जीवन यापन गर्न सक्यो भने जीवन आनन्दमय हुन्छ होइन भने एकजना उत्तर र अर्को दक्षिण हेर्ने कुनै कराको सल्लाह मिलेन भने कुनै कुरा मिलेन भने जति सम्पत्ति भएपनि दु:खी जीवन बिताएर आँसुसँगै भात खानु पर्ने हुन्छ । त्यसैले बिवाह गर्दा मानिसले धेरै जनासँगसोधबुझ गरेर कस्तो स्वभावको हो भनेर राम्रोसँगयकिन गरेर एक अर्कोलाई मन परेपछि मात्र बिवाह गर्छ, वास्तवमा यसरी नै गर्नुपर्ने हो ।

कति मान्छेहरूको त बिवाह गर्न अगाडि नै दुवैजना केटाकेटी साथी बनाएर वर्षौं वर्ष संगत गरेपछि सबै कुराको मिलोमतो भईसकेपछि मात्रै बिवाह गरेर दाम्पत्य जीवन सबैको अगाडि प्रस्तुत गर्ने गर्छ । यस्तो चलन धेरै जस्तो पश्चिमे सम्भयताका मानिसहरूसँगदेख्न र हेर्न पाइन्छ । कति कतिको त नाता पर्ने एक आपसमा सजिलोसँगबिवाह गर्ने चलन पनि छ । नेवार समुदायमा भने यसरी नातापर्ने गरि बिवाह गर्नु नहुने नियम रहेको छ ।

नेवार संस्कृतिको दर्शन अनुसार बिवाह गर्ने गराउने उद्देश्य एउटा छुट्टै प्रकारको सिद्धान्छ छ, पश्चिमी देशवासीहरूको बिवाह गर्ने भनेके यौन तृष्तिको लागि नै हो भनिन्छ । त्यसैले उनीहरूको बिवाह गर्न अगाडि केटा केटी दुवैजना बीच राम्रोसँगकुरा आदान प्रदान हुनु पर्छ, विशेष गरेर अरू कुरामा भन्दा पनि शारीरिक क्षमतमा दुवैजना बीच सन्तुष्टि हुनु जरुरी हुनुपर्छ भन्छ । त्यसैले वासनाको तृप्तिका लागि गरिने बिवाह भएकोले उनीहरूको ससाना कुरामा विचार मिलेन भने तुरुन्तै सम्बन्ध विच्छेद गरि हाल्छन् । नेवारहरूको भने श्रीमान् श्रीमती बीच कहिले काँही ठुल्ठूला झगडा भए पनि तुरुन्तै सम्बन्ध विच्छेद गर्ने सोच गर्दैन महिनौं महिना छुटेर बसेपनि कोही कोही त वर्षौं छुटेर बसे पनि एक दिन यस्तो अवसर आउँछ कि दुवै जना पहिलाजस्तै मिलेर माया गरेर जीवनयापन गरिन्छ । यस्तो उदाहरण नेवार समाजमा धेरै हेर्न पाइन्छ ।

पौराणिक संस्कृतिमा भने बिवाह गर्ने भनेको सन्तान प्राप्तिका लागि भनिएको छ । आफ्नो सन्तान छोराले आफ्नो मृत्यु हुँदा मृत्यु क्रिया गरेर तराउने, उद्धार गर्ने काम गर्ने विश्वास गरिराखेकोले कसैको सन्तान छैन वा भएर पनि छोरा छैन छोरी मात्रै भयो भने फेरि अर्की श्रीमती बिवाह गरेर भएपनि एउटा छोरा जन्मिएलाकि भनेर आश गरिरहेको हुन्छ । कस्ता कस्ता राजाहरूले सन्तान नभएर सयौं श्रीमती बिवाह गरेको कुरा पुराणमा लेखिराखेको छ । त्यस कारण असुन्तष्ट रानीहरूले आफ्नो सौताका सन्तानलाई विष ख्वाएर मारेर आफूले बदला दिएको यस्ता डरलाग्दा कुराहरू पनि उल्लेख गरिएको हेर्न सकिन्छ । यसले गर्दा बहुबिवाह कति डरलाग्दो भन्ने कुरा प्रष्ट हुन्छ । यस्तो विचारले त स्वास्नी भन्नेको रखेल अथवा सन्तान जन्माउने मेशिनजस्तो देखिन्छ । तर नेवार समाजमा यसरी महिलालाई निच व्यवहार गर्ने काम कतै पनि स्थान दिएको छैन । सन्तान होस् वा नहोस् बिवाह गरेर घर भित्र्याइसकेपछि परिवारको सदस्य बनाएर सम्पूर्ण अधिकार दिएरपछि थकालिनिकंसम्म बन्न सक्ने व्यवस्था भई रहेको हुन्छ । सन्तान नभएको भनेर निच व्यवहार गर्ने चलन नै छैन ।

महाभारत पुराणमा त पाण्डु भन्ने राजाले आफूबाट सन्तान जन्माउन नसकेपछि देवताको तर्फबाट भएपनि आफ्नो श्रीमतीबाट सन्तान जनमाउन अनुमति दिएर पञ्च पाण्डव जन्माएको उल्लेख गरिएको छ । नेवार समाजमा यस्तो कामलाई कहिले पनि समर्थन गरेन ।

यो कुराबाट के थाहा हुन्छ भने नेवार संस्कृति अनुसार बिवाह गरी सकेपछि केटाको घर र केटीको घर दुवै घर एउटैजस्तो सम्बन्ध बनाउन एउटा घरकि छोरी

अर्को घरकी बुहारी भनिएको छ । त्यसैले बिवाह गर्दा नाता पर्ने हुँदैन भनियो । अनि केही नाता नपरेको बीच बिवाह गरेर दुई परिवारबीच एकको छोरी र अर्कोको छोरो बिवाह गरेर "दुई घर एकै भयो" भनी सद्‌भव राखी कुरा गरिराख्छन् । यसले बिवाहको उद्देश्य समाजलाई फराकिलो एवं राम्रो वातावरण बनाउँदै लाने कुरामा स्पष्ट हुन्छ । त्यसैले पनि नेवार समाजमा आफ्नो सन्तानको बिवाह गर्दा आफ्नो संस्कृतिसँगमेल नखानेहरूसँगबिवाह गर्ने सोच कहिले पनि गर्दैन । किनभने संस्कृति नै फरक भएकाहरूलाई आफ्नो समाजमा भित्र्याउँदा समाजमा विकृति आउने भन्दा उपलब्ध केही नहुने र अर्काको संस्कृतिको प्रभावले आफ्नो संस्कृति नै बिग्रियो भने नेवारको पहिचान नै हराउन सकिन्छ यो कुरा बुझ्नु पर्ने हो ।

## (ख) बिवाहको विधि

बिवाहको काम भन्नेबित्तिकै केटाको घरमा केटीको घरमा विभिन्न विधिपूर्वक काम गर्नुपर्ने छ भने दुवैसँगै छुट्टा-छुट्टै बसेर पूरा गर्नुपर्ने कामकुरा विधि पनि छन् । केटा पट्टिका र केटी पट्टिका दुवै भेटघाट गरि बिवाहको छिनोफानो गरिसेपछि केटाको तर्फबाट राम्रो दिन पारेर सुपारी लाने भनी पूजाथाली, दही, लुगा, फलफूल, रोटी आदि सक्ने जति राखी दशवटा (१०) सुपारी र सिन्दूर बट्टामा फुस्रो सिन्दूर भरि राखी रातो कपडा एक टुक्रा पनि राखी केटीको घरमा लिएर जान्छन्, अनि सम्धी हुनेहरू भेटघट गरि केटा पट्टिको थकालिले केटी पट्टिको बुबालाई सुपारी दिने काम गर्छ ।

त्यसपछि दुलही लिन जान एक वा दुई दिन अगाडि वयरले श्राद्ध गर्छ । अनि दुलही लिन जाने दिनमा दुल्हालाई राम्रो लुगा लगाई आफ्नो घरको एउटा कोठामा नकिंले दही चामल मुछेको रातो टीका लगाएर राम्रो फूलको माला (दुबोको पनि हुन्छ) लगाएर मूल ढोकाको दायाँ-बाँया गाग्रीमा पानी भरि राखेकोमा दही, फूल राखेर सजाएकोमा पूजा गरेर साइत गरेर दुल्हा हुने बाहिर जान्छ, त्यसपछि दुलहीको बुबाले आफ्नो घरअगाडि पुगेपछि दुलहालाई फूलको माला लगाई लावा अभीरले पूजा गरि भित्र्याउँछ ।

### १. स्वयंवर विधि

स्वयंवर गर्न छोरी तिर एउटा खुल्ला ठाउँमा भुई पोतेर (लिपेर) शुद्ध गरिसकेपछि, कलश, धौपति र आफूले पूजा गरि राखेको गणेश, आगमदेव, क्षेत्रपाललाई प्रतितक मानेर पात (टुक्रा टुक्रा) मा च्यूरा वा अक्षता अलि-अलि राखेर स्थापना गर्ने संगै सिन्हमू, ज्वलान्हायुकं पनि द्वारपाल जस्तै राखेर स्थापना गरि पुरोहितले सुकुन्दा बाली क्रमिक रूपमा पूजा गर्छ । अनि कलश संगै सुपारी ल्याउँदा दिएको १०

(दश) वटा सुपारी, सिन्दूर बट्टा र राम्रो फूलको माला, दुबो माला पनि संगै राख्छन् ।

यति सकेपछि देवता (कलश स्थापना) स्थापना गरेको ठाउँमा दुल्हालाई अगाडि उठाएर दुल्हैलाई फूलमाला समाउन लगाई दुल्हालाई तीनपटक घुम्न सकेपछि दुलहीले फूलको माला लगाउन दिन्छ साथै (१०) दशवटा सुपारी पनि दुल्हाको हातमा राखिदिन्छ । यसपछि, दुल्हाले सिन्दूर वट्टा लिएर त्यसको फुस्रो सिन्दूर अलिकति देवतलाई चढाईसकेपछि दुलहीलाई अगाडि बस्न दिई रातो कपताले आँखा छोप्ने गरि निधार देखिने गरी टाउकोमा सिउँदोमा राम्रोसँगपर्ने गरि तीनपटक सिन्दूर लगाउन दिन्छ । यति गरेर सिन्दूर बट्टा, रातो कपडासमेत दुलहीको हातमा दिन्छ सर्गै सिन्दूर बट्टा लिइसकेपछि दुलाहको खुट्टा ढोग्छन् । त्यसपश्चात् तिलहरी, औंठी अरू गरगहना पनि लगाई दिन्छन संगै दुलहीले पनि दुलाहालाई औंठी वा अन्य गहना लगाई दिन्छन् ।

यति सकेपछि दुवैलाई संगै बसाएर नकिंले पूजाथालीमा धौपति राखेर दही चामल मुछेर दुवैजनालाई तीनपटक देवतालाई र एकपटक घरलाई पूजा गर्न सकेपछि रातो टीका मुछेर दुवैजनालाई लगाई दिई सकेपछि आफूले पनि लगाउँछ । त्यसपछि केटी पट्टीको थकालिले देवता पूजा गरी दक्षिणा चढाउनु पर्ने ठाउँमा दक्षिणा चढाएर पुरोहितहरूलाई पनि टीका लगाएर दक्षिणा दिन्छन् भने दुलहा दुलही दुवै जनालाई पनि दक्षिणा चढाउनु पर्ने ठाउँमा दक्षिणा चढाउन दिई पुरोहितहरूलाई पनि दिन लगाउँछ । त्यसपछि कलशको जल, फूल टीका प्रसाद लिई सकेपछि नकिंले सिन्हःमू लिएर सिन्हःमूको टीका लगाई अरू लगाउन हुने सबैलाई लगाउन दिन्छ साथै थकालिले ज्वलान्हाय्कं लिएर त्यसमा ॐ लेखेको फूलले पुछि फूल शिरमा राखेर ज्वलान्हाय्कंमा आफ्नो अनुहार हेरी अरूलाई पनि देखाउँछ । यति सकेपछि नकिंले काठको पाथीमा फलफूल टुक्राहरू राखेर एकपटक देवतालाई र तीनपटक दुलाह दुलहीको टाउको जोडेर पाथी खन्याई दिन्छन र बत्ती एउटा पनि बालि दिन्छ, सबैले लावा अविलरले पूजा गरिन्छ र स्वयंवरको काम सकिन्छ ।

## २. दुलही अन्माउने (भम्चा पित बीगु) विधि

स्वयंवरको काम सकेर केही घण्टापछि वा भोलिपल्ट दुलही अन्माउने काम, विधि हुन्छ । पहिला दुलहीलाई बस्न दिने त्यसपछि केटापट्टीबाट ल्याएको सुपारीको बाटाअगाडि राखेर दश-दशवटा सुपारी पालामा राखेर १२ भाग दुलहीलाई ढोग्न दिई एउटा किस्ती अथवा ढक्कीमा राख्न दिने यो देवतालाई भाग राखेको, जस्तै गणेश, सूर्य, आगम, इष्टदेवता, कुलदेवता र घरमा पूजा गरिराखेको अरू देवतालई

पनि राख्न दिने र ढोग्न पनि दिने अनि थकालिदेखि सानो बच्चासम्म सुपारी लिँदै दाइजो दिँदै दुलहीको हातबाट लिने, एउटै परिवार, एकाघरको परिवार भए रातो कपडा वा राम्रो तासको कपडाले पोका पारेको सुपारी (यसलाई पुतु ग्वय् भनिन्छ) पनि राखेर लिन्छ । आमाबुबा भने यसबेला नलिई पछि मात्र लिन्छ । आमा बुबाले बाहेक अरू सबैले सुपारी लिई सकेपछि सिङ्गो दही र रातो कपडाले बाँधेर दुलहापट्टिबाट ल्याएको पूजाथाली (क्वतः) लिएर त्यसमा दही चामल मुछेर सुपारी भएको किस्तीमा दुवैजनालाई तीनपटक ढोगेर पूजा गर्न दिई एकपटक घरलाई पूजा गर्न दिईसकेपछि दुवैजनालाई दही चामल रातो टीका मुछेर लगाई दिने फूल पनि लगाई दिने आफूले पनि लगाउने यति सकेपछि त्यहाँ अगाडि भएको सबै समान अलग्ग पन्चाउने दुवैजनालई बाटामा हात धुन लगाउने थाय् भू (चौरासी ब्यञ्जन सहितको थाल) अगाडि राख्न ल्याउने अनि सूर्य भागमा बत्ती बालेर दुवैलाई पूजा गर्न लगाई कौसीको पर्खाल वा घाम आउने ठाउँमा राख्न पठाउने, त्यसपछि दुवैजनालाई बलि दिन लगाउने (बौ बीकेगु) थाय्भू ख्वाउने यो थाय् भू खुवाउँदा इहिमा जस्तै खुवाउने । पहिला दुलाहले दायाँ हातले अण्डा सगुनको सामग्री र बायाँ हातले रक्सी भएको पाला लिई सगुन खाएर दुलहीको हातमा राखी दिने, दुलहीले पनि त्यसरी नै खाएर थाय्भू भै राख्ने । अन्तिमा पञ्चपक्वान्न रोटी (पाँच थरीको रोटी) भए नभए अरूकुनै पनि रोटी त्यहाँ दूध भएको पाला लिएर सगुन खाए जस्तै खाएर थाय्भूमा नै राखिदिने यति सकेपछि दही च्यूरा अलि थपिसकेपछि थाय्भू ख्वाउन सकिन्छ ।

बाटामा चुठ्न लगाउने र कलंब्वःमा बत्ती राखेर दुवैजनालाई पूजा गर्न दिई ब्वः थाय्भूमा राखेर “कलं वाकी छ्वय्” थाय्भू फाल्न पठाउने, यति सकेपछि त्यहा सरसफाई गर्ने र पानी अलि पनि छर्केर शुद्ध गर्ने यति सकिएपछि दुवै पट्टीको थकालिहरूलाई सँगै बस्न दिई सुपारी भाग राखेको किस्तीमा दुवैजनालाई पूजा गर्न लगाउँछ साथै दक्षिणा पनि चढाउन दिन्छ । पुरोहितलाई पनि टीका लगाई पूजा गरि दक्षिणा दिन लगाउँछ, संगै दुलहा-दुलही दुवैजनालाई पूजा गर्न लगाई दक्षिणा चढाउन लगाई पुरोहितहरूलाई दक्षिणा दिन लगाउँछ र पूजा गर्ने काम सकाउँछ ।

त्यसपछि दुलाहको तर्फबाट ल्याएको ठूलो जो क्वतः अगाडि राखेर दुलाहाको तर्फबाट आएका पुरोहित वा थकालिले त्यसमा भएको (नस्वाः, कुम्कुम, ग्वा कुचा व ग्वय् कुचा) जत्तामसी कुम्कुम, पान टुक्रा, सुपारी टुक्रा लिएर दुलही र दुलहीका आमाबुबालाई दिन्छन् र उनीहरूले हातमा दलेर सुँघेर भुइँमा राख्छन् । अनि जो क्वतःमा रहेको दही चामल सुपारी भएको किस्तीमा पूजा गरेर दुलही र

आमाबुबालाई टीका लगाउन दिने र क्वतःमा रहेको रोटी, मसला आदी किस्तीमा चढाई जो कोतःको काम सन्पन्न गर्छन्। त्यसपछि दँय् पौ (जसमा दशवटा सुपारी दशवटा चाँदीको पैसा, द्वाफोस्वाँ र अक्षता हुन्छन्) देखाएर त्यसमा भएको द्वाफोस्वाँ जस्मा दुबो पनि हुन्छ र अक्षता लिएर दुलही र दुलहीको आमाबाबुबालाई दिन्छ र टाउकोमा राख्नछन् र त्यसपछि दँय्पौ पनि पोका पारेर तुती वक्की (पाउजुजस्तो) दुलहीलाई लगाउन दिन्छ। यति सकेपछि दुलहीको बुबाले ज्वलान्हाय्कं र आमा चाहिले सिन्हमू दाइजो राखेर सुपारी लिन्छन्। अनि मामाले भान्जीलाई बोकेर अन्माउने कम गर्छ संगै बुबाले दुलाहाको हात समातेर संगसंगै लान्छ। बाहिर राखेको मोटर दुलाहलाई एकपटक, दुलहीलाई तीनपटक घुमाएर मोटर भित्र राख्छ र दुलाहाका थकालिले मोटरमा दुफाँगा ओढाइदिन्छ (तासको खास्तो) सँगै सबैजनाले लावा अभीरले मोटरमा छरेर पूजा गर्छन्। मोटर गुडाउँदै टोलको गणेश मन्दिरसम्म सबै संगसंगै जान्छन देवताको अगाडि पुगेपछि सम्धीहरूको शिष्टाचार कुरा गरेर "दुवै घर एकै घर भयो" भनेर विदा लिएर जान्छ। दुलही अन्माउने काम यहि सकिन्छ।

त्यसपछि दुलही लगेर दुलाहको घरमा पुगेपछि घरको अगेनामा घरको ढोकामा दायाँ बायाँ कलश र बत्ती बालेको त्वादेवा बालेर सकुन्दा पनि बालेर राख्ने। सुकुल एउटा पनि विछ्याएको हुन्छ। अनि दुलाह दुलही दुवैलाई मोटरबाट बाहिर ओरालेपछि सुकुल ओछ्याएको ठाउँमा उभ्याउने। नकिंले गोल वा धूप बालेको पाला अगाडि राखेर रायो-सर्स्यू दुवैलाई घुमाएर आगोमा राखी धुँवाले शुद्ध गर्छ साथै चामल र पानी पनि हातमा राखेर दुवैलाई घुमाई भुईमा राख्छ र बत्ती बालेर पालामा राखेर पाला पन्छाईन्छ। त्यसपछि सिङ्गो दही र पूजा थाली वा क्वतःसंगै राखेर दुवैलाई ढोगाउने दही चामल टीका मुछेर दुवैको हामा दिएर तीनपटक भुईमा पूजा गर्न दिने र एकपटक घरमा पूजा गर्न दिन्छ। अनि टीका लगाई दिने फूल पनि लगाई दिइसकेपछि पाठीमा फलफूल टुक्रा गरेको राखेर दुवैजनाको टाउको जोडेर तीनपटक खन्याई दिने बत्ती एउटा पनि बालेर दुवै जनालाई देखाई भुईमा राख्छ त्यति सकेर सबै जनाले लावा अभीर लिएर दुवैजनालाई पूजा गरिसकेपछि नकिंले बुहारीलाई (दुलही) साँचो समाउन लगाई पानीको भाँडोले धारो बगाई घर भित्र्याई ह्वंके गर्ने स्थानमा बसाउने।

## ३. ह्वंकेगु विधि

ह्वंकेगु विधिअनुसार पहिला दुलहीको हातबाट पालामा दश-दशवटा सुपारी घरमा पूजा गरिराखेका देवताहरू गणेश, सूर्य, आगमदेव, कुलदेव, टोलको देवताहरूलाई ढोगेर किस्तीमा १२ भाग राख्न दिने अनि थकालिदेखि सबैले दुलहीको हातबाट

सुपारी लिने, अन्तिममा दुलहाले पनि लिने । यो काम सकेपछि नकिंले सिङ्गो दही र पूजा थाली वा क्वतः समातेर दही चामल मुछेर तीनपटक देवतालाई र एकपटक घरलाई पूजा गर्न दिने र रातो टीका मुछेर दुवैजनालाई लगाई दिने फूलपनि लगाई दिने आफूपनि लगाउने यति सकेपछि सबै पन्छाएर थाय्भू अगाडि राख्न ल्याउँछ । थाय्भू पहिला जस्तो खान दिई (कलं वाय्) थाय्भू फाल्न पठाएर काम सकिन्छ । थकालि अगाडि आएर सुपारी भाग राखेकोमा पूजा गरी दक्षिणा चढाउने र पुरोहितलाई पनि टीका लगाई पूजा गरि दक्षिणा दिन सक्यो भने नकिंले पाथीमा फलफुल टुक्राहरू राखेर तीनपटक दुलहा-दुलहीलाई टाउको जोडेर टाउकोमा खन्याउने र एकपटक देवतालाई खन्याई सकेपछि बत्ती एउटा बालेर सबैले लावा अभीरले पूजा गरेर ह्वंकेगु काम सकिन्छ ।

यसको दुई-तीन दिनपछि छोरीको अनुहार हेर्न जाने भनेर छोरीको आमाबुबा परिवार आफन्त इष्टभित्र आदि जम्मा भएर पूजा थाली, सिङ्गो दही, लुगा, गहना र रोटी फलफूल सक्ने जति लिएर दुलाहको घरमा गएर छोरीलाई अगाडि बस्न लगाएर बुबाले सुकुन्दा बालेर दही चामल मुछेर सुकुन्दाको गणेशमा टीका लगाएर फूल पनि लगाएर छोरीलाई पनि टीका लगाई, फूल लगाई लुगा हातमा दिई गहना पनि दिन्छ र लगाई पनि दिन्छ । अनि बुबादेखि लस्करी छोरीको हातमा सक्ने जति पैसा राखिदिन्छ । यती सकेपछि जुवाई र छोरी दुवैलाई संगै घर ल्याएर दुलाह भित्र्याउने भनेर दुवैजना संगै राखेर अण्डा सगुन दिई जति सक्ने सम्मान गरेर खुवाउने गर्छ । सबै काम सकेर छोरी र जुवाई दुवैलाई विदा दिएर पठाएपछि दुवैपट्टिको बिवाह काम सकिन्छ ।

## (ग) बिवाह विधिको अभिप्राय

बिवाह गर्नु एक दुई दिन अगाडि दुवै पट्टिको घरमा वयरले श्राद्ध गर्नुपर्ने चलन छ । यसको अभिप्राय पितृहरूलाई आफ्नो सन्तानको बिवाह गर्न लागेको कुराको जानकारी दिने । नेवार संस्कृतिको दार्शनिक सिद्धान्त अनुसार मृत्यु भएका तीन पुस्ता पितृहरू अर्को जन्म नलिई स्वर्गमा पनि नगई घरमै देवता भएर बस्ने विचार भएकोले पञ्चतत्वको शरीर छोडे पनि उनीहरूको अस्तित्व हराउँदैन र परिवारसँगछुटेर जाँदैन भनेर ठूलठूला कामहरू गर्दा उनीहरूको नाममा यसरी वयरले श्राद्ध गर्ने चलन भएको हो ।

त्यसपछि स्वयंवर गर्ने भनेको सबै मानिसहरूको अगाडि आफूहरूले पुजी राखेको देवताहरू पनि साक्षी राख्नेसरह अगाडि राखी केटाले केटीलाई र केटीले केटालाई मन पराएर बिवाह गर्न स्वीकार गरी केटीले केटालाई माला लगाइदिन्छन् भने

केटाले केटीको सिउँदोमा सिन्दूर भरेर गहना लगाइदिन्छन् । यति भइसकेपछि आमाबुबाहरूले पनि स्वीकारी दुवै जनालाई संगै राखेर दही चामल मुछेको टीका लगाउन दिई स्वयंवर सकाउँछ । स्वयंवर भनेको केटा केटीहरूको जीवन साथी बनाउने एउटा छनोट प्रक्रियाको एउटा विधि हो । पहिला पहिला राजाहरूले आफ्नो छोरीले कुन चाहि मन पर्छ त्यहीसँगबिवाह गराइ दिने विचार गरेर विभिन्न देशका राजकुमारहरूलाई बोलाइराखेर छोरीलाई फूलमाला समाउन लगाई छनोट गर्न दिन्छ भनेर पुराणमा उल्लिखित छ । स्वयंवर गरेर छनोट गरिसकेपछि मात्र दुवै जनालाई सँगै राखेर विधिपूर्वक बिवाह गर्छ ।

नेवार संस्कृतिअनुसार बिवाहको खास विधि भनेको नै छोरीको घरबाट दुलही अन्माउँदा गर्ने र दुलाहाको घरमा दुवैजना सँगै राखेर ह्वंकेगु विधि नै हो । किन कि बिवाह गर्ने भनेकै एउटा घरमा छोरी भएकी अर्को घरमा बुहारी बनाएर सदस्य बनाउने हो । त्यसो भएकोले पहिला छोरीको आमाबुबा र उनीहरूको घरमा (सम्बन्ध) सम्पर्क हुने सबैले छोरीलाई अर्को घरमा बुहारी बनाएर सदस्य बनाउन स्वीकृति दिनुपऱ्यो । यसैको विधिअनुसार पितृहरूको स्वीकृति लिनलाई बयरले श्राद्ध गर्ने र दुलही अन्माउँदा आफूले मानिआएका आगम देव इष्टदेवहरूलाई सुपारी भाग राखेर स्वीकृति लिएर मात्रै परिवारका सबैले सुपारी लिएर स्वीकृति दिन्छ ।

त्यसरी नै केटा पक्ष पनि दुलही भित्र्याई सकेपछि ह्वंकेगु भनेर त्यस्तै बुहारीलाई आफ्नो परिवारमा समावेश गर्न स्वीकृति लिन्छन् । पितृहरूका लागि वयरले श्राद्ध पहिला नै गरि राखेको हुन्छ । अनि ह्वंके गर्ने बेलामा आफूकहाँ पुजी राखेका आगमदेवहरूलाई सुपारी भाग राख्न दिई परिवारले सुपारी बुहारीको हातबाट लिन्छन् । यसरी सुपारी नलिएसम्म बुहारीलाई परिवारको सदस्यको रूपमा लिइँदैन । किनभने त्यसरी सुपारी नलिएका बुहारीको तर्फबाट बच्चा जन्मियो भने दाजुभाइहरूले सूतक नै बार्दैन । यसको मतलब ती बुहारी परिवारमा भित्रिएको स्वीकृति दिएको छैन ।

यहाँनिर नेवारहरूले आफ्नो परिवारलाई कस्तो दृष्टिले हेर्ने भनेर बुझ्नु आवश्यक छ । नेवारहरूको संस्कृति अनुसार परिवारमा छोरा छोरी, दाजु भाइ, बुहारी आदि मात्र होइन, मरेर गएका पितृहरू र आगमदेव पनि परिवारकै सदस्य भएर बस्ने सिद्धान्त छ । त्यसले परिवारको कुनै पनि काममा यी तीन प्रकारका (मान्छे, पितृ, देवता)लाई सहभागी गराउने गरिराखेको थियो । दिन दिनै बिहान हुनासाथ मानिसले मुख धुन सकिने बित्तिकै पितृलाई जल दिएर तर्पन गर्छ । यसको

मतलब हो पितृहरूलाई परिवारले गर्नुपर्ने नित्यकर्म गर्नु पर्छ अनि आगमदेव र अरू देवताहरूलाई पनि पूजा गरेर नृत्य कर्म सकाउँछ, त्यसपछि परिवारका थकालिहरूलाई ढोगेर वा टाउको मात्र निहुराएर आशिर्वाद लिन्छ भने थकालिहरूले पनि आफूभन्दा सानालाई आशिर्वाद दिएर दैनिक गर्नुपर्ने विहानको काम सकाउँछ। अनि खाने बेला भयो भने त्यहाँ पनि पहिला खानेकुराहरू देवतालाई चढाएर पितृहरूको नाममा बलि दिएर मात्रै आफूले खाने गर्छ। यसरी तीनै पक्ष समावेश भएको परिवार नै नेवार परिवारको स्वरूप हो।

बिवाह विधि पनि यहि विचारलाई अंगालेर पितृहरू देवताहरू र मान्छेहरूले स्वीकृति दिएर मात्र छोरी केटाको घरमा सदस्य हुने अभिप्राय भएको हो।

यसरी बिवाह गर्ने विधिमा सामाजिक औपचारिकता पूरा हुने काम भएकोले यसको ठूलो महत्त्व भएको महसूस गरेको हो। यसलाई पालना नगर्ने भनेको नै समाजको नियमलाई नाघेर जाने हुन्छ। त्यसैले हामीले यस्तो अर्थपूर्ण विधिहरूलाई नचाहिने काम भनेर लिन हुँदैन।

# ८. बूढाबूढी पास्नी (ज्याः जंक्व) कर्म

## (क) बूढाबूढी पास्नी (ज्याः जंक्व) कर्मको महत्त्व

नेवार समाजको दर्शनअनुसार मान्छे नै देवता हुने कुरा माथि पनि भनिसकेको भयो । कति तान्त्रिक मानिसहरू साधना गरेर देवता भएको उदाहरण धेरै छ । एकजना (थकुजुजु) मल्ल राजा (पचली आजु) पचली भैरव देवता भएको, किरात राजा यलम्वर (वंगः) इन्द्र चोक टोलको (आजुद्यः) आकाश भैरव भएको, त्यस्तै नै मखन घरको राजोपाध्याय (द्यःबाजे)को छोरी विजेश्वरी देवता भएको कुराहरू परम्परादेखि सुन्दै आएको छ । यी देवता त साधनाले सिद्ध भएका हुन् । तर कोही मान्छे लामो आयुसम्म बाँचिरह्यो भने उनलाई पनि देवता नै भन्ने नेवार संस्कृतिमा छ । यसरी लामो आयुसम्म बाँची रहनेलाई बूढो पास्नी (ज्याःजंक्वः) गर्ने भनेर रथमा राखी जात्रा गरेर सबैले सम्मान गर्ने चलन छ । त्यसो भएकोले नेवार समाजमा बूढो पास्नी कर्म गर्नुमा ठूलो महत्त्व छ । यो चलन नेवार समाजमाबाहेक अरू समाजमा देखिँदैन ।

साँच्चै भन्ने हो भने, जन्मेदेखि बालकलाई गर्नुपर्ने संस्कारहरू बेलामै पूरा गरेर समाजको रीतिरिवाज पालना गराएर हुर्कायो भने ति बालक नराम्रो एवं खराब बाटोमा कहिल्यै लाग्दैन । अनि साँचै नै राम्रो इमानदार, कर्तव्यनिष्ठ व्यक्ति भएर सबैले वाहवाह भनाई जीवनयापन गर्न सकिन्छ र जीवन सफल पनि हुन्छ । त्यस्तो व्यक्ति नेवार समाजमा पहिला देवता जस्तो भन्दै पछि देवता नै भएको अनुभूति गर्छन । बूढो पास्नी गर्नुमा पनि यस्तै दार्शनिक विचार समावेश गरी प्रयोग गरेको हो ।

जीवनमा बूढो पास्नी गर्न पाउने भनेको ठूलो कुरो हो भनिन्छ । मान्छेको शरीर हुँदा नै देवता हुने भनेको सानो कुरा होइन । त्यसैले बूढो पास्नी गर्दा रथमा

(खत) राखेर सबैले देवता सम्झेर पास्नी हुनेको तर्फबाट आशिष लिनु पर्छ भनेर मानिसहरू जे काम भएपनि छोडेर पास्नीमा आउने गर्छन् । त्यस बखत बूढो पास्नी हुनेले दिएको आशिष खेर जाँदैन भन्ने विश्वास गरिएको छ ।

बूढा पास्नी एकपटक मात्र होइन पाँचपटकसम्म गर्न मिल्छ भनिएको छ । पहिलो पास्नी सतहत्तर वर्ष सात महिना र सात दिनमा गरिन्छ । यसलाई संस्कृत भाषामा 'भीमरथारोहण' भनियो । दोश्रोपटकको त्रियासी वर्ष चार महिनामा पूर्णिमाको दिन एक हजार चन्द्रमा देखिने भएकोले यो पास्नीलाई 'चन्द्ररथ' भनियो । त्यसपछि तेश्रोपटकको अठासी वर्ष आठ महिना आठ दिन भएको दिनमा गरिन्छ । यसलाई देव रथ र महारथ दुवै भन्ने गरिन्छ । यसरी तीनपटक बूढो पास्नी गर्नेहरू कहिले कहीँ मात्र हेर्न सकिन्छ । त्यसपछि चौथो र पाँचौपटकको बूढो पास्नी हेर्न साह्रै गाह्रो हुन्छ । चौथो बूढापास्नी उन्नानब्बे वर्ष नौ महिना र नौ दिनको दिनमा गरिन्छ भने पाँचौ एकसय आठ वर्ष आठ महिना र आठ दिन भएको दिनमा गरिन्छ । चौथोलाई 'दिव्यरथ' र पाँचौलाई 'महादिव्यरथ' भन्ने कुरा बूढा पास्नी गर्ने 'पद्धति' किताबमा लेखिएको छ । यसरी बूढो पास्नी गर्ने नेवारहरूको पृथक् किसिमको संस्कृति रहेको छ ।

## (ख) बूढाबूढी पास्नीको विधि

बूढो पास्नी गर्दा ठूलो प्रकारले गर्नेहरूले यज्ञ गरेर नवग्रह, अष्ट चिरञ्जीवी पूजा र दान गरेर लामो काम गरी विधि गर्छ भने कर्म मात्रै पूरा गर्ने नगरी नहुने मात्र गर्ने हो भन्ने कलश स्थापना गरेर मात्र पूजा गर्ने पनि गर्छ ।

कलश पूजा मात्रै गरेर गर्नेहरूले अरू संस्कारको विधिमा गरे जस्तै कलश, धौपति, अरू देवता, पात टुक्रा टुक्रा गरेर त्यसमा च्यूरा वा अक्षता राखेर सिन्हमू ज्वलान्हाय्कं द्वारपाल जस्तै दायाँ बायाँ राखेर पूजा गर्छन् । संगै भुइँमा धान राखेर, नाङ्लो, कुचो र रथ राखेर पूजा गर्छन् । त्यसरी नै चिना (जातः) पनि कलशसँगै राखेर पूजा गर्छन् । बूढा पास्नीमा धेरैजसो थकालि र नकिं पास्नी गर्नेको छोरा र बुहारीले काम गर्ने चलन छ । त्यसैले पास्नी गर्ने बूढा-बूढीलाई बुहारीले साँचो समाउन दिई पानीको धारो बगाएर लसकुस (स्वागत) गरेर बसाउन ल्याइन्छ ।

अनि राय सर्स्यूको धूँवाले चोखो गरेर देवता पूजा गर्ने । सबै काम सकेपछि नकिं भएर काम गरि राखेका बुहारीले पूजा थालीमा धौपति राखेर धौपतिको दही निकालेर दही चामल मुछेर पास्नी गर्नेलाई दिई तीनपटक देवतालाई र एकपटक घरलाई पूजा गर्न दिई टीका लगाई लुगा र पुन्नाचा (कानमा लगाउने रिङ्ग) पूजा

गरेर दिने । त्यसपछि लुगा लगाई दिन सकेपछि पुन्हेचा पनि लगाउन दिने संगै स्वास्नी मान्छेलाई भने लुँ ची (लुँ सिन्हः) सुनको टीका लगाई दिन्छ भने केटा मान्छेलाई टाउकोमा फित्ता बाँडी दिन्छ । यति गरिसकेपछि साँचो समाउन दिई पानीको धारो बगाई लसकुस गरेर रथको अगाडि लगिन्छ । अनि पानको सातवटा पातमा सिङ्गो सुपारी एउटा, ल्वाङ्ग एउटा र पैसा एउटा राखेर सात पाइला टेक्न लगाई रथमा एकपटक चामल, अबीर, लावाले पूजा गर्न दिई रथमा बस्न दिइन्छ । यतिसकेपछि पाथीमा योमरी राखेर तीनपटक, टौला (तिलको लड्डु) ले, तीनपटक र फलफूल टुक्राले तीनपटक टाउकोमा घोप्ट्याई दिने र बत्ती एउटा बालेर सबैले लावा अबीरले पूजा गरेपछि रथ यात्रा गरिन्छ । रथ तानेर घुमाउन सकेपछि पहिलाको ठाउँमा नै ल्याएर राख्छ । अनि क्वल्ला (तामाको भाँडो) अगाडि राखेर त्यसमा एउटा काठको कप्टेरो र एक टुक्रा कपडा पनि राखेर पास्नी गरेका बूढाबूढीको खुट्टा धोएर खुट्टामा पैसा राखेर ढोगेर आशिष लिन्छन् । सबैको खुट्टा धुवाउने काम सकेपछि रथबाट तल लिई रथ पूजा गर्न दिई इच्छा भएको दान गर्न दिइन्छ ।

अनि थकालि भएको छोराले सबै देवता पूजा गरी दक्षिणा चढाउनुपर्ने ठाउँमा दक्षिणा चढाई दक्षिणा दिनुपर्ने सबैलाई टीका लगाएर दक्षिणा दिन्छन् र पूजा सकाउँछ । कलशको जल, टीका, फूल प्रसाद लिई सबै काम सकाउँछ ।

बूढा पास्नीको प्रमुख काम यति नै हो । पहिले पास्नीको कस्तो विधि हो दोस्रो र तेश्रो पास्नीको पनि त्यस्तै हो । रथ पूजा गर्दा मात्र देवता फरक हो । अनि कुन देवताको रथ हो त्यही देवतालाई पूजा गर्ने हो । जस्तै पहिलो पास्नीको रथमा सूर्य भएकोले सुनको सूर्यलाई पूजा गर्न दिन्छ, दोस्रोमा चाँदीको चन्द्रमालाई पूजा गर्न दिन्छ । चन्द्ररथमा यात्रा गर्दा डोरीले तान्ने नगरी बोकेर यात्रा गरिन्छ । तेश्रो देवरथ भएकोले नारायणको प्रतिमा राखेर पूजा गरिन्छ । कतिको आफ्नो इष्ट देवताको रूपमा सुन राखेर पूजा गर्छ रथ यात्रा गर्दा पनि रथ तानेर घरको झ्यालबाट तानेर पूरा गर्छ । तेश्रोपटकको पास्नीलाई महारथ भनेर पनि पूजा पद्दतीमा लेखेको देखिन्छ, चौथो दिव्यरथ र पाँचौ महादिव्य रथ भने पनि पास्नी गर्न सकेका धेरै नै कम भएकोले दुर्लभ भएकोले यस्तै हो भन्न सकेको छैन ।

## (ग) बूढाबूढी पास्नीको अभिप्राय

पास्नी गर्दा कलश स्थापना गरेर पूजा गर्ने, पास्नी गर्ने बूढाबूढीलाई लसुकुस गरेर पूजा गर्न दिन सबै कुरा अरू संस्कारमा काम गर्दाजस्तै देवताहरूसँग गर्नुपर्ने शिष्टाचारको विधि हो । त्यसपछि टीका लगाएर पुन्हेचा, कानमा लगाएर रथमा

बसाइँ सकेपछि योमरी, तौला (तिलका लड्डु) फलफूल टुक्राले पाथीमा राखेर घोप्टचाउने काम हुन्छ। यसको अर्थ देवता भएको व्यक्तिलाई रथमा राखेर सम्मान गर्नु हो । जस्तै देवताको मन्दिरको स्थापना दिवसको दिन मन्दिरको छतबाट यःमह्री, ल्वहँचामह्री, फलफूल टुक्राहरू छर्ने गर्छ । त्यसरी नै पाटनमा मच्छिन्द्र नाथको जात्रामा रथ लगनखेलमा पुगेपछि त्यहाँ जात्राको भोलिपल्ट भुज्याः जानेको दिन रथको माथि टुप्पोमा गएर नरिवल खसाल्ने चलन अहिले पनि छ । काठमाडौंमा पनि जनबहालको सेतो मच्छिन्द्रनाथको जात्रामा पनि रथमा पताः चढाउने (रातो लामो कपडा) बेला ल्वहँचामह्री र फलफूल टुक्रा रथको टुप्पोबाट छर्ने गर्छ। पाहाँचह्रेको जात्रामा पनि पाहाँचह्रेको पर्सिपल्ट असनमा देवताको रथ जुधाउने भनेर भद्रकालीको रथ, तेबहालको रथ र वंगः अजिमाको रथ सँगै पर्ने बेलामा असनको चारै तिरको घर-घरको छानाबाट र झ्यालबाट रातो, पहेँलो, निलो चतांमह्री फालेर रथमा चढाइन्छ। यो सबै जात्रा गर्दा देवताहरूलाई सम्मान गरेको हो ।

रथ जात्रा गर्ने भनेको नै जानकारी दिने उद्देश्य हो। कतिको त बाजागाजा सहित फलानोको बूढो पास्नी गरेको भनेर प्रचार नै गर्ने गर्छ। जात्रा गर्ने परम्परा बेग्लै नै भयो। पहिलो पास्नी रथ तानेर गरिन्छ, दोश्रो रथ बोकेर गरिन्छ, त्यस्तै तेस्रो पास्नी घरको झ्यालबाट तानेर माथि लिएर जात्रा गरिन्छ। यसरी झ्यालबाट तान्ने कुरामा के दर्शाएको छ भने मानिसको घर पनि देवताको घर अथवा मन्दिर जस्तै हो। त्यहाँ सधैं देवताको वास हुन्छ भनेर नेवार संस्कृतिले देखाएको छ ।

अन्तिममा जात्रा सकेर सबैले खुट्टा धुवाएर दक्षिणा चढाएर ढोग्ने भनेको पास्नी गर्नेको तर्फबाट आशिष लिनु हो । देवता भइसकेकोले दिएको आशीर्वाद राम्रो हुन्छ भनेर लिने हो ।

बूढा पास्नीको ठूलो महत्व छ, नेवार संस्कृतिको दर्शनअनुसार मान्छे नै देवता हुने सिद्धान्तको प्रत्यक्ष उदाहरणको नमूना यहि को भनेर लिन सकिन्छ ।

**अस्तु ।**

# १०. विभिन्न संस्कारको सामानहरू

नेवार संस्कारमा नामकरणदेखि बूढो पास्नीसम्म कार्य गर्नका लागि के के सामानहरू चाहिन्छ भनेर थाहा पाउन जरुरी छ । काम गर्ने समयमा सामान भएन भने काम गर्न नसकिने मात्र होइन काम गर्ने व्यक्तिहरूलाई गाह्रो मात्र होइन दुःख पनि खानु पर्ने हुन्छ र यो गरूँ कि त्यो गरूँ हुन्छ त्यसैले काम धेरै भएकाहरूलाई अप्ठचारो हुन सक्छ । त्यसैले काम गर्न एक दिनअगाडि नै सबै सामान ल्याएर "यो सामान छैन" भन्न नपर्ने गरी सबै सामान मिलाउन सक्यो भने काम गर्न साह्रै सजिलो हुन्छ। त्यस कारण यहाँ कुन कामलाई के-के सामान चाहिन्छ भनेर उल्लेख गर्दछु ।

संस्कारको काम गर्दा पहिला पहिला ठूलो किसिमले गर्ने चलन छ। आजकल भने त्यसरी फर्माइस गरेर लामो काम गर्न समय नै नभएको अवस्था भइसक्यो। यस्तो अवस्थामा कामको अभिप्राय पनि हुने र संस्कार पनि सजिलै सकिने भएकोले यहाँ नभई नहुने सामग्री मात्र यहाँ प्रस्तुत गरेँ ।

### (क) नामकरणको लागि आवश्यक सामानः

कलश, किसलि (पालामा चामल, सिङ्गो सुपारी पैसा राख्ने) द्वाफोस्वाँ कचाः (सेतो फूल फुल्ने फूलको हाँगा) धौपति (दुईवटा सानो भाँडोमा दही राख्ने) सुकुन्दा, सिन्हःमू ज्वलान्हाय्कं, सिङ्गो दही, फुस्रो सिन्दूर, माना, पेटिभोटो, कनिका, चिना चिनाको खोल, पानको पत्ता, मह, फूल, लावा, अभीर, धूप, बत्ती, सानो जनाई (जजंका) अक्षता, रोटी, फलफूल, फलफूल टुक्रा, काठको पाथी, बच्चालाई लुगा, राय सर्स्यूसर्स्यू आगो राख्ने पाला, क्वातिवासः, घोती, चौथी, पूजा थाली, पानीको भाँडो, बाटा, साँचो ।

## (ख) बच्चा पास्नी (भात खुवाउन)को लागि आवश्यक सामान:

कलश, किसलि, द्वाफोस्वाँ कचाः, धौपति, सुकुन्दा, सिन्हःमू ज्वलान्हाय्कं, दही, फुस्रो सिन्दूर, माना, पेटीभोटो, कनिका, टुक्रा चामल, फूल, लावा, अभीर, धूप, बत्ती, सानो जनाई (जजंका) अक्षता रोटी ? फलफूल, फलफूल टक्रा, काठको पाथी, राय सर्स्यू आगोको पाला, बच्चालाई लुगा, जंक्व क्वखा (पास्नीमा लगाई दिने माला) चाँदीको कल्ली, साँचो, केरा, सुपारीको (गुटी) बियाँ, नरीवलको बियाँ (गुटी) थाल एउटा, माटो एक टुक्रा, ईट्टा एक टुक्रा, धान एक मुठ्ठी, गहना एउटा पूजा थाली, पानीको भाँडो, बाटा ।

## थाय्भूलाई आवश्यक सामान:

थाय्भू (ठूलो थाल) तिर्खुति (तीनवटा खुट्टा भएको) दालको परिकार, तरकारीको परिकार, गेडागुठी, फर्सि, मासु सगुनको सामग्री (अण्डा, माछा, मासु, बारा, रक्सी) मासुको लड्डु, मासुको बारा, पञ्चपकवान (पाँच प्रकारको रोटी) रक्सी राख्न पाला, जाँड राख्न पाला, दूध अथवा दही राख्न पाला, पान मसला पोका, दही ज्यना लप्ते (एक प्रकारकाको पात) भात ।

## (ग) चूडाकर्मको लागि आवश्यक सामान:

कलश, किसलि, द्वाफोस्वाँ कचा, धौपति, सुकुन्दा, सिन्हःमू ज्वलान्हाय्कं, दही, फुस्रो सिन्दुर, फुपूलाई काँसको थाल, लुगा, नापितलाई काँसको कचौरा सानो, श्रीखण्ड टीका, कुम्हःका (पहेँलो धागो), सुनको छुरा, चाँदीको छुरा, भालिंचा (चोयाको सानो नाङ्लो) क्वःचिकं (चामलको पिठो र तेल) दुबोको मुठा, धान एकमुठी, मासु एक टुक्रा, पिना, फूल, लावा, अभीर धूप, बत्ती, सानो जनाई (जजंका) अक्षता रोटी, फलफूल, फलफूल टुक्रा, काठको पाथी, राय सर्स्यू, आगो राख्ने पाला, बच्चालाई लुगा, साँचो, पूजाथाली, सेतो तिल, कलेमरि (एक प्रकारको रोटी)

## (घ) ब्रतवन्धलाई आवश्यक सामान:

कलश, किसलि, धौपती, द्वाफोस्वाँ कचा, सुकुन्दा सिन्हःमू ज्वलान्हाय्कं, दही, फुस्रो सिन्दूर, फुपूलाई दिने थाल, लुगा, लगौंथी, धनषवाण, चामलको झोला, च्यूराको झोला (थैली) पानको पात ७, ल्वाङ्ग ७, सिङ्गो सुपारी ७, पैसा ७, भिक्षा दिने चामल, सिङ्गो नरिवल, भिक्षा पात्र लावा, अभीर, धूप, बत्ती, सानो जनाई (जजंका), अक्षता रोटी, फलफूल, फलफूलका टुक्रा काठको पाठी, राय सर्स्यू, आगो राख्न पाला बच्चालाई लुगा साँचो ।

### (ङ) बेल बिवाह (ईही) को लागि आवश्यक सामानः

बेल बिवाह गर्न पहिलादेखि यज्ञ, होम गरेर गर्ने चलन अहिलेसम्म पनि चलिरहेकै छ। त्यसैले बेला बिवाह गर्न गाऱ्हो भएकोले बेला बेलामा सामुहिक बेल बिवाह गर्ने चलन बढीरहेको छ। तर बेल बिवाह गर्नुको अभिप्राय राम्रोसँगबुझेर गर्ने हो भने होम नगरि कलश पूजा मात्रै गरेर छोटो एवं सजिलो तरिकाले पनि गर्न हुन्छ।

पहिला पहिला चूडाकर्म, व्रतबन्ध पनि होम गरेर लामो विधिबाट गर्ने चलन थियो। तर अहिले कलश पूजा गरेर सजिलो एवं छोटो गरि गर्ने चलन चलिसक्यो। त्यसरी नै बेल बिवाह पनि सजिलो गर्न सकिन्छ। त्यसैले ठूलै गर्ने हो यसलाई आवश्यक सामान पुरोहितले नै लेखेर दिन्छ। यहाँ सामानको लिस्ट लेखि राख्न आवश्यकता नै रहेन। छोटकरीमा सजिलो किसिमले धेरै समय नलाग्ने गरी बेल बिवाह गर्ने हो त्यसलाई चाहिने सामान यहाँ प्रस्तुत गर्दछुः-

कलश, किसलि, द्वाफोस्वाँ कचा, धौपति, सकुन्दा, सिन्हःमू, ज्वलान्हाय्कं, दही, फुस्रो सिन्दूर, फुपूलाई थाल, लुगा, नापितलाई सानो कचौरा, झालिचा, (चोयाको सानो नाङ्लो) क्वँ चिकं (चामलको पीठो र तेल), दुबोको मुठा, धान एक मुठी, मासु एक टुक्रा, पिना, सिन्दूर वत्ता, रातो कपडा, इहिपर्सि (बेल बिवाहको विशेष साडी) राय सर्स्यू, आगो राख्ने पाला, साँचो, बाह्रा छुइगु जाकी (भिक्षा दिने चामल), सिलौटा, सिलौटाको बच्चा, गेडा मास, काँसको थाल, वेल, काँचो सुन, जौतिल, गाईको दूध, बाबियोको डोरी, फूल, लावा, अभीर, धूप बत्ती, सानो जनाई (जजंका) अक्षता, रोटी, फलफूल, फलफूलको टुक्रा काठकाको पाथी, पूजा थाली, पानीको भाँडो (करुवा), अलिंद्यः (एक प्रकारको माटोको देवता), इनाय् द्यः (एक प्रकारको माटोको देवता) कलश।

### दुस्वः पूर्वाङ्ग बेल बिवाह गर्न एक दिन अगाडि गर्ने कामको लागि आवश्यक सामानः

पीठ पूजा पठाउन पूजाथाली, सम्हय् सामग्री, चतांमह्री, अण्डा सगुनको सामान।

### वयर श्राद्ध गर्न आवश्यक सामानः

पूजा सामान, किसलि ३, बयर ५०, दुबो, अक्षता, जौ तिल, गाईको दूध, तामको थाल, धौपति सिन्हमू, धूप दिप (बत्ती), सानो जनाई (जजंका), रोटी, फलफूल, फुस्रो सिन्दूर, लावा, फूल।

### (दुस्वःका) पूर्वाङ्ग लागि पूजा सामानः

कलश, किसलि, द्वाफोस्वाँ कचा, दही, फुस्रो सिन्दूर, सिन्हमू ज्वलान्हायक्‌ं, सुकुन्दा, सलाःपाः (ठूलो पाला जसमा स्वस्तिक लेखेको हुन्छ) पहेँलो धागोको डल्लो, ज्यःना लप्ते (एक प्रकारको पात) चाकु, हलेदो, मनंफ्व, सुकेको माछा, सिङ्गो सुपारी, साँचो, आगो राख्ने पाला, रायो सर्स्यू, बाबियेको लट्ठी २, काठको पाथी, लावा, अभीर, धूप वत्ति, जजंका (सानो जनाई) रोटी, फलफूल, फलफूलको टुक्रा सिलौटा, सिलौटाको बच्चा, गेडा मास, पूजा थाली पानीको भाँडो ।

### थाय्‌भू जोरजाम गर्नु बच्चा पास्नीमा जस्तै हो ।

### (च) गुफा (बाह्राः) को सामानः

कलश, किसलि, द्वाफोस्वाँ कचा, धौपति, सुकुन्दा, सिन्हःमू ज्वलान्हायक्‌ं, दही, फुस्रो सिन्दूर, सिन्दूर बट्टा, रातो कपडा, पहेँलो धागो, रातो धागो, सूर्य, अर्घा, वा शंख गाईको दूध, सेतो फुल दुबो राखेको (सितु दुगु द्वाफोस्वाँ) जौ, तिल, अक्षता, फूल, लावा, अभीर, धूपबत्ती, जजंका, रोटी, फलफूल, फलफूल टुक्रा, काठको पाठी, राय सर्स्यू, आगो राख्ने पाला, बच्चालाई लुगा, साँचो, पूजा थाली २, पानीको भाँडो, भिक्षा दिन चामल, फलफूल, पान पैसा ।

### (छ) बिवाह (इहिपाः) को लागि आवश्यक सामानः

### केटाको तर्फबाट सुपारी लाँदा चाहिनेः

पूजाथाली, दही, लुगा, फलफूल, किस्ति, रोटीको भाँडो (मरिकसी) दशवटा (१०) ठूलो सुपारी राख्ने थाल, चाँदीको सिन्दूर बट्टा, फुस्रो सिन्दूर, रातो कपडा, अरू इच्छा अनुसार किस्तिमा सामान राखेर लाने ।

### स्वयंवरमा केटीको तर्फबाट चाहिने सामानः

कलश, किसलि, द्वाफोस्वाँ कचा, धौपति, सुकुन्दा, सिन्हमू ज्वलान्हायक्‌ं, दही, फुस्रो सिन्दूर, दशवटा सुपारी, सिन्दूर वट्टा, रातो कपडा, फूलमाला, दुबोमाला, फूल, लावा, अभीर धूप बत्ती, अक्षता, रोटी फलफूल, फलफूलका टुक्रा, काठको पाठी, पूजाथाली, पानी भाँडो, दुलहालाई लगाई दिन औंठी ।

### केटापट्टिः

टीका मुछेको, फूलमाला, लावा, अभीर, ढोकामा दाँया-बायाँ गाग्री-२, दहि – २, दुलहीलाई लगाई दिने गहना ।

## दुलही अन्माउँदा केटा पट्टिबाट लाने सामान:

रातो कपडाले बेरेको सुपारीको वाता, पुतुग्वय् (रातो कपडामा सिलाएको सुपारी) आवश्यकताअनुसार, सिङ्गो दही सहितको पूजा थाली (क्वत:) ज्व:क्वत: (जोडी क्वत:)-२, त्यसमा राख्ने टीका फूल, अभीर, धूपबत्ती, जजंका, धौपति २ (दुवैमा राख्ने) पानको टुक्रा, सुपारी टुक्रा, नस्वाँ (जत्तामसी) कुमकुम, बट्टा एउटामा रोटी-१२, दँयपौ, त्यसमा दुबो राखेको सेतो फुल (द्वाफोस्वाँ) अक्षता, १२ वटा मोहर, कस्तुरी, तुतीबक्की, मोहर, दूफाँगा ।

## केटीको तर्फबाट:

पाला १२, धकि वा किस्ती, दाइजो राख्ने भाँडो, सिन्ह:मू ज्वलान्हाय्कं, थाय्भू (भातको ठाउँमा च्यूरा राख्ने बच्चा पास्नीमा जस्तै) लावा, अभीर, पूजा थाली, पानीको भाँडो, वाता ।

## केटाको तर्फबाट दुलही भित्र्याउँदा चाहिने सामान:

ढोकको दाँया बायाँ राख्न कलश २, त्वा:देवा २, सकुन्दा, पूजा थाल (क्वत:) सिङ्गो दही, राय सर्स्यू, काठको पाथी, फलफूल टुक्रा, लावा, अभीर, रेखी, साँचो, पानीको भाँडो (करुवा), भुइँमा ओछ्याउन सुकुल (माला वा कप्टेरो)

## ह्वंके गर्न आवश्यक सामान:

सुपारी वाता, पाला १२, धकि अथवा किस्ती, सिङ्गो दही, पूजा थाली (क्वत:) थाय्भू (बच्चा पास्नीमा जस्तै तर यस्मा च्यूरा राख्ने) काठके पाथी, फलफूल टुक्रा, लावा, अभीर सुकुन्दा, सूर्यलाई भाग (सूर्य ब्व), कलं ब्वं, पानीको भाँडो, हात धुन बाता, खाली पात - १

## (ज) बूढा पास्नी (ज्या: जंक्व) लाई चाहिने सामान:

कलश, किसलि, द्वाफोस्वां कचा, धौपति, सुकुन्दा, सिन्ह:मू ज्वलान्हाय्कं, दही, फुस्रो सिन्दूर, रथ, डोरी, नाङ्लो, कुचो, आसनलाई धान, चिना, फूलमाला, लावा, अभीर, धूप, बत्ती, सानो जनाई (जजंका) अक्षता, रोटी, फलफूल टुक्रा, काठको पाथी, लुगा पुनाय्चा, सुनको टीका, फित्ता (बेतालि), योमरी एक टपरी, तौला (तिलको लड्डु) एक टपरी, राय सर्यू, गोल राखेर आगोको पाला १, पूजा थाली (क्वत:), पानीको भाँडो, साँचो, पानको पत्ता ७, ल्वाङ्ग ७, सिङ्गो सुपारी ७, पैसा ७, क्वल्ला, काठको कप्टेरो, सेतो कपडा अरू दान गर्ने आफ्नो इच्छाअनुसार ।

### रथ बनाउँदा चाहिने सामान:

- ❖ भीमरथ घोडा भएको तान्न मिल्ने ।
- ❖ चन्द्ररथ सेतो हाँस भएको बोकेर लाने रथ ।
- ❖ देव रथ गरुड भएको तान्न मिल्ने ।

### दान गर्ने सामान:

- ❖ भीमरथ, अष्टचिरञ्जीवी र नवग्रह दान
- ❖ चन्दरथ सोह्रवटा (१६) चाँदीको चन्द्रमा दान
- ❖ देव रथमा सप्तर्षिको दान ।

## विभिन्न संस्कारको लागि आवश्यक सामाग्रीहरू


अक्षता


बेल


बोता


धूप


सुपारी


कालो तिल


जुँगे धान


कपूर


पूर्णपात्र (किसलि)


कुश


गेडामास


पाला


जौ


लावा


धान

## दार्शनिक लेखक स्व. बलदेव जुजुको परिचय



| | |
|---|---|
| **नाम** | **: बलदेव जुजु** |
| बुवा | : स्वः शाम्भवानन्द राजोपाध्याय |
| जन्मदिन | : नेपाल संवत् १०५५ तछलाथ्व पञ्चमी<br>वि.सं. १९९२ ज्येष्ठ शुक्ल पञ्चमी |
| शिक्षा | : आचार्य, न्यायदर्शन, नव्यन्यायाचार्य |
| पेशा | : सहप्राध्यापक, त्रि.वि. सेवा नेपाल |
| कार्यरत संस्था | : क्याम्पस चिफ, सरस्वती बहुमुखी क्याम्पस, काठमाण्डौ<br>अध्यापक, काठमाण्डौं क्याम्पस, काठमाण्डौ<br>अध्यापक, अन्नपूर्ण उच्च मा.वि., काठमाण्डौ ११-१२ तगितँक |
| समाजसेवा | : वैदिक प्रतिष्ठानया संस्थापक अध्यक्ष, |
| प्रकाशन पुस्तक | : १. नेवाः संस्कृति व नेवाः दर्शन<br>२. नेपाःया तान्त्रिक द्यः व तान्त्रिक पूजा<br>भाजु सुरेन्द्र मान श्रेष्ठ नाप जाना<br>३. कान्तिपुर - भाजु सुरेन्द्र मान श्रेष्ठ नाप जाना<br>४. नेवाःसंस्कृति व उकिया विधि<br>५. सच्छिगु मयाक्क दार्शनिक च्वसुत |

आज विश्वको आँखामा साँस्कृतिक नेपाल देशको छुट्टै पहिचान र अस्तित्व राख्नका लागि नेवाः संस्कृतिलाई अगाडि नल्याइ सम्भव नै छैन ।

**स्व. बलदेव जुजु**

Daya Foundation
दया फाउण्डेशन
Estd. 2009
For Education, Health & Culture

www.dayafoundation.org.np